annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १०५, पृष्ठ १० | काठमाडौं, बिहीबार २८ साउन २०८३ | श्रावण शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४६ | THURSDAY, AUGUST 13, 2026 | मूल्य : रु. १०

गेटामा जालझेल

अभियन्ता डा. गोविन्द केसीले जब साउन ७ बाट धनगढीमा आमरण अनशन सुरु गरे, सुदूरपश्चिमेली फेरि सशंकित बने। ३ सय शय्या अस्पतालसहित गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालयको अवधारणा फेरि तुहिने पो हो कि भनेर जनताले माग फेर्न केसीमाथि पनि दबाब बढाए। केसीले पनि माग फेरे, जनताका मागसँग मेल खाएपछि सरकारले उनीसँग सहमति गऱ्यो। तर, गेटामा अझै पनि ३ सय शय्याको अस्पतालसहित विश्वविद्यालय सञ्चालन गर्न नदिने 'ऐंजरु' कायमै रहेको स्थानीय बताउँछन्।

शिवराज भट्ट | *धनगढी*

समाचार पृष्ठ २

देउवा स्वदेश फर्किंदा के फरक पर्छ कांग्रेसमा ?

देउवाको आगमन र अदालतको आदेशले इतर पक्षको मनोबल बढेको छ।

राधा खनाल | *काठमाडौं*

कांग्रेस पूर्वसभापति शेरबहादुर देउवा बिहीबार दिउँसो नेपाल फर्किदैछन्। देउवा दिउँसो १२:२० बजे थाई एयरवेजमार्फत बैंकक हुँदै काठमाडौं आउने कार्यक्रम छ। उनको स्वागतका लागि कांग्रेसको इतर पक्षले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो संख्यामा नेता तथा कार्यकर्ता उतार्ने तयारी गरेको छ।

यसअघि देउवा राति ९:४५ बजे काठमाडौं आउने कार्यक्रम थियो। तर रातिको समयमा नेता, कार्यकर्ता विमानस्थलमा उपस्थित हुन कठिन हुने भन्दै इतर पक्षको आग्रहमा आगमन समय दिउँसो सारिएको कांग्रेस नेता डा. प्रकाशशरण महतले बताएका छन्। समय कार्यकर्ताकै लागि सारिएको हो ? भन्ने प्रश्नमा डा. महतले भने, 'हो, कार्यकर्तालाई विमानस्थल जान सहजताका लागि फ्लाइटको समय परिवर्तन गरिएको हो। सबैको आग्रहपछि सभापतिजीको रातिको कार्यक्रम परिवर्तन गरी दिउँसोको समय तय गरिएको हो।'

देउवा करिब ६ महिनापछि नेपाल फर्किन लागेका हुन्। गत फागुनमा थप उपचारका लागि सिंगापुर गएका उनी त्यसपछि हङकङ पुगे। केही महिना उनी हङकङमै बसे। पछिल्लो समय उनी विदेशमै रहेकाले कांग्रेसको आन्तरिक राजनीतिमा उनको भूमिका, पार्टीभित्रको शक्ति सन्तुलन र नेतृत्वसम्बन्धी विवाद थप पेचिलो बन्दै आएको छ।

देउवाको नेपाल आगमन भने यसपटक सामान्य घरफिर्तीमा मात्र सीमित छैन। उनी फर्किएको भोलिपल्ट अर्थात् साउन २९ मा देउवा पक्षले राष्ट्रिय भेला आयोजना गर्दैछ। त्यसैले विमानस्थलमा हुने स्वागतलाई समेत इतर पक्षले आफ्नो शक्ति, संगठनात्मक उपस्थिति र देउवाप्रतिको समर्थन प्रदर्शन गर्ने अवसरका रूपमा उपयोग गर्न खोजेको देखिन्छ।

विमानस्थलबाटै शक्ति प्रदर्शनको तयारी

पूर्वसभापति देउवालाई बाजागाजा र सांस्कृतिक झाँकीसहित स्वागतको तयारी गरिएको छ। बिहीबार स्वदेश फर्किन लागेका देउवालाई इतर समूहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बाजागाजा र सांस्कृतिक झाँकीसहित स्वागत गर्न लागेको हो। राष्ट्रिय भेलाका लागि गठन गरिएको सांस्कृतिक समितिका संयोजकले देउवाको स्वागतका लागि बाजागाजासहित सांस्कृतिक झाँकी निकाल्ने भएका हुन्।

» बाँकी पृष्ठ ६

खगेन्द्र सुनारको गम्भीर आरोपले चिढिए आईजीपी

अजवी पौड्याल | *काठमाडौं*

रास्वपा सांसद खगेन्द्र सुनारले घरबाट ३ करोड रुपैयाँ चोरी भएको र पोसाक खरिदमा भ्रष्टाचार गरेको भन्दै गम्भीर आरोप लगाएपछि प्रहरी महानिरीक्षक दानबहादुर कार्की कडा रूपमा चिढिएका छन्। बुधबार बसेको प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकमा प्रहरीको पोसाक खरिदमा भएको अनियमितताबारे छलफलका क्रममा सांसद सुनार र आईजीपीबीच दोहोरी चलेको हो।

बैठकमा बोल्दै रास्वपा सांसद सुनारले प्रहरीको पोसाक तथा सामग्री खरिदमा ठूलो अनियमितता भएको दाबी गर्दै गृहसचिव र आईजीपीलाई पदबाट हटाएर मात्रै निष्पक्ष छानबिन गरिनुपर्ने माग राखेका थिए।

'आईजीपी साबको घरबाट ३ करोड रुपैयाँभन्दा बढी चोरी भयो र चोरीमा संलग्न भनिएका मान्छेहरूलाई प्रहरीको विशेष ब्युरोले लगेर यातना दिइरहेको छ,' सांसद सुनारले आरोप लगाउँदै भने, 'आरोप लागेका व्यक्ति पदमै बसेर आफूविरुद्धको छानबिनमा प्रभाव पार्न सक्छन्। बर्दी लगाएर बसेर ल मलाई छानबिन गर भन्न पाइँदैन।'

सुनारले भ्रष्टाचारविरुद्ध प्रश्न उठाएबापत आफूलाई समितिबाट हटाए पनि आपत्ति नरहेको भन्दै आफ्ना भनाइ राखेर बैठकबाट बाहिरिएका थिए। सांसद सुनार आरोप लगाएर लगत्तै बैठक छाडेर हिँडेपछि अन्य सांसदहरूले आपत्ति जनाएका थिए। नेकपाका सांसद वर्षमान पुनले आरोपित गरेर बैठकबाट भाग्न नपाइने बताए।

» बाँकी पृष्ठ ५

एयरलाइन्सभित्र लैंगिक विभेदको मुद्दा अदालतदेखि आयोगसम्म

किरण अधिकारी | *काठमाडौं*

एकै कार्यालयमा कुनै कर्मचारीको अवकाश उमेर हद ४५ वर्ष, कसैको ६५ वर्षसम्म। सरकारले निजामती कर्मचारीको उमेर हद ५८ वर्षसम्म बनाउने गृहकार्य गरिरहेका बेला राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्समा कार्यरत क्याबिन क्रु (एयर होस्टेस)हरू भने आफूहरूलाई भेदभावपूर्ण तवरले ४५ वर्षमै घर पठाउन खोजिएको भन्दै न्यायको लडाइँमा छन्।

एयरलाइन्समा हालसालै मात्र ७८ वर्षीय कार्यकारी अध्यक्ष महेश्वरभक्त श्रेष्ठ भित्रिँदा सोही कार्यालयका २ जना वरिष्ठ विमान परिचारिकालाई भने ४५ वर्षे उमेर हदकै कारण घर पठाउन खोजिएको छ। यो दुई जनाको मात्र समस्या नभई त्यहाँ कार्यरत झन्डै २ सय जना क्याबिन क्रुलाई हुने अन्याय भन्दै उनीहरू अहिले आन्दोलित छन्।

यो मुद्दा यतिबेला श्रम अदालत र सर्वोच्च अदालतमा मात्र नभई हेलो सरकार र राष्ट्रिय मानव अधिकार आयोगसम्म पुगेको छ। वरिष्ठ विमान परिचारिकाद्वय प्रजिता कार्की र सिर्जना केसीले श्रम अदालतको फैसलाबाहिर कुल्चेर हटाउन लागिएको भन्दै क्याबिन क्रुहरू विभिन्न निकायमा पुगेका हुन्।

'यो हाम्रो आत्मसम्मानको लडाइँ हो। राष्ट्रिय ध्वजावाहक संस्थामा यति धेरै विभेद र दुर्व्यवहार हुनुहुँदैन। राज्यको ध्यान जानुपर्छ,' क्याबिन क्रु एसोसिएसनकी अध्यक्षसमेत रहेकी कार्कीले भनिन्, '७८ वर्षीय व्यक्तिले नेपाल एयरलाइन्स चलाउन सक्षम हुने अनि त्यहीँ ४५ वर्षीया एयर क्याबिन क्रुले काम गर्न नमिल्ने ?' अर्की विमान परिचारिका सिर्जना केसीले अदालतको आदेशलाई लत्याउँदै अवकाश दिने हो भने के-कति कारणले हामी असक्षम छौं, त्यसको जवाफ राज्यले दिनुपर्ने बताइन्।

'आफ्नो कार्यस्थलमा हुने दैनिक विभेदको अन्त्य, महिलामाथि हुने विभेद र महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ। त्यसका लागि पनि हाम्रो लडाइँ हो,' केसीले भनिन्।

क्याबिन क्रुहरूले पर्यटन मन्त्रालयले चाहेमा नियमावलीमा रहेको विभेदकारी व्यवस्था एकै दिनमा संशोधन गर्न सक्ने भन्दै विरोधका कार्यक्रमको तयारी गरिरहेका छन्। यो विषयलाई विभिन्न अधिकारकर्मी र निकायले समेत विरोध जनाएका छन्। सामाजिक सञ्जालमा समेत व्यापक आलोचना भएको छ। लैंगिकताका आधारमा कुनै पनि अवस्था र परिस्थितिमा विभेद गर्न नहुने उल्लेख गर्दै अधिकारकर्मी बन्दना राणाले नेपाल एयरलाइन्सको यो घटनाले अन्तर्राष्ट्रिय रूपमा लज्जास्पद अवस्था आउने बताइन्।

राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य लिली थापाले यो मुद्दामा आयोगले गम्भीरताका साथ अनुसन्धान र छानबिन गर्ने बताइन्। आफूले सर्वोच्चको निर्णयको पूर्णपाठ पढिनसकेको उल्लेख गर्दै थापाले भनिन्, 'वास्तवमै के कारण हो, अदालतले के व्याख्या गरेको छ भन्ने हेरेपछि मात्र एयरलाइन्सले निर्णय गर्नुपर्ने हो। काम गर्ने उमेरमा घर जा भनेर पठाउनुपर्ने अवस्था चिन्ताजनक हो।'

एयरलाइन्सका अध्यक्ष महेश्वरभक्त श्रेष्ठले भने नियमावलीकै व्यवस्थाअनुसार आफूहरूले काम गर्ने प्रतिक्रिया अन्नपूर्णलाई दिए।

> '७८ वर्षीय व्यक्तिले नेपाल एयरलाइन्स चलाउन सक्षम हुने अनि त्यहीँ ४५ वर्षीया क्याबिन क्रुले काम गर्न नमिल्ने ?'

गई एयरलाइन्सले सेवाबाट हटाउन खोजेको प्रतिक्रिया दिए।

कर्मचारी नियमावलीमा हाल कायम रहेको ५० वर्षसम्म सेवा गर्न पाउने व्यवस्था लागू गर्न माग गर्दै उनीहरू श्रम अदालत गएका थिए। उनीहरूलाई ४५ वर्षमै अवकाश दिइएपछि श्रममा पुगेका थिए। श्रमले दुवै जनालाई पुनर्बहाली गरेको थियो।

करार सेवामै भए पनि एयरलाइन्सका अन्य कर्मचारीको उमेर हद भने ६५ वर्षसम्म छ। साथै सेवा, सुविधा र कार्यस्थलमा समेत विभेद भएको भन्दै १ सय ४२ जना क्याबिन क्रुले सर्वोच्च अदालतमा बेग्लै रिट दायर गरेका थिए। उक्त रिटलाई गत साता सर्वोच्चले खारेज गरेको थियो। खारेजसम्बन्धी रिटको पूर्णपाठ नआएको र श्रमले तोकेको उमेर हदलाई समेत

नारायणी स्टिल्सका
उत्कृष्ट उत्पादनहरू
KEYAL GROUP

GI WIRE

SS PIPE

TMT RODS


JASTA PATA

NARAYANI STEELS

नारायणी स्टिल्स्
पर्सा, नेपाल, सम्पर्क : ९८५५०२१७३१, ९८५५०३३५०३

गेटा विज्ञान विश्वविद्यालयको गेट, खुल्ला त यसै वर्षदेखि ?

मन्त्रिपरिषद्ले कैलालीका सेती, लम्किचुहा र टीकापुर तथा कञ्चनपुरको महाकाली प्रादेशिक अस्पताललाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने भनेर निर्णय गरेको छ। हामी सम्झौताको तयारीमा लागेका छौं।

– डा. नीरज अर्याल
निमित्त सचिव, सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश

प्रदेश सरकारले गरेको निर्णय विश्वविद्यालयको सहजताका लागि हो। सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन २०८२ को दफा २० (२) मा पनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने भन्ने प्रावधान छ।

– डा. भीमबहादुर चन्द
रजिस्ट्रार, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय

विश्वविद्यालयलाई अन्त लैजाने, शिक्षण अस्पताल सञ्चालन र चिकित्सा शिक्षाको अध्ययनका बारेमा गरिने कुनै पनि बहाना सहय हुँदैन। यसै शैक्षिक सत्रदेखि चिकित्सा शिक्षाको पढाइ र कम्तीमा पनि ३ सय शय्याको अस्पताल सञ्चालन हुनुपर्छ। सुदूरपश्चिमका जनताको 'बटम लाइन' यही हो।

– लोकराज पाण्डे
संयोजक, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय संघर्ष समिति

शिवराज भट्ट | *धनगढी*

७ अर्बका भव्य संरचना, एक वर्षअघि नै संसदबाट कानुन पारित र ३ वर्षअघि नै ३०० शय्याको शिक्षण अस्पताल बनाउने मन्त्रिपरिषद्को निर्णय। तैपनि, कैलालीस्थित गेटामा न ३ सय शय्याको अस्पताल बनाइयो, न त विश्वविद्यालयको पढाइ नै सुरु भयो। जहिल्यै स्वार्थको राजनीतिले गिजोल्यो। माफियाले अनेक षड्यन्त्र रचे। त्यसैकारण गेटा लामो समयसम्म अनिश्चयको भुमरीमा फसिरह्यो। तर, सुदूरपश्चिमेलीको दबाब र समयको मागअनुसार अब गेटामा ३ सय शय्याको अस्पतालसहित विश्वविद्यालयस्तरको अध्ययन/अध्यापन हुने विश्वास जागेको छ। तर, जनता भने ढुक्क भइसकेका छैनन्। सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका रजिस्ट्रार डा. भीमबहादुर चन्द भने यसै वर्षदेखि ३ सय शय्याभन्दा बढीको अस्पताल सञ्चालनमा आउने दाबी गर्छन्। 'प्रदेश सरकारले चारवटा प्रादेशिक अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालका रूपमा उपयोग गर्न दिने भनी गरेको निर्णय विश्वविद्यालयको सहजताका लागि हो,' डा. चन्दले भने, 'सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन २०८२ को दफा २० (२) मा पनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान छ। तर, गेटामा यसै वर्षदेखि ३ सय शय्याभन्दा बढीको अस्पताल सञ्चालनमा आउँछ।'

उनले रक्षा मन्त्रालयअन्तर्गतको होल्डिङ सेन्टरका शय्याहरू विश्वविद्यालयलाई हस्तान्तरण गर्ने निर्णय भएको र केही दिनमा अस्पतालमा शय्या जडान हुने बताए। उनले चिकित्सा शिक्षाका लागि आफ्नै अस्पताल पनि हुने र प्रादेशिक अस्पतालमा पनि विशेषज्ञ चिकित्सक (प्राध्यापक डाक्टर) को निगरानीमा उपचार भयो भने राम्रै हुने बताए।

'अस्पतालमा शय्या जडान हुनु मात्रै स्वास्थ्य सेवा पाउनु होइन। त्यसका लागि विशेषज्ञ चिकित्सकहरू चाहिन्छन्, जुन हामीले छनोट गरिसकेका छौं। सहायक प्राध्यापकहरूको छनोट चलिरहेको छ। भदौको दोस्रो हप्ता चिकित्सा शिक्षा आयोगको टिम निरीक्षणका लागि आइरहेको छ। त्यसका लागि चाहिने सबै पूर्वाधारहरू तयार भएका छन्,' रजिस्ट्रार चन्दले भने।

उनले विश्वविद्यालय सञ्चालनका लागि बजेट पनि पर्याप्त रहेको बताए। 'हामीसँग एमआरआई र सिटी स्क्यानबाहेक सबै उपकरणहरू छन्। मोड्युलर ओटीहरू तयार छन्। प्याथोलोजीका केही उपकरण खरिद गर्नुपर्छ। चिकित्सा शिक्षा आयोगले विद्यार्थी छनोट गरेर भर्ना गर्दासम्म शिक्षण अस्पतालको पनि सबै काम सकिन्छ। म पनि सुदूरपश्चिमकै मान्छे हो, मलाई पनि यस क्षेत्रको स्वास्थ्यको समस्या थाहा छ। रातदिन नभनेर काम गरिरहेका छौं। गेटामै सुविधासम्पन्न शिक्षण अस्पताल हुन्छ,' उनले भने।

मेडिकल कलेज, प्रतिष्ठान कि विश्वविद्यालय ?
यसमै अल्झियो गेटा

एकथरी जानकारहरूले गेटामा मेडिकल कलेज मात्र बनाउने तर्क सुरुदेखि नै प्रस्तुत गरे। झन्डै ७ अर्बका संरचना बनिसकेका र प्रतिष्ठान अथवा विश्वविद्यालय बनाउँदा ढिलाइ हुने भएकाले त्यसलाई मेडिकल कलेजमात्र बनाउने तर्क उनीहरूको थियो। हुन पनि सुदूरपश्चिममा सरकारी र निजी लगानीको एउटा पनि मेडिकल कलेज थिएन। सुदूरपश्चिमका जनताको पहिलो प्राथमिकता भनेको सस्तो र विशेषज्ञ स्वास्थ्य सेवा थियो। त्यसैले मेडिकल कलेज नै भए पनि छिटो सञ्चालन भइदिए हुन्थ्यो भन्नेमा जनताको माग थियो।

सुदूरपश्चिमका अधिकांश जनता विशेषज्ञ सेवा वा गम्भीर खालको रोगको उपचारका लागि भारतका सीमावर्ती सहर जान बाध्य छन्। पछिल्लो एक दशकयता केही निजी अस्पतालहरूले उपचारका लागि भारत जानेको संख्या रोक्न केही हदसम्म सफलता पाए पनि, ट्रमा, गम्भीर दुर्घटना, मुटुको गम्भीर प्रकृतिका बिरामी भारत जान बाध्य छन्।

तर, अर्कोथरी अवधारणा आयो- सुदूरपश्चिममा अहिलेसम्म एउटा पनि सरकारी मेडिकल कलेज नभएकाले क्षतिपूर्तिसहित त्यसलाई स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउनुपर्छ। विश्वविद्यालय बन्नुपर्छ भन्ने पक्षकाहरूले मेडिकल शिक्षा र विशेषज्ञ स्वास्थ्य सेवा मात्रै होइन, अब त्यसलाई अनुसन्धानको केन्द्र बनाउनुपर्छ भन्ने मत राखे।

हुन त, ६ वटा प्रदेशमा सरकारी र निजी मेडिकल कलेजहरू सञ्चालन भइसकेका थिए। सुदूरपश्चिममा न सरकारी न निजी, एउटा पनि मेडिकल कलेज नभएकाले यस क्षेत्रका जनतामा सरकारप्रति आक्रोश थियो। सुदूरपश्चिमवासीले गेटामा बनेका भव्य पूर्वाधार र पर्याप्त जग्गा भएकाले पनि यसलाई विश्वविद्यालय बनाउन माग गरे।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको पालामा २०७९ साल माघ २९ गतेको मन्त्रिपरिषद् बैठकले गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय गऱ्यो। सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनसम्बन्धी विधेयक राष्ट्रिय सभाले २०८० साल माघ २९ गते नै पारित गरी प्रतिनिधिसभामा पठायो। तर, उक्त विधेयक १४ महिनासम्म प्रतिनिधिसभाको विधायन समितिमा दफावार छलफलका नाममा अड् काइयो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा २०८२ जेठ ४ गते मात्रै सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनसम्बन्धी विधेयक प्रतिनिधिसभाबाट पारित भयो। त्यसपछि मात्रै गेटामा विश्वविद्यालय सञ्चालनको कानुनी बाटो खुल्यो।

राजनीतिक तदारुकताको कमी

लामो समयसम्म मेडिकल कलेज, प्रतिष्ठान वा विश्वविद्यालयमध्ये के बनाउने भन्ने राजनीतिक बहसको भुमरीमा अल्झियो, गेटा। राजनीतिक दलहरूको तदारुकता देखिएन। गेटामा ७ अर्बका संरचना बनिरहेका बेला उनीहरूको प्राथमिकतामा पनि गेटा परेन। सुदूरपश्चिमले देशको नेतृत्व हाँक्ने नेताहरू जन्मायो, तर उनीहरूले सुदूरपश्चिमको स्वास्थ्य र मेडिकल शिक्षाका बारेमा चुनावी नारामात्रै बनाए।

जबकि डडेलधुराबाट चुनाव जित्दै पाँचपटक प्रधानमन्त्री भएका शेरबहादुर देउवाले गेटाभन्दा बढी प्राथमिकता आफ्नो गृह जिल्लालाई दिए। उपप्रधान तथा गृहमन्त्री बनेका भीम रावलको भूमिका पनि मेडिकल कलेजका पक्षमा खासै देखिएन। नयाँ सरकार बनेका बेला सुदूरपश्चिमबाट मन्त्री पद नपाउँदा प्रदेशलाई हेप्यो भनेर आन्दोलन गर्ने नेताहरूले सुदूरपश्चिमका जनताले सुलभ स्वास्थ्य सेवा पाएनन्, मेडिकल शिक्षा पाएनन् भनेर खासै आवाज उठाएको देखिएन। गृहदेखि विभिन्न मन्त्रालय सम्हालेका रमेश लेखक, तीनपटक मन्त्री भइसकेका लेखराज भट्ट, पटक-पटक मन्त्री भएका एनपी साउद, वीरबहादुर बलायर, प्रेम आले, दामोदर भण्डारी, आरजु देउवा, बद्री पाण्डे, कर्णबहादुर थापालगायत नेताहरू आआफैं राजनीतिक रोटी सेक्नमै व्यस्त भए।

गेटामा के सञ्चालन हुने ? भनेर बहस चलिरहेका बेला देउवाले त सुदूरपश्चिम विश्वविद्यालयसँग सम्बन्धन लिएर डडेलधुरामा मेडिकल कलेज सञ्चालन गराइछाडे। एमबीबीएसको पढाइ सुरु नभए पनि अहिले डडेलधुरा मेडिकल कलेजमा मेडिकल शिक्षाका स्नातक तहका बीएससी नर्सिङ; बीएससी पब्लिक हेल्थ (बीपीएच) र ल्याब टेक्नोलोजीको पढाइ भइरहेको छ।

डडेलधुरामा पनि मेडिकल कलेज सञ्चालन हुनुपर्छ। सुदूरपश्चिमका ७ पहाडी जिल्लाको पायक पर्ने स्थान डडेलधुरा हो। त्यहाँ एमबीबीएस र पीजीको पनि पढाइ हुनुपर्छ, तर गेटामा चुट्कीको भरमा विश्वविद्यालय सञ्चालन गराउन सक्ने हैसियतका देउवाको भूमिका यसबारेमा शून्य प्राय: देखियो।

डा. केसीले जब माग बदले



पछिल्लो समय अभियन्ता डा. गोविन्द केसी धनगढीमा अनशन बसे। उनले अनशन बसेका बेलाको सुरुवातमा उनको माग कैलालीको गेटामा विश्वविद्यालय सञ्चालन हुनुहुँदैन भन्ने आशयको थियो। तर सुदूरपश्चिमका जनताले गेटामा सञ्चालन हुन लागेको विश्वविद्यालयलाई असर पर्ने गरी आन्दोलन नगर्न भन्दै केसीलाई दबाब दिएपछि डाक्टर केसीका मागहरू फेरिए।

उनले गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा यसै वर्षदेखि एमबीबीएसको पढाइ र तीन सय शय्याको अस्पताल सञ्चालन हुनुपर्ने मुख्य माग राखे। उनले राखेका माग र सुदूरपश्चिमका जनताले राखेका मागहरू मिलेपछि सरकारले डाक्टर केसीसँग गेटामा यसै वर्षदेखि मेडिकल शिक्षा र ३ सय शय्याको अस्पताल सञ्चालन गर्ने सहमति गरेको छ। उक्त सहमतिपछि डाक्टर केसीले अनशन तोडेका थिए।

मुलुकको इतिहासमा गेटा पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालयका रूपमा अघि बढ्दैछ। त्यसैकारण कतै फेरि गेटाको विश्वविद्यालय खोसेर अन्यत्र लैजाने षड्यन्त्र त भइरहेको छैन भनेर जनतामा आशंका छ। गेटामा पूर्वाधार बन्ने बेलादेखि नै यसको पक्षमा सक्रिय रूपमा देखिएका सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय संघर्ष समितिका अध्यक्ष लोकराज पाण्डे भन्छन्, 'यो वा त्यो बहानामा सुदूरपश्चिमको गेटामा स्थापना भएको स्वास्थ्य विज्ञान विश्वविद्यालय अन्त लैजाने चलखेल भएको भान हुन थालेको छ। तर यस क्षेत्रका जनता त्यो हुन दिनेवाला छैनन्।'

उनले गेटामा सञ्चालनको अन्तिम चरणमा रहेको स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई अन्यत्र लैजाने, अस्पताल सञ्चालन गर्न अनेक बहाना गर्ने, चिकित्सा शिक्षाको अध्ययनका बारेमा गरिने कुनै पनि बहाना सह्य नहुने बताए। 'यसैपालिदेखि चिकित्सा शिक्षाको पढाइ र कम्तीमा पनि ३ सय शय्याको अस्पताल सञ्चालन हुनुपर्छ,' उनले भने, 'सुदूरपश्चिमका जनताको 'बटम लाइन' यही हो। यसको दायाँबायाँ निर्णय भए सह्य हुँदैन, सुदूरपश्चिम आन्दोलनमा होमिन्छ।'

पुष्पकमल दाहालका पालामा विश्वविद्यालय घोषणा भए पनि त्यसपछिका प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा विश्वविद्यालयको विधेयक १४ महिनासम्म पास नहुनु पनि गेटा ओझेलमा पर्नुको अर्को कारण हो। १४ महिनासम्म विधेयक विधायन समितिमा रह्यो। सुदूरपश्चिमका जनताले आन्दोलन गरेपछि बल्ल त्यो विधेयक प्रतिनिधि सभामा छलफलका लागि पेस गरिएको हो।

मेडिकल माफियाको चलखेल

सहिद दशरथ चन्द विश्वविद्यालय सञ्चालनसम्बन्धी ऐन २०८२ साल जेठ ४ गते पारित भयो। तर, त्यसभन्दा अघिदेखि नै गेटामा ३ सय शय्याको अस्पताल बन्न नदिने र मेडिकल शिक्षाको पढाइ रोक्न माफियाहरूले जालझेल रचेका थिए। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ०७९ जेठ ३० गते गेटामा ३ सय शय्याको अस्पताल सञ्चालनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लग्यो। २०७९ साल जेठ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले गेटामा मेडिकल कलेज सञ्चालनका लागि ३ सय शय्याको शिक्षण अस्पताल सञ्चालन गर्ने निर्णय गऱ्यो।

'गेटामा तत्काल कम्तीमा ३ सय शय्याको अस्पताल सञ्चालन गर्ने, उक्त कार्य गर्नका लागि अस्पताल निर्देशक पद सिर्जना गरी सो पदमा नेपाल स्वास्थ्य सेवाको ११औं तहको कर्मचारी काजमा खटाउने र निर्देशकलाई मेडिकल कलेज पूर्वाधार निर्माण समितिले अधिकार प्रत्यायोजन गर्ने,' २०७९ जेठ ३१ मा गरिएको मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ।

तर ३ सय शय्याको अस्पताल कागजमा मात्र सीमित रह्यो। गेटामा अस्पताल त सञ्चालनमा आयो, मात्र ५० शय्याको। १ सय ४४ जना कर्मचारी करारमा नियुक्त गरिए। अस्पताल निर्देशक पनि खटाइए। अस्पताल निर्देशकहरूले अस्पतालका उपकरण खरिदमा बढी आँखा गाढेका कारण उनीहरू विवादमा पर्दै सरुवा माग्न थाले। सुरुमा आएका निर्देशक डाक्टर प्रमोद जोशी उपकरण खरिदको टेन्डरसमेत रद्द गरी सरुवा मागेर संघीय राजधानी काठमाडौं हानिए। त्यसपछिका निर्देशक डाक्टर अशोक श्रीपाइली केही दिनमै राजीनामा दिएर सेती प्रादेशिक अस्पतालमै फर्किए। त्यसपछि सरुवा भएर आएका डाक्टर प्रमोद यादव पनि उपकरण खरिद विवादमा परे। यादवका पालामा भएका खरिदका फाइलहरूमाथि अख्तियारले अनुसन्धान गरिरहेको छ। '२०७९ सालमै गेटामा तीन सय शय्याको अस्पताल सञ्चालनको अनुमति छ तर अस्पताल सञ्चालन भएन। यसमा केही मेडिकल माफियाको स्वार्थ जोडिएको हुन सक्छ,' गेटा अस्पतालमा कार्यरत एक जना स्वास्थ्यकर्मीले भने, 'त्यसैकारण ५० शय्यामा मात्र सीमित राखियो।'

विश्वविद्यालयले प्रादेशिक अस्पताल उपयोग गर्न पाउने

गेटामा विश्वविद्यालय सञ्चालन भएपछि सुदूरपश्चिम प्रदेश सरकारले आफूमातहतका चारवटा प्रादेशिक अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालका रूपमा उपयोग गर्न दिने निर्णय गरेको छ। ०८३ साउन २१ गते बसेको सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, टीकापुर प्रादेशिक अस्पताल र लम्किचुहा प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा उपयोग गर्न दिने निर्णय गरेको हो।

'सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कैलालीका तीनवटा र कञ्चनपुरको महाकाली प्रादेशिक अस्पताललाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने भनेर मन्त्रिपरिषद्ले निर्णय गरेको छ। मन्त्रिपरिषद्ले त्यसको सम्झौताका लागि सामाजिक विकास मन्त्रालयलाई अधिकार दिएको छ। हामीले चारवटै प्रादेशिक अस्पतालका मेसुहरू बोलाएका छौं। उहाँहरूको सुझावसहित केही दिनमा विश्वविद्यालयसँग सम्झौता हुन्छ,' सामाजिक विकास मन्त्रालयका निमित्त सचिव डा. नीरज अर्याललले भने।

उनले प्रदेश सरकारमातहतका प्रादेशिक अस्पतालहरूलाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने निर्णय मात्रै भएको बताए। 'कतिपयमा चारवटै अस्पताल विश्वविद्यालयलाई दियो भन्ने भ्रम पनि भएको रहेछ। प्रादेशिक अस्पतालहरू प्रदेश सरकारमातहतकै अस्पतालका रूपमा रहनेछन्, विश्वविद्यालयलाई शिक्षण अस्पतालका रूपमा आवश्यक परे उपयोग गर्न दिने मात्रै निर्णय भएको हो,' निमित्त सचिव अर्याललले भने।

विश्वविद्यालयले चारवटा प्रादेशिक अस्पतालहरूलाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्ने निर्णय भएपछि सामाजिक सञ्चाल पनि तातेको छ। कतिपयले यसलाई ६ सय शय्या क्षमताको अस्पताल भवन बनिसकेको गेटामा, विश्वविद्यालयको आफ्नै अस्पताल बन्न नदिने मेडिकल माफियाको षड्यन्त्र भनेका छन्। प्रदेशवासीको त्यो आशंका स्वाभाविक पनि हो। २०७९ सालमै संघीय सरकारले गेटामा ३ सय शय्याको अस्पताल बनाउने निर्णय गरेको थियो। तर त्यसपछि गेटामा ५० शय्यामात्रै सञ्चालनमा आयो।

यसै शैक्षिक सत्रदेखि एमबीबीएसको पढाइ

गेटा मेडिकल विश्वविद्यालयले यसै शैक्षिक सत्रदेखि एमबीबीएससहितका स्नातक तहका चार विषयको पढाइ गर्ने तयारी गरेको छ। विश्वविद्यालयका रजिस्ट्रार डा. भीमबहादुर चन्दले ५० जना एमबीबीएस, ३० जना बीएससी नर्सिङ; २० जना बीएससी एमएलटी र २० जना बीएससी अप्टोमेट्री गरी १ सय २० जनाको पढाइका लागि तयारी भएको बताए। एमबीबीएसतर्फ अरू सरकारी मेडिकल कलेजजस्तै यहाँ पनि ७५ प्रतिशत छात्रवृत्ति र २५ प्रतिशत सशुल्क पढाइ हुनेछ। 'एमबीबीएसको ७५ प्रतिशत अथवा ३७ जना र अन्य विषयको पनि ७५ प्रतिशत छात्रवृत्तिका लागि ८ करोड रकमको स्रोत सुनिश्चितता भइसकेको छ,' उनले भने।

आजको राशिफल

ज्यो. पं. मुकेश काफ्ले

मेष
काममा नयाँ अवसर प्राप्त हुन सक्छ। आर्थिक पक्ष राम्रो रहनेछ। बोलीमा संयम अपनाउनुहोस्।
शुभ रंग: रातो
शुभ अंक: ९

मिथुन
नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। यात्राको योग रहेको छ। अनावश्यक खर्चबाट बच्नुहोस्।
शुभ रंग: हरियो
शुभ अंक: ५

सिंह
प्रतिष्ठा बढ्ने समय रहेको छ। व्यवसायमा नयाँ सम्भावना देखिन सक्छ।
शुभ रंग: रातो
शुभ अंक: १

तुला
नयाँ सम्पर्कले फाइदा पुऱ्याउन सक्छ। प्रेम तथा सम्बन्धमा सुखद समाचार मिल्नेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

धनु
भाग्यले साथ दिने दिन रहेको छ। अध्ययन तथा काममा प्रगति हुनेछ। लामो यात्रा लाभदायक हुन सक्छ।
शुभ रंग: पहेँलो
शुभ अंक: ३

कुम्भ
नयाँ योजना सुरु गर्न अनुकूल समय रहेको छ। साथीभाइबाट सहयोग मिल्नेछ।
शुभ रंग: नीलो
शुभ अंक: ४

वृष
रोकिएका कामहरू अघि बढ्नेछन्। व्यापारमा लाभ मिल्न सक्छ। पारिवारिक सहयोग प्राप्त हुनेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

कर्कट
मेहनतको राम्रो प्रतिफल प्राप्त हुनेछ। धनसम्बन्धी काममा सफलता मिल्न सक्छ।
शुभ रंग: सेतो
शुभ अंक: २

कन्या
काममा व्यस्तता बढ्नेछ। आर्थिक लाभको सम्भावना छ। परिवारसँग समय बिताउनु राम्रो हुनेछ।
शुभ रंग: हरियो
शुभ अंक: ५

वृश्चिक
प्रतिस्पर्धामा सफलता मिल्न सक्छ। रोकिएको धन प्राप्त हुने सम्भावना छ। रिसलाई नियन्त्रणमा राख्नुहोस्।
शुभ रंग: रातो
शुभ अंक: ९

मकर
जिम्मेवारी बढ्नेछ, तर मेहनतअनुसार फल प्राप्त हुनेछ। आर्थिक अवस्था सुधारिनेछ। धैर्य राख्नुहोस्।
शुभ रंग: नीलो।
शुभ अंक: ८

मीन
मनमा उत्साह बढ्नेछ। पारिवारिक वातावरण सुखद रहनेछ।
शुभ रंग: पहेँलो
शुभ अंक: ७

जनआस्था सम्पादक किशोर श्रेष्ठ पक्राउ

ललितपुर (अन्नपूर्ण): प्रहरीले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई पक्राउ गरेको छ।

वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धानका लागि श्रेष्ठलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनलाई बुधबार साँझ ललितपुरको बागडोलबाट पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले जानकारी दिए।

जिल्ला प्रहरी परिसर काठमाडौंमा उनीविरुद्ध वैयक्तिक गोपनीयता ऐनसम्बन्धी कसुरमा जाहेरी दर्ता भएको प्रहरीको भनाइ छ। साउन २५ मा जनआस्था डटकममा सप्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसद अमरकान्त चौधरीसँग सम्बन्धित समाचारमा जोडिएकी महिलाले जाहेरी दिएको प्रहरी स्रोतको भनाइ छ।

चार महिनामै पुग्न छोड्यो संसद्मा गणपूरक संख्या

सुरेन्द्र काफ्ले | *काठमाडौं*

काठमाडौं प्रतिनिधिसभाको कार्यकाल सुरु भएको चार महिना नपुग्दै बैठकमा गणपूरक संख्या पुग्न छाडेपछि संसद्को प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ। बैठकमा सांसदहरूको न्यून उपस्थितिलाई लिएर आलोचना सुरु हुन थालेको छ। झन्डै दुई तिहाइ बहुमत प्राप्त सरकारका विधेयकमाथिको निर्णय प्रक्रियामा समेत गणपूरक संख्या नपुग्नु संसदीय अभ्यासकै लागि गम्भीर विषय भएको सरोकारवालाहरूको भनाइ छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा गणपूरक संख्या नपुगेपछि 'खानी तथा खनिज पदार्थ विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने सरकारी प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन सकेन। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारीले उक्त प्रस्ताव प्रस्तुत गरेकी थिइन्। तर प्रस्तावमाथि निर्णय गर्न आवश्यक संख्या नपुगेपछि बैठक स्थगित गर्नुपर्ने अवस्था आयो। संसद् बैठक भदौ १ गतेसम्मका लागि स्थगित गरिएको छ। एमालेका पूर्वमुख्यसचेतक महेशकुमार बर्तौलाले नयाँ संसद्को कार्यकाल प्रारम्भ भएको चार महिनामै यस्तो अवस्था आउनु दुर्भाग्यपूर्ण भएको बताए। उनका अनुसार गणपूरक संख्या नपुगेर निर्णयार्थ प्रस्तुत हुन नसक्नु सामान्य घटनामात्र नभएको बर्तौलाको टिप्पणी छ। 'सरकार आफ्नै, बहुमत आफ्नै, विधेयक आफ्नै तर दुर्भाग्य संसद्मा आफ्नै सांसद छैनन्। विशेषत: सत्तारूढ दल रास्वपाका सांसदहरूको संसदीय जिम्मेवारीप्रतिको बेवास्तालाई यस घटनाले गम्भीर रूपमा उजागर गरेको छ,' उनले भने।

बर्तौलाले चार महिनामै देखिएको सांसदहरूको यस्तो प्रवृत्तिले सत्तारूढ दलको संसदीय गम्भीरता, अनुशासन र जिम्मेवारीबोधमाथि प्रश्न उठाएको बताए। सरकारी प्रस्तावलाई निर्णयको चरणमा पुऱ्याउने मुख्य दायित्व सरकार र सरकार पक्षकै हुने उनको भनाइ छ। 'संसदीय प्रक्रिया र कामप्रति अनुत्तरदायी तथा निष्क्रिय सांसदहरूबाट प्रभावकारी संसद् सम्भव हुँदैन। कमजोर संसद्बाट जनअपेक्षा पूरा गर्न र सरकारलाई प्रभावकारी रूपमा जवाफदेही बनाउन पनि सकिँदैन,' बर्तौलाले भने, 'संसद् बैठकमै सांसद उपस्थित हुँदैनन् भने संसद् कसरी प्रभावकारी हुन सक्छ?'

उनका अनुसार पछिल्लो समय केही सांसदको ध्यान संसद्को नियमित कामकारबाहीभन्दा भाषण, सामाजिक सञ्जाल र सञ्चारमाध्यमका लागि सामग्री निर्माण गर्नेतर्फ बढी केन्द्रित भएको देखिन्छ। 'भाषण गर्ने, सामाजिक सञ्जाल र मिडियाका लागि कन्टेन्ट बनाउने अनि बैठक नसकिँदै निजी प्राथमिकताका लागि टाप कस्ने प्रवृत्तिले संसदीय मर्यादा कसरी कायम रहन्छ?' उनले प्रश्न गरे। संसद् कानुन निर्माण गर्ने सर्वोच्च विधायिकी थलो भएकाले सांसदहरूको उपस्थितिलाई सामान्य विषयका रूपमा लिन नहुने उनको भनाइ छ। सार्वजनिक प्रचारका लागि सामाजिक सञ्जालमा सामग्री बनाउने मञ्चका रूपमा संसद्लाई बुझ्न नहुने उनले बताए।

'संसद् कानुन निर्माण गर्ने सर्वोच्च विधायिकी थलो हो, सामाजिक सञ्जाल र सार्वजनिक मिडियाका लागि निजी प्रचारमुखी कन्टेन्ट बनाउने मञ्चमात्र होइन,' बर्तौलाले भने। नयाँ संसद्को कार्यकाल सुरु भएको छोटो अवधिमै देखिएको सांसदहरूको सार्वजनिक व्यवहार, विलासी प्रदर्शन र संसद्को बैठकमा देखिएको न्यून उपस्थितिले 'राइट पर्सन इन राइट प्लेस'को सिद्धान्तमाथि समेत प्रश्न उठाएको उनले बताए। उनका अनुसार सांसद बन्नु भनेको चुनाव जित्नु मात्र होइन। जिम्मेवारी पूरा गर्ने नैतिकता, अनुशासन र कर्तव्यनिष्ठा पनि सांसदका आधारभूत गुण हुन्। 'आफूले बोलेको कुराप्रति आफैं जवाफदेही नहुने सांसदले अरूलाई नैतिकता र जिम्मेवारीको पाठ पढाउन सुहाउँदैन। पहिला सांसद आफैं जिम्मेवार, नैतिक र कर्तव्यनिष्ठ हुनुपर्छ अनि मात्र अरूलाई प्रश्न गर्ने नैतिक अधिकार सुरक्षित रहन्छ,' उनले भने। संसद्मा सांसदहरूको उपस्थिति र सहभागिताप्रति समयमै ध्यान नदिए जनतामा संसद्प्रतिको विश्वास थप कमजोर हुन सक्ने उनको चेतावनी छ।

सत्तारूढ दलभित्रै संसदीय अभ्यासप्रति असन्तुष्टि

संसद्को कामकारबाहीप्रति असन्तुष्टि प्रतिपक्षमा मात्र छैन। सत्तारूढ रास्वपाभित्रै पनि संसदीय अभ्यास प्रभावकारी हुन नसकेको भन्दै प्रश्न उठिरहेको छ। रास्वपाका महामन्त्री एवं सांसद विपिनकुमार आचार्यले मंगलबार प्रतिनिधिसभाको बैठकमै संसद्को कामकारबाही कर्मकाण्डी बन्दै गएको टिप्पणी गरेका थिए। उनले संसद्को अभ्यासलाई थप सिर्जनशील, प्रभावकारी र जनमुखी बनाउन संसदीय सुधार समिति गठन गर्न प्रस्ताव गरेका थिए। आचार्यले आफूले लामो समयदेखि संसद्को अभ्यास कर्मकाण्डी बन्दै गएको विषय उठाउँदै आएको बताए। 'मैले धेरैपटक यो संसदीय अभ्यास कर्मकाण्डी भयो भन्दै आएको छु। संसद्मा पनि बोलेको छु, बाहिर पनि बोलेको छु,' उनले भनेका थिए। उनले वर्तमान संसदीय अभ्यासबाट सांसदहरू नै कति सन्तुष्ट छन् भन्ने विषयमा सर्वेक्षण गर्नुपर्ने प्रस्तावसमेत अघि सारेका थिए। 'अब एकपटक सबै सांसदहरूबीच सर्वेक्षण गर्नुपर्छ। के हामी सबै सांसद अहिलेको संसदीय अभ्यासबाट खुसी छौं? के हाम्रो क्षमतालाई अहिलेको संसदीय अभ्यासले सदुपयोग गरेको छ?' उनले प्रश्न गरेका थिए।

एमाले बागमती संसदीय दलमा विवाद उत्कर्षमा

थपलियाविरुद्ध अविश्वास प्रस्ताव दर्ता

मकवानपुर (अन्नपूर्ण) : नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलभित्रको आन्तरिक विवाद सतहमै पोखिएको छ। दलका नेता जगन्नाथ थपलियालाई पदबाट हटाउन माग गर्दै १६ जना सांसदको लिखित हस्ताक्षरसहित अविश्वासको प्रस्ताव दर्ता भएको छ।

बुधबार हेटौंडास्थित प्रदेशसभा सचिवालय र एमाले संसदीय दलको कार्यालयमा अविश्वास प्रस्ताव दर्ता गराइएको हो। केही दिनदेखि अस्वस्थ भई अस्पताल भर्ना भएका दल नेता थपलिया मंगलबारमात्रै डिस्चार्ज भएका थिए।

उनी अस्वस्थ रहँदा अविश्वास प्रस्ताव अघि नबढाउने बताएको पूर्वमन्त्री किरण थापामगर पक्षले थपलिया बुधबार साँझ चितवन फर्कने तयारीमा रहेकै बेला अचानक प्रस्ताव दर्ता गराएको हो। संसदीय दलको विधानअनुसार यस्तो प्रस्ताव उपनेताले दर्ता गर्ने प्रावधान रहे पनि उपनेता पद खाली रहेकाले कार्यालय सहयोगी सुशीला खतिवडामार्फत प्रस्ताव दर्ता गरिएको छ। बागमती प्रदेशसभामा एमालेका २७ सांसद रहेकोमा १६ जनाले लिखित हस्ताक्षर गरेका छन्। थापाको पक्षमा उभिने सांसदहरूमा आनन्दकुमार श्रेष्ठ, कृष्णप्रसाद सिलवाल, जयराम थापा, डा. दिनेशचन्द्र देवकोटा, प्रेमभक्त महर्जन, विन्दु श्रेष्ठ, भरतबहादुर केसी, भारतीकुमारी पाठक, माइली तामाङ, मायाकुमारी कार्की, रघुनाथ महर्जन, रामेश्वर श्रेष्ठ, शकुन्तला श्रेष्ठ, हरिप्रसाद सापकोटा र ज्ञानबहादुर तामाङ रहेका छन्।

कोशी प्रदेश सरकारबाट बाहिरियो कांग्रेस

भरत खड्का | *विराटनगर*

कोशी प्रदेश सरकारबाट नेपाली कांग्रेस बहिरिएको छ। बुधबार मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री कार्यालय विराटनगरमा कांग्रेसका सबै मन्त्रीहरूले सामूहिक राजीनामा बुझाएका हुन्।

झन्डै दुई वर्षपछि कांग्रेस सरकारबाट बाहिरिएसँगै अब कोशी प्रदेश सरकारको प्रमुख प्रतिपक्ष दलको भूमिकामा रहनेछ। प्रमुख प्रतिपक्ष दलको भूमिकामा रहेको नेपाल कम्युनिस्ट पार्टी र सत्तामा रहेको नेकपा एमालेबीच केन्द्रीय नेतृत्वमा प्रदेश सरकारको समीकरण गर्ने विषयमा समझदार भएसँगै कांग्रेस बुधबार औपचारिक रूपमा सरकारबाट बाहिरिएको हो।

सरकारबाट बाहिरिनु अघि मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विराटनगरस्थित मुख्यमन्त्री कार्यालयमा आयोजना गरिएको मन्त्रिपरिषद्को बैठक उनीहरू सहभागी रहेका थिए। त्यसक्रममा मुख्यमन्त्री कार्कीले अहिलेसम्मको सहकार्यका लागि धन्यवाद व्यक्त गरेका थिए।

प्रदेश सरकारको समीकरणका लागि एमाले र नेकपाबीच समझदारी भएसँगै नेपाली कांग्रेस संसदीय दलले सरकारबाट बाहिरिन आफ्ना मन्त्रीहरूलाई निर्देशन दिएको काग्रेस संसदीय दलका नेता उद्धव थापाले बताए। कोशी प्रदेश सरकारमा कांग्रेसबाट चार मन्त्री र एक राज्यमन्त्री थिए। कांग्रेसबाट भौतिक पूर्वाधार विकासमन्त्री प्रदीपकुमार सुनुवार, पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली, उद्योग, कृषि तथा सहकारीमन्त्री इम्राइल मन्सुरी, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू र भौतिक पूर्वाधार विकास मन्त्रालयका राज्यमन्त्री शोभा चेम्जोङथिए।

कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार २०८१ भदौ २८ गते कोशी सरकारमा कांग्रेस सहभागी भएको थियो। त्यसपछि दोस्रोपटक मन्त्रिपरिषद् पुनर्गठन गर्दा २०८२ पुस २२ गते उनीहरू मन्त्री नियुक्त भएका थिए। केन्द्रमा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच गठबन्धन गर्न साउन दोस्रो सातामा तीनबुँदे सहमति भएपछि कांग्रेस प्रदेश सरकारबाट बाहिरिएको हो।

डिम्ब तथा शुक्रकीट दानसम्बन्धी संकल्प प्रस्ताव दर्ता

काठमाडौं (अन्नपूर्ण): डिम्ब तथा शुक्रकीट दान सम्बन्धी संकल्प प्रस्ताव संसद्मा दर्ता भएको छ।

राष्ट्रिय सभा सदस्य मदनकुमारी शाह (गरिमा) मा प्रस्तावक रहेको संकल्प प्रस्तावमा सांसदहरू कमला देवी पन्त, झक्कुप्रसाद सुवेदी, प्रेमप्रसाद दंगाल, मोहम्मद खालिद, तुलप्रसाद विश्वकर्मा, खम्मबहादुर खाती र अञ्जान शाक्य समर्थक छन्।

संकल्प प्रस्तावमा सहायक प्रजनन प्रविधिको प्रयोगलाई नियमन गर्ने सम्बन्धी कानुन निर्माण गर्न सरकारलाई निर्देशन दिनुपर्ने उल्लेख छ।

प्रस्तावमा भनिएको छ, 'चिकित्सा विज्ञानको विकासले मानव जीवनलाई कतिपय अवस्थामा सुरक्षित, सहज, मर्यादित र ऊर्जावान बनाएको छ भने कतिपय अवस्थामा यसको दुरुपयोगले मानव शोषण र मानव मार्थि अपराध पनि गरेको छ।'

लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०४/२८ गते

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न **ऋणी शैलेश्वरी मल्टि सप्लायर्सको हकमा** मिति २०८१/१०/११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/१२/१४ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा लिलाम बिक्री सम्बन्धि १५ दिने सूचना र मिति २०८२/०५/१९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा लिलाम बिक्री सम्बन्धि ७ दिने धितो लिलाम बिक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित र **ऋणी कुटेश्वर फर्निचर सप्लायर्सको हकमा** मिति २०७९/०७/१८ गतेको अन्नपूर्ण पोस्ट् दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित र मिति २०८०/०३/०१ गतेको नागरिक दैनिक पत्रिकामा १५ दिने र मिति २०८०/०४/१२ गतेको नागरिक दैनिक पत्रिकामा ७ दिने धितो लिलाम बिक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्द समेत ऋण कर्जाको साँवा,ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदी) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्धारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

चैनपुर शाखा :

(१) ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते : शैलेश्वरी मल्टि सप्लायर्स (प्रो. सिता कुमारी भट्ट)
दर्ता नं. : २४३७/०७६/७७, दर्ता मिति : २०७६/१०/१९ (नेपाल सरकार, घरेलु तथा साना उद्योग विकास समिति, चैनपुर बझाङ्ग), पान नं. : ६१३०४३२५२, ठेगाना : जयपृथ्वी न.पा.-१०, चैनपुर बझाङ्ग

व्यक्तिगत जमानीकर्ताहरुको नाम, थर, ठेगाना र तिनपुस्ते :
(क) सिता कुमारी भट्ट, ससुरा : शिवलाल उपाध्याय, पति : नवराज पाध्याय
(ख) नवराज पाध्याय, बाजे : नन्द राम उपाध्याय, बाबु : शिव लाल उपाध्याय
(ग) सुनिता कुमारी पाठक, ससुरा : शिवलाल उपाध्याय, पति : नवराज पाध्याय
(घ) केशव राज उपाध्याय, बाजे : शिवलाल उपाध्याय, बाबु : नवराज पाध्याय
ठेगाना : जयपृथ्वी न.पा. वडा नं. १०, बझाङ्ग ।

कर्जा शिर्षक : व्यापार ओभरड्राफ्ट कर्जा

धितो सुरक्षणको विवरण :
(क) श्री नन्द राम उपाध्यायको नाती, शिव लाल उपाध्यायको छोरा, जिल्ला कञ्चनपुर, बेल्डाडी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भएको वर्ष ४८ को श्री नवराज पाध्यायको नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता स्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, शंकरपुर गा.वि.स. वडा नं. ७, स्थित कि.नं. ४३८,४३९ र ६०८ को क्षेत्रफल क्रमशः २०२२.५०, २०२२.५० र २२२१.६३ व.मि. र बेल्डाडी गा.वि.स. वडा नं. ८ स्थित कि.न. १०२५ को क्षेत्रफल ९०३.०० व.मि. भएको घरजग्गा तथा सो घरजग्गाहरुले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
(ख) श्री शिव लाल उपाध्यायको बुहारी, नवराज पाध्यायको श्रीमती, जिल्ला डोटी, चवराचौतारा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भएको वर्ष ४२ को श्री सुनिता कुमारी पाठकको नाममा मालपोत कार्यालय बझाङ्गमा दर्ता स्रेस्ता कायम रहेको बझाङ्ग जिल्ला, चैनपुर गा.वि.स. वडा नं. १, स्थित कि.नं. १०९८ को क्षेत्रफल ११० व.मि. भएको जग्गा र सो जग्गामा बनेको ३,४१७.०८ ब.फि. क्षेत्रफल भएको घर तथा सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

पालुङ्ग शाखा :

(१) ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते : कुटेश्वर फर्निचर सप्लायर्सस (प्रो. बल बहादुर गोडवा)
प्रा.फ.र.नं. १५५/११५/२०७६/२०७७, दर्ता मिति : २०७६/०४/३२
पान नं. ६०८६२११९९, दर्ता मिति : २०७५/०६/२४
ठेगाना : मकवानपुर जिल्ला थाहा न.पा. वडा नं. ७

(२) ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते : बल बहादुर गोडवा
बाजे : श्री कृष्ण बहादुर गोम्वा, बाबु : श्री पुर्णमान गोम्वा
ठेगाना : मकवानपुर जिल्ला आग्रा गा.वि.स. वडा नं. २ हाल थाहा न.पा. वडा नं. ७

व्यक्तिगत जमानीकर्ताहरुको नाम, थर, ठेगाना र तिनपुस्ते :
क) ज्ञानिमाया थिङ गोडवा, बाजे : बल बहादुर थिङ, बाबु : श्र जित बहादुर थिङ
ख) दल बहादुर गोम्वा, बाजे : कृष्ण बहादुर गोम्वा, बाबु : पुर्णमान गोम्वा
ग) पुर्णमान गोम्वा, बाजे : काले गोम्वा, बाबु : कृष्ण बहादुर गोम्वा
घ) कान्छी माया गोम्वा, बाजे : सन्त बहादुर थिङ , बाबु : लाल बहादुर थिङ
ङ) बल बहादुर गोडवा, बाजे : कृष्ण बहादुर गोम्वा, बाबु : पुर्णमान गोम्वा
ठेगाना : मकवानपुर जिल्ला आग्रा गा.वि.स. वडा नं. २ हाल थाहा न.पा. वडा नं. ७

कर्जा शिर्षक : महालक्ष्मी उद्यमसिल कर्जा ओडी र महालक्ष्मी घर कर्जा

धितो सुरक्षणको विवरण :
श्री काले गोम्वाको नाति, कृष्ण बहादुर गोम्वाको छोरा, जिल्ला मकवानपुर, आग्रा गा.वि.स. वडा नं. १ बस्ने पुर्णमान गोम्वाको नाममा भुमि प्रशासन कार्यालय मकवानपुरमा दर्ता कायम रहेको जिल्ला मकवानपुर आग्रा गा.वि.स. वडा नं. १ स्थित कि.नं. ५८, २७४, ५०६, ३३, ३५ र ३७ को क्षे.फ. क्रमशः ५-१३-१-१, १४-११-१-३, ४-१-०-३, ०-५-१-३, ०-३-२-३, र २-१-१-१ (रोपनी) जग्गा तथा सो माथिएको घर तथा सो घरजग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तीम मिति : २०८३/०५/०३ (बुधवार कार्यालय समय भित्र)
खोलिने मिति : २०८३/०५/०४ (बिहिवार दिनको २ बजे)
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्वन्धीत शाखा कार्यालय
शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-
(क) शिलबन्दी बोलपत्र गर्नेले आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी वापत बैंक दाखिला गर्नु पर्नेछ ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले ७ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ । बाँकी रकम जम्मा भए पश्चात बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा.नामसारीको लागि सम्बन्धित कार्यालयलाई पत्राचार गरि दिनेछ ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन ।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलबन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ । एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कबोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदी) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदी समेत कबोलकर्ताले नै व्यहोर्नु पर्नेछ । घरबाटो सिफारिसको लागि सम्बन्धीत कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ ।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछ:-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र ।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित) ।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि ।
(४) कर चुक्ता गरेको प्रमाणपत्र ।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र ।
(६) शिलबन्दी बोलपत्र फारम बैंकको शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

कर्जा असुली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

CHHYANGDI HYDROPOWER LIMITED
GAIRIDHARA, KATHMANDU
URL:www.chpl.com.np, Email:info@chpl.com.np, Tel.No.01-4526483

UNAUDITED STATEMENT OF FINANCIAL POSITION AS ON Ashadh 32nd, 2083 (Quarterly)
BALANCE SHEET — **Amount In NRs**

Particulars	This Quarter Ending (Ashadh End, 2083)	Previous Quarter Ending (Chaitra End, 2082)	Corresponding Quarter Ending (Ashadh End, 2082)
Assets			
Non-current Assets			
Property, Plant and Equipment	1,023,728	1,064,498	1,777,561
Intangible Assets	1,079,554,455	1,091,616,349	1,126,390,534
Right of Use Asset	714,284	908,066	1,489,413
Investment	150,000,000	150,000,000	150,000,000
Deferred Tax Asset	1,733,511	1,680,797	1,588,065
Total Non-current Assets	**1,233,025,978**	**1,245,269,709**	**1,281,245,573**
Current Assets			
Inventories	2,109,389	2,109,389	2,109,389
Advances & Deposits	32,555,195	35,473,474	11,703,038
Trade Receivables	26,051,821	19,880,829	20,292,852
Cash and Cash Equivalents	30,206,982	36,413,649	3,487,818
Total Current Assets	**90,923,386**	**93,877,341**	**37,593,097**
Total Assets	**1,323,949,365**	**1,339,147,050**	**1,318,838,671**
Equity and Liabilities			
Equity			
Share Capital	773,955,000.00	773,955,000.00	386,977,500
Other Equity (Securities Premium)	72,956,250.10	72,956,250.10	18,991,945
Retained Earnings	(194,522,977.15)	(188,343,458.09)	(206,988,583)
Total equity	**652,388,273**	**658,567,792**	**198,980,862**
Liabilities			
Non-current Liabilities			
Long Term Loan	**627,689,953.05**	**637,896,097.70**	**746,030,711**
Loan from Shareholders	-	-	9,273,500
Other Non-Current Liabilities (Lease Liability)	75,895.76	320,134.72	1,065,476
Total Non-current Liabilities	**627,765,849**	**638,216,232**	**756,369,687**
Current Liabilities			
Short Term Loan	25,958,243	24,403,302	263,962,500
Trade and Other Accounts Payables	17,835,226	17,957,949	99,525,621
Provisions	1,774	1,774	-
Total Current Liabilities	**43,795,243**	**42,363,026**	**363,488,121**
Total Liabilities	**671,561,092**	**680,579,258**	**1,119,857,808**
Total Equity and Liabilities	**1,323,949,365**	**1,339,147,050**	**1,318,838,671**

STATEMENT OF PROFIT & LOSS ACCOUNTS AS OF ASHADH 32nd 2083
Amount In NRs

Particulars	This Quarter Ending (Ashadh End, 2083)	Previous Quarter Ending (Chaitra End, 2082)	Corresponding Quarter Ending (Ashadh End, 2082)
Revenue from Sale of Electricity	176,038,941	139,439,132	140,141,317
Less: Cost of Sales	(38,994,636)	(26,227,948)	(31,311,312)
Gross Profit	**137,044,305**	**113,211,184**	**108,830,005**
Add: Other Income	6,627	6,627	500000.76
Less: Administrative Expenses	(18,476,444)	(11,447,288)	(13,641,291)
Less: Depreciation and Amortisation	(48,660,154)	(36,132,058)	(49,200,887)
Operating Profit	**69,914,334**	**65,638,465**	**46,487,829**
Finance Costs	(56,825,601)	(46,929,006)	(96,593,990)
Staff Bonus			
Profit Before Tax	**13,088,733**	**18,709,459**	**(50,106,162)**
Current Tax	(1,774)	(1,774)	
Previous Year Tax Expenses	-	-	
Deferred Tax Income/(Expense)	230,693	177,978	395,849
Profit for The Year (A)	**13,317,651**	**18,885,663**	**(49,710,313)**
Other Comprehensive Income for the year (B)			
Total Comprehensive Income for the year (A+B)	**13,317,651**	**18,885,663**	**(49,710,313)**
Ratios	**2083 Ashadh Ending**	**2082 Chaitra Ending**	**2082 Ashadh Ending**
Earning Per Shares (EPS)	1.72	2.44	(12.85)
Market Value Per Share(in Rs)	256.00	299.00	319.14
Net Worth Per Share(in Rs)	84.29	85.09	51.42
Price Earning (P/E Ratio)	148.77	122.53	N/A
Current Ratio	2.08	2.22	0.10
Return on Assets(%)	1%	1%	-4%
Total Assets Per Shares	171.06	173.03	340.81

Note:
1. If the statutory and supervising authority notifies to change the unaudited financial statements, the figures may change accordingly.
2. Previous period Figures have been regrouped/rearranged wherever considered necessary.

अनुसूची - १४ (धितोपत्र दर्ता तथा निष्कासन नीयमावली २०७३ संग सम्बन्धित)

१. वित्तिय विवरण
चौथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण र वित्तीय अनुपात यसै प्रतिवेदन सगै प्रकाशित गरिएको छ ।

२. व्यवस्थापकिय विश्लेषण:
यस कम्पनीको सम्पुर्ण कारोबार सामान्य रुपमा भैरहेको छ, यस वर्ष समयमानै मनशुनी वर्षा शुरु भएको कारण विद्युत आशातित रुपमा उत्पादन भएको छ भने वित्तिय लागत समेत घट्न गएको छ जसले गर्दा वित्तिय सुचकहरु सकरात्मक देखिएको छन । आयोजनाहरुको केही पार्टपुर्जाहरु नयाँ खरिद गर्न पर्नेभएको कारण संचालन लागतमा केही वृद्धी भएको छ ।

३ कानूनी कारवाही सम्बन्धी विवरण
यस कम्पनी वा यसका संस्थापक र सञ्चालकहरुको विरुद्धमा यस कम्पनीको व्यवसायिक कारोबारको सम्बन्धमा कुनै पनि कानूनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको जानकारीमा छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण:
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य: प्रकृतिवाट भइरहेको छ । यस त्रैमासिक अवधिमा यस कम्पनीको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार कुल दिन र कारोबार संख्या यसप्रकार रहेको छ ।

शेयरको अधिकतम मुल्य (रु)	३१७
शेयरको न्युनतम मुल्य (रु)	२५०
शेयरको अन्तिम मुल्य (रु)	२५६
कारोबार भएको कुल दिन	६४
कारोबार भएको कुल संख्या	१४६८६८७

स्रोत: नेपाल स्टक एक्चेञ्ज लि.

५. समस्या तथा चुनौति:
वाढी, पहिरो काबु वाहिरको परिस्थिती वाहेक अन्य चुनौति नरहेको तथापी मेशिनरी औजार खरिदमा नेपाल सरकारवाट प्राप्त छुट सुविधा कटौतिले संचालन लागतमा वृद्धि हुन सक्ने ।

६. संस्थागत सुशासन:
कम्पनीको संस्थागत सुशास

सम्पादकीय

सामाजिक सञ्जालका बल्छी

केही साता अघिमात्रै ह्वाट्सअपले मोबाइल नम्बरबिना नै खाता खोल्न सकिने सुविधा सार्वजनिक गऱ्यो। हाम्रो छिमेकी मुलुक भारतले त्यो सुविधा के हो र सुरक्षा के छ भन्ने थाहा देऊ अनिमात्रै भारतमा सुविधा उपलब्ध गराऊ भन्यो। ह्वाट्सअपको माउ कम्पनी मेटा भारतमा त्यस्तो सुविधा दिनबाट पछि हट्यो। हाम्रो नेपालमा भने सरकारले त्यसबारे थाहा पायो कि पाएन भन्ने नै आमनागरिकलाई थाहा छैन। भकाभक त्यो सुविधा लिइरहेका छन् नेपालीले। त्यसले कुन किसिमको अप्ठेरोमा पार्ने हो र पाऱ्यो भने के गर्ने भन्ने पनि कसैलाई थाहा छैन। यस्तो किन भइरहेको छ भने नेपालमा मेटा दर्ता छैन, भारतमा छ। दर्ता भएकैले भारत सरकारको निर्देशन पालना गर्न ऊ बाध्य भयो। दिनहुँजसो कैयौं नेपालीहरू ह्वाट्सअपबाट आएका बल्छीयुक्त सन्देशमा फस्छन् र लाखौंलाख गुमाउँछन्। फिर्ता ल्याउन न नेपाल प्रहरीको साइबर ब्युरोले सक्छ न अरूले। किनभने ठग्ने को हो भनेर पत्ता लगाउन नेपालको मेटासम्म पहुँच छैन। हो, यस्तै यस्तै ठगी र अरू अपराध रोक्न त्यस्ता प्लेटफर्महरूको नेपालमा पनि दर्ता अनिवार्य हुनुपर्ने आवाज उठेको हो।

कुरा ठगीको मात्रै होइन। मानहानि र चरित्रहत्याले मानिसलाई आत्महत्याकै तहसम्ममा पुऱ्याउँछ। जसले जसलाई जे भनेर सामाजिक सञ्जालमा लेखे पनि हुनेजस्तो स्वच्छन्दता फैलिएको छ। तर नियमन फितलो होइन, कत्ति पनि छैनभन्दा हुन्छ। दैनिक १ सय २० वटा उजुरी त नेपाल प्रहरीको साइबर ब्युरोमा पुग्छन्, नपुग्ने कति छन् कति। प्रहरीले आफ्नो बुताले भ्याएसम्म केहीलाई कारबाही गर्छ, तर धेरै त त्यसै अलप हुन्छन्। नक्कली खाताबाट हुने मानहानि, चरित्रहत्या र ठगीलाई नियमनमा ल्याउन सामाजिक सञ्जाल सञ्चालकसम्म पहुँच जरुरी छ। त्यो दर्तापछिमात्रै सम्भव हुन्छ। त्यही प्रयासको खाँचो छ। पहिलाको सरकारले त्यही प्रयास गर्दा सत्ता गुमाउने एउटा आधार बन्यो र कतिपय अर्थमा अहिलेको सरकार सामाजिक सञ्जालको शक्तिबाट पनि उदाएको हो भन्न सकिन्छ। त्यही भएर पनि अहिलेको सरकारले सामाजिक सञ्जालहरूको नियमन र दर्तामा खास ध्यान नपुऱ्याएको हो कि। तर अस्ति भर्खरै तराई मधेसमा फैलिएको हिंसा फैलाउन सामाजिक सञ्जालमा पनि कारक थियो भन्ने चटक्कै बिर्सनु हुँदैन। दिनानुदिन बढिरहेका सामाजिक सद्भाव विरोधी गतिविधि र व्यक्तिको मानहानि तथा चरित्रहत्या एवं ठगीसम्मका घटनालाई नजरअन्दाज गरियो भने समाजमा अर्को उपद्रव फेरि कुन रूपमा प्रकट हुन्छ भन्न सकिन्न।

सकारात्मक पाटा पनि छन् सामाजिक सञ्जालका। खबर छिनछिनमा सर्वसाधारणले पाएका छन्। परोपकारी काम पनि भएकै छ यिनको माध्यमबाट। तर त्योभन्दा दर्दनाक घटनाहरूको उपक्रम बढ्दै जाने हो भने सकारात्मक पाटो छोपिन्छ। विश्वव्यापी रूपमै हेर्ने हो भने नेपालजस्तो तेस्रो ध्रुवका मुलुकबाहेक धेरैजसोमा सामाजिक सञ्जाल नियमन छ। दर्ता अनिवार्य छ। सबैभन्दा त कडा त युरोपेली संघले कुनै नागरिकमाथिको क्षतिको पूर्ति नै सामाजिक सञ्जाल कम्पनीले भर्नुपर्नेसम्मका प्रावधान राखेर कानुन बनाएको छ। व्यक्तिगत लाञ्छना र आरोप, आक्षेप तथ्यहीन तरिकाले लगाउँदै लेख्ने वा पोस्ट गर्न निषेधैजस्तो छ। अमेरिकामा सामाजिक सञ्जालकै कारण आत्महत्या बढेको र यो कुलतकै रूपमा प्रयोग गर्ने गरी निर्मित भएको भन्नेलगायत विषयमा मुद्दा परेका छन्। थुप्रै देशले बालबालिकालाई सामाजिक सञ्जाल निषेध गरिसके। हामीकहाँ भने खुलमखुल्ला छ, जसलाई पनि। नेपालको सर्वोच्च अदालतले अनलाइन र सामाजिक सञ्जालहरू राज्यको निकायमा अनिवार्य दर्ता गर्ने व्यवस्था गर्न भनेकै हो। तर सस्तो लोकप्रियता गुम्ला भन्ने भय राज्य सञ्चालकहरूमा देखिन्छ। त्यो राज्यकै निम्ति हानिकारक हो। कूटनीतिक पहल गरेर हुन्छ वा अन्य उपायबाट सामाजिक सञ्जालहरूलाई नियमको दायरामा ल्याउनै पर्छ। ख्याल गरिनुपर्ने कुरा चाहिँ नियमन गर्दा नागरिकको अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित कत्ति नहोस् भन्ने हो।

राष्ट्र कंक्रिटले होइन, नागरिकले बन्छ

नागरिकले सम्मान, न्याय र समान अवसर खोज्छन्।

डा. शम्भु पोखरेल

अग्रमत

कंक्रिटले भवन बनाउँछ। सुशासनले प्रणाली बनाउँछ। तर असल नागरिकले मात्र राष्ट्र बनाउँछन्। त्यसैले यी तिनै पक्षलाई समानान्तर रूपमा अघि बढाउन सकियो भनेमात्र देश वास्तवमै समृद्ध बन्नेछ।

नेपालले पछिल्ला वर्षहरूमा पूर्वाधार विकासमा उल्लेखनीय प्रगति गरेको छ। मध्यपहाडी लोकमार्ग, काठमाडौं-तराई द्रुतमार्ग, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, मेलम्ची खानेपानी आयोजना, जलविद्युत् उत्पादनको विस्तार, विभिन्न सुरुङमार्ग तथा राष्ट्रिय गौरवका आयोजनाहरूले नेपाललाई नयाँ भौतिक आधार दिएका छन्। यी आयोजना आवश्यक थिए, छन् र भविष्यमा पनि रहनेछन्।

आज विकासको कुरा उठ्नेबित्तिकै हाम्रो आँखाअगाडि सडक, पुल, सुरुङमार्ग, विमानस्थल, जलविद्युत् आयोजना, अग्ला भवन र औद्योगिक क्षेत्रको चित्र आउँछ। कुनै नयाँ आयोजना उद्घाटन भयो भने त्यसलाई विकासको प्रमाणका रूपमा प्रस्तुत गरिन्छ। सरकारहरू आफ्ना उपलब्धिहरू पूर्वाधारको लम्बाइ, भवनको उचाइ वा आयोजनाको संख्यालेमापन गर्छन्। तर एउटा गम्भीर प्रश्न हामीले आफैंलाई सोध्नुपर्छ– के विकास भनेको केवल कंक्रिटको संरचना निर्माण गर्नुमात्र हो? उत्तर स्पष्ट छ: होइन।

पूर्वाधार विकासको एउटा महत्त्वपूर्ण आधार अवश्य हो, तर त्यो विकासको अन्तिम लक्ष्य होइन। वास्तविक विकास त्यतिबेला हुन्छ, जब एउटा समाजले जिम्मेवार नागरिक, सक्षम संस्था र सुशासन निर्माण गर्न सफल हुन्छ। राष्ट्रको वास्तविक निर्माण कंक्रिटले होइन, नागरिकले गर्छन्।

अर्थशास्त्रले विकासलाई केवल भौतिक सम्पत्तिको वृद्धिका रूपमा हेर्दैन। आधुनिक विकास अर्थशास्त्रले चार प्रकारका पुँजीको चर्चा गर्छ– भौतिक पुँजी, मानव पुँजी), सामाजिक पुँजी) र संस्थागत पुँजी । सडक, विमानस्थल, उद्योग र जलविद्युत्लगायत भौतिक पुँजी हुन्। शिक्षित, दक्ष र सिर्जनशील नागरिक मानव पुँजी हुन्। समाजमा रहेको आपसी विश्वास, सहकार्य र नागरिक उत्तरदायित्व सामाजिक पुँजी हो। विधिको शासन, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी प्रशासन संस्थागत पुँजी हुन्। यी चारैमध्ये कुनै एउटा कमजोर भयो भने राष्ट्रको विकास अधुरो रहन्छ।

पूर्वाधार दृश्य सम्पत्ति हो, तर संस्था अदृश्य सम्पत्ति हो। एउटा राष्ट्रले अर्बौं डलर ऋण लिएर राजमार्ग, विमानस्थल, सुरुङमार्ग वा गगनचुम्बी भवन बनाउन सक्छ। तर उसले इमानदारी, नागरिक उत्तरदायित्व, अनुशासन, नैतिकता वा सुशासन ऋणमा लिन सक्दैन। यी कुनै अन्तर्राष्ट्रिय बजारमा किन्न पाइने वस्तु होइनन्। यी त पुस्तौंसम्म परिवार, विद्यालय, संस्कृति र बलियो सार्वजनिक संस्थामार्फत निर्माण गरिने राष्ट्रिय सम्पत्ति हुन्।

दुर्भाग्यवश, विकासशील मुलुकहरूमा एउटा ठूलो भ्रम छ। हामीले पूर्वाधार निर्माणलाई नै विकासको पर्यायवाची ठान्यौं। सडक बन्यो भने विकास भयो, विमानस्थल बन्यो भने राष्ट्र समृद्ध भयो भन्ने सोच विकसित भयो। हो, पूर्वाधार निर्माण विकासका एक महत्त्वपूर्ण आधार हुन्। सबै सबै होइन। इतिहासले बारम्बार देखाएको छ: कमजोर संस्थामाथि उभिएको पूर्वाधारले दीर्घकालीन समृद्धि दिन सक्दैन।

विश्वका विभिन्न देशहरूलाई हेर्दा यो तथ्य अझ स्पष्ट हुन्छ। आज संसारमा यस्ता धेरै राष्ट्र छन्, जहाँ अत्याधुनिक विमानस्थल, चौडा एक्सप्रेस वे, विशाल बन्दरगाह र आधुनिक सहरहरू छन्। तर उनीहरू अझै भ्रष्टाचार, कमजोर सार्वजनिक संस्था, राजनीतिक अस्थिरता वा जनविश्वासको अभावसँग संघर्ष गरिरहेका छन्। इराकले युद्धपछि ठूलो मात्रामा पूर्वाधार पुनर्निर्माण गऱ्यो, तर संस्थागत कमजोरी र शासनका चुनौतीले दीर्घकालीन विकासलाई अझै कठिन बनाइरहेको छ। मलेसियाले विश्वस्तरीय सडक, बन्दरगाह, विमानस्थल र आधुनिक सहर निर्माण गऱ्यो, तर विभिन्न समयमा देखिएका उच्च तहका भ्रष्टाचार काण्डहरूले पूर्वाधारमात्र पर्याप्त नहुने सन्देश दिएका छन्। मध्यपूर्व तथा अफ्रिकाका प्राकृतिक स्रोतले धनी केही देशहरूले पनि यही पाठ सिकाएका छन्: भौतिक संरचना आफैंले सुशासन, संस्थागत क्षमता वा नागरिक संस्कार निर्माण गर्दैन।

अर्कोतर्फ जापान, सिंगापुर, फिनल्यान्ड र स्विट्जरल्यान्डलाई हेर्दा फरक तस्बिर देखिन्छ। यी राष्ट्रहरूको सफलता केवल उनीहरूका सडक वा भवनमा सीमित छैन। उनीहरूको वास्तविक शक्ति अनुशासित नागरिक, बलिया संस्था, विधिको शासन, गुणस्तरीय शिक्षा र सार्वजनिक उत्तरदायित्वमा निहित छ। त्यहाँ सडक सफा हुनुको कारण सफाइ गर्ने कर्मचारीमात्र होइनन्; सार्वजनिक सम्पत्तिलाई आफ्नै सम्पत्ति ठान्ने नागरिक चेतना हो। त्यहाँ सरकारी संस्था प्रभावकारी हुनुको कारण केवल कानुन होइन; कानुनप्रतिको सम्मान र संस्थामाथिको विश्वास हो।

नेपालले पनि पछिल्ला वर्षहरूमा पूर्वाधार विकासमा उल्लेखनीय प्रगति गरेको छ। मध्यपहाडी लोकमार्ग, काठमाडौं-तराई द्रुतमार्ग, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, मेलम्ची खानेपानी आयोजना, जलविद्युत् उत्पादनको विस्तार, विभिन्न सुरुङमार्ग तथा राष्ट्रिय गौरवका आयोजनाहरूले नेपाललाई नयाँ भौतिक आधार दिएका छन्। यी आयोजना आवश्यक थिए, छन् र भविष्यमा पनि रहनेछन्। तर एउटा प्रश्न अझै बाँकी छ: के यी संरचनाले मात्र नेपाललाई विकसित राष्ट्र बनाउनेछन्?

यदि आयोजना समयमै सम्पन्न हुँदैनन्, यदि सार्वजनिक खरिद प्रक्रिया पारदर्शी हुँदैन, यदि भ्रष्टाचारले लागत बढाउँछ, यदि निर्माणपछि मर्मतसम्भार हुँदैन, यदि नीति हरेक सरकारसँगै परिवर्तन हुन्छ भने पूर्वाधारको आर्थिक प्रतिफल पनि सीमित हुन्छ। समस्या सडकको अभावमात्र होइन, प्रणालीको कमजोरी पनि हो। त्यसैले आज नेपाललाई केवल नयाँ सडकभन्दा बढी नयाँ सोच चाहिएको छ। केवल नयाँ भवनभन्दा बढी नयाँ संस्था चाहिएको छ। केवल नयाँ विमानस्थलभन्दा बढी नयाँ प्रशासनिक संस्कार चाहिएको छ।

सुशासन कुनै राजनीतिक नारा होइन; यो आर्थिक विकासको अपरिहार्य आधार हो। लगानीकर्तालेकेवल राम्रो सडक खोज्दैनन्; उनीहरूले नीतिगत स्थिरता, पारदर्शी प्रशासन, निष्पक्ष न्याय प्रणाली र उत्तरदायी सरकार खोज्छन्। उद्यमीले केवल विद्युत् खोज्दैनन्; उनीहरूले भरोसायोग्य नियम र पूर्वानुमान गर्न सकिने नीतिगत वातावरण खोज्छन्। नागरिकले केवल सेवा खोज्दैनन्; उनीहरूले सम्मान, न्याय र समान अवसर खोज्छन्।

यसैगरी, राम्रो नागरिक पनि कुनै संयोगले बन्दैन। विद्यालयले केवल डिग्रीधारी होइन, जिम्मेवार नागरिक उत्पादन गर्नुपर्छ। परिवारले केवल सफल सन्तान होइन, इमानदार नागरिक हुर्काउनुपर्छ। समाजले केवल अधिकारको होइन, कर्तव्यको पनि शिक्षा दिनुपर्छ। राष्ट्रप्रतिको उत्तरदायित्व विद्यालयको पाठ्यपुस्तकभन्दा पनि संस्कारबाट सिकिन्छ। हामीले विकास मापन गर्ने तरिका पनि परिवर्तन गर्नुपर्छ। कुल गार्हस्थ्य उत्पादन बढ्नु सकारात्मक हो, तर त्यो मात्र पर्याप्त छैन। कुनै राष्ट्रको विकास सार्वजनिक संस्थाप्रतिको विश्वास, सरकारी सेवाको गुणस्तर, कानुनको पालना, सार्वजनिक जीवनको नैतिकता र नागरिक जिम्मेवारीबाट पनि मापन हुनुपर्छ।

अन्ततः एउटा राष्ट्रको सबैभन्दा ठूलो पूर्वाधार राजमार्ग होइन, संस्थागत संस्कृति हो। सडकले सहर जोड्छ। पुलले नदी जोड्छ। विमानस्थलले देश जोड्छ। तर सुशासनले सरकार र नागरिक जोड्छ, र असल नागरिकले वर्तमान र भविष्य जोड्छ।

नेपाल समृद्ध बन्न चाहन्छ भने सडक, जलविद्युत्, डिजिटल पूर्वाधार, औद्योगिक क्षेत्र र आधुनिक सहर निर्माणलाई निरन्तरता दिनैपर्छ। तर त्यत्तिकै प्राथमिकताका साथ शिक्षा सुधार, संस्थागत सुदृढीकरण, सुशासन, विधिको शासन र नागरिक संस्कारमा पनि लगानी गर्नुपर्छ। किनभने कंक्रिटले संरचना बनाउँछ, तर चरित्रले राष्ट्र बनाउँछ।

हामीले कस्तो नेपाल निर्माण गर्ने भन्ने निर्णय आज लिइरहेका छौं। इतिहासले राष्ट्रलाई केवल उसले कति किलोमिटर सडक बनायो भनेर सम्झँदैन। इतिहासले सम्झन्छ– उसले कस्ता नागरिक तयार गऱ्यो, कस्ता संस्था निर्माण गऱ्यो, र कस्तो शासन प्रणाली छोडेर गयो।

पोखरेल, सेन्टर फर डिप्लोमेटिक डायलगका अध्यक्ष हुन्।

देउवाको अन्तिम अग्निपरीक्षा

भोजराज न्यौपाने

नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पाँच महिना लामो उपचारपछि साउन २८ गते स्वदेश फर्किंदै हुनुहुन्छ। जेन–जी विद्रोहमा कहालीलाग्दो सांघातिक आक्रमणमा पर्नुभएका देउवा दम्पतीलाई नेपाली सेनाले उद्धार गर्नुपरेको गरेको थियो। नेपाली कांग्रेसका तत्कालीन सभापति देउवाले पार्टीका उपाध्यक्ष पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति बनाउनु भएको थियो। कांग्रेसको विधानअनुसार तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको समूहको अगुवाइमा विशेष महाधिवेशनको आह्वान गरेका थिए।

तर, तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशनलाई पूर्ण रूपले वेवास्ता गर्नुभयो। पार्टीको विधानबमोजिम सुरु गरिएको विशेष महाधिवेशनमा सहभागी हुनेलाई जिल्ला जिल्लाबाट रोक्ने प्रयास भयो। सकेसम्म सबै अस्त्र प्रयोग गरेर विशेष महाधिवेशनमा सहभागी हुनबाट रोक्ने प्रयत्न पनि खड्काले गर्नुभयो।

तत्कालीन महामन्त्रीहरू गगन थापा, विश्वप्रकाश शर्मा र फर्मुल्ला मन्सुरलगायतका नेतालाई साधारणसदस्यसमेत नरहने गरी निष्कासन गरिदिनु भयो। पार्टीको आन्तरिक राजनीतिलाई सडकमा तमासा देखाउने काम खड्काकै कार्यकालमा भयो। निर्वाचन आयोग र सर्वोच्च अदालतले विशेष महाधिवेशनका पक्षमा फैसला गरेपछि पनि खड्का शान्त बन्न सक्नु भएन। लोकतन्त्रको मर्मविपरीत उहाँ कांग्रेसविरुद्ध मोर्चाबन्दीमा लाग्नु भएको छ। यसको पछिल्लो कडीको सर्वोच्चको फैसलामाथि पुनरावलोकन गर्न निवेदन दिनु भएको छ। उहाँका अतिरिक्त पूर्वसभापति देउवाले समेत सोही प्रयोजनका लागि निवेदन दिनुले नेपाली राजनीति फेरि एक पटक तरंगीत भएको छ।

नेपाली कांग्रेसमा कुनै बेला बीपी कोइरालाले अत्यन्तै विश्वास गरेका व्यक्ति हुनुहुन्छ, शेरबहादुर देउवा। पञ्चायती निरंकुशताका विरुद्ध सशक्त संगठन गर्न सक्ने ठानेरै बीपीले देउवालाई नेपाल विद्यार्थी संघको अध्यक्ष बनाउनु भएको थियो। त्यतिबेला अत्यन्तै जुझारु युवा हुनुहुन्थ्यो, शेरबहादुर देउवा।

कहिले संसदीय दलमा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँग चुनावी प्रतिस्पर्धा गरेर होस् वा पार्टी सभापतिका रूपमा सुशील कोइरालासँग प्रतिस्पर्धा गरेर होस् देउवाको राजनीतिक जुझारुपन देखिएकै थियो। कुनैबेला नेपाली कांग्रेसबाट चोइटिएर नेपाली कांग्रेस प्रजातान्त्रिक बनाएका देउवाले पछि नेपाली कांग्रेसमै पार्टीलाई विलय गरेर आफूमाथि लागेको पार्टी फुटाएको आरोपलाई मत्थर गर्नु भएको थियो।

विशेष महाधिवेशनको म्यान्डेटबाट पार्टी सभापति बनेका गगन थापालाई गलाएर भए पनि आफ्नो भागबन्डाको राजनीति पूरा गर्ने प्रयत्नमा पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, प्रकाशमान सिंह, शेखर कोइराला, शशांक कोइराला, विजय गच्छदार र कृष्णप्रसाद सिटौलाहरू लागिरहेका छन्। उनीहरूले ठेकेदार कान्छाराम तामाङको सहयोगमा चुनदेवीमा सम्पर्क कार्यालयसमेत खोलेका छन्। त्यही चुनदेवीको बैठकले यही साउनको अन्तिममा काठमाडौंमा संस्थापन इतर समूहको भेला आयोजना गरेको छ। भेलाको संयोजक डा. शशांक कोइरालालाई बनाइएको छ।

गुटैगुटमा विभक्त समूहले भेलाको संयोजक बनाएर बीपी पुत्र शशांकलाई अर्को प्रकाश कोइराला बनाउने अभ्यास गरिरहेका छन्। चुनदेवी समूहले आयोजना गर्ने भनिएको भेलालाई देउवाले सम्बोधन गर्ने अपेक्षा संस्थापन इतरले राखेको छ। तर, यस विषयमा देउवाको आधिकारिक धारणा भने यो पंक्ति लेख्दासम्म सार्वजनिक भएको छैन। देउवा यतिबेला पुनः चर्चामा हुनुहुन्छ। चर्चा हुनुको एउटै कारण हो देउवाले गर्ने निर्णयले नै कांग्रेस जुट्ने वा फुट्ने भन्ने विषयको टुंगोमा पुग्नेछ।

देउवा यतिबेला पुनः चर्चामा हुनुहुन्छ। चर्चा हुनुको एउटै कारण हो, देउवाले गर्ने निर्णयले नै कांग्रेस जुट्ने वा फुट्ने भन्ने विषयको टुंगोमा पुग्नेछ।

देउवाको स्वदेश फिर्तीलाई संस्थापन इतर समूहले ठूलो शक्ति सञ्चयको रूपमा चित्रण गरेका छन्। साउन २६ गते नेपाल आउने तय गरेका देउवालाई लिन ठूलो संख्यामा कार्यकर्ता परिचालन गर्ने तय भएपछि देउवाले टिकट सारेर साउन २८ गते दिउँसो नेपाल फर्किने तयारी गर्नुभएको हो। संस्थापन पक्षलाई अल्टिमेटम दिने, वार्ता गर्ने र संवादमै अल्झाएर संस्थापन इतर समूहले आफ्ना निकट कार्यकर्तालाई आफ्नो अभियानमा जोड्ने प्रयास गरिरहेका छन्।

नेपाली कांग्रेसका तमाम कार्यकर्ता कांग्रेसको फुट चाहँदैनन्। तर, खड्का निकट नेताहरू भने खुला रूपमै मिल्न नसक्ने अवस्थामा अर्को बाटो समाउनुपर्ने भन्दै पार्टी फुटाउन सक्रिय



देखिएका छन्। यसरी पार्टी फुटाएर सक्रिय बन्न चाहनेहरू पार्टी एक रहँदा आन्तरिक प्रतिस्पर्धामा चुनाव जित्न नसक्ने नेताहरू नै हुन्। जिल्लामा जनाधार गुमाइसकेका र आफूलाई सधैं राजनीतिको केन्द्रमा राख्न रुचाउने नेताहरू नै पार्टीलाई कमजोर बनाउन लागिपरेको कांग्रेसका शुभेच्छुकहरू बताउँछन्। विशेष महाधिवेशनको विवाद निरूपण भइसकेर नियमित अधिवेशनमा जुटिरहेको कांग्रेस संसद्मा सशक्त प्रतिपक्षको रूपमा काम गरिरहेको थियो।

नागरिकका आवाजलाई प्रमुखताका साथ उठाइरहेको कांग्रेसलाई आन्तरिक खिचातानीमा अल्झाएर कमजोर बनाउन सके संसद्मा कांग्रेस कमजोर हुने आकलनले सरकार देउवाप्रति नरम बनेको यथार्थ छिपेको छैन। त्यसैले सरकार देउवाको डर देखाएर कांग्रेसलाई तर्साउने प्रयासमा देखिएको छ। यदि यसरी आफ्नो सम्भावित गिरफ्तारीबाट बच्न देउवाले सरकारसँग अदृश्य सम्झौता गर्नु भएको हो भने यो देउवा र कांग्रेसका लागि सबैभन्दा घातकसिद्ध हुनेछ। यदि त्यसो होइन भने राजनीतिक करियरको बिसौनीमा पुगेका देउवाले अहिले देखिएका सबै खालका अड्कलबाजीलाई निस्तेज पार्नु पर्नेछ।

त्यसो त देउवाको नियति नै यस्तै रहेको छ। उनी कहिले गिरिजाप्रसाद कोइरालासँग नजिक बनेका छन् त कहिले उनैसँग प्रतिस्पर्धा गरेका छन्। तत्कालीन राजा ज्ञानेन्द्रसँग नजिकिएका देउवालाई उनै ज्ञानेन्द्रले थुनामा राखे। त्यस्तै परिस्थिति अहिले पनि देखिएको छ। जेन–जी आन्दोलनको नाममा निर्मम हमलामा परेका देउवा नै सरकारसँग निकट बन्ने लक्षण देखिएको छ। देउवा निकट कांग्रेसीहरू बीपी कोइरालाले राष्ट्रियतामाथि संकट महसुस गरेर प्रवासबाट नेपाल फर्केको घटनासँग देउवाको नेपाल आगमनलाई जोड्ने प्रयासमा छन्। तर, देउवा र बीपीको निर्वासन फरक पृष्ठभूमिमा भएका एकदमै फरक घटनाहरू हुन्। देउवाको निर्वासन कदापि एउटै प्रकृतिका होइनन्।

बीपी राजनीतिक निर्वासनमा हुनुहुन्थ्यो भने देउवा स्वास्थोपचारको नाममा सम्भावित हिरासतलाई छल्ने प्रयास गरिरहनु भएको थियो। देउवा यतिबेला आफ्नो राजनीतिक इतिहासकै सबैभन्दा ठूलो अग्निपरीक्षामा होमिनु भएको छ। एकातिर उहाँका निकट सारथिहरू संस्थापन इतरपक्षको भेलामा उहाँको प्रत्यक्ष संलग्नता र आतिथ्यता चाहान्छन्। अर्कोतिर नेपाली कांग्रेसलाई माया गर्ने देशभरका नेता कार्यकर्ताहरू भने देउवाको अभिभावकत्वबाट कांग्रेसको सम्भावित फुटलाई टार्नुपर्ने विचारमा देखिएका छन्। यसरी हेर्दा देउवा नेपाल फर्केपछि के गर्नुहोला? प्रबल चासोको विषय भएको छ।

देउवाले आफ्नो राजनीतिक जीवनको उत्तरार्धमा सबै नेता कार्यकर्ताको सम्मान र स्नेह पाइरहने हो भने सबैभन्दा पहिला दुवै पक्षलाई मिलाउने अभिभावकीय भूमिकालाई शिरोपर गर्नु उत्तम विकल्प हुनेछ। यसका लागि देउवाले नेपाल आउनुअघि नै पार्टीभित्रको समस्या समाधान गर्ने मार्गचित्र प्रस्तुत गर्नु उचित हुनेछ। नेपाल आएर कुनै एउटा गुटको भेलामा सम्बोधन गरेर पार्टीभित्रको तिक्तता साम्य हुँदैन भन्ने सामान्य ज्ञान पक्कै पनि देउवालाई हुनुपर्छ। यसका लागि वातावरण बनाउने प्रमुख जिम्मा पनि देउवाकै छ।

नेपाल फर्किनुअघि पार्टीको आधिकारिकताका विषयमा सर्वोच्चमा गरेको पुनरावलोकनको रिट फिर्ता गर्ने, कांग्रेस इतरले आयोजना गरेको भेलालाई स्थगित गर्न लगाउने हो। यसको सट्टा सबै खाले कार्यकर्तालाई सहभागी हुने गरी अर्को भेलाको आयोजना गर्ने र सबैलाई आगामी महाधिवेशनमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण बनाउने जिम्मा पनि देउवाको काँधमा आएको छ। त्यसो त पक्कै पनि कांग्रेस सभापति गगन थापाका विषयमा पनि देउवाका प्रश्नहरू होलान्। गुनासाहरू होलान्। आवेग पनि होला। निकै रिस पनि उठेकै होला। तर, सबै रिस, आवेग र द्वेषभन्दामाथि उठेर देउवाले लिन सक्ने निर्णयले नै उहाँको राजनीतिक कदको लेखाजोखा हुनेछ।

यति लामो अन्तरद्वन्द्व, यति ठूलो राजनीतिक ऊहापोह र यति ठूलो हिंसाको चपेटाबाट उठ्नु भएका देउवाले पार्टीलाई एक बनाउने सबालमा आफ्ना अनुजप्रति प्रेम, स्नेह र क्षमा दिन सक्नु भयो भने नेपाली कांग्रेसलाई फेरि एउटै ठाउँमा उभिएको देख्न सकिनेछ। प्रस्ट छ, यो देउवाका निम्ति अन्तिम अग्निपरीक्षा हुनेछ।

अन्तर्राष्ट्रिय विमानस्थलबाटै १८ केजी गाँजा बरामद

अजवी पौड्याल | *काठमाडौं*

विमानस्थलमा ओर्लनासाथ गाँजा भरिएको लगेज आगमन कक्षमै छाडेर बाहिरिन खोजेपछि प्रहरीले उनीहरूलाई समातेको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १८ किलो गाँजासहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन्। थाइल्यान्डको बैंककबाट हङकङ ट्रान्जिट हुँदै नेपाल गाँजा ल्याएका उनीहरूलाई विमानस्थलबाटै प्रहरीले नियन्त्रणमा लिएको हो।

नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोका अनुसार क्याथे प्यासिफिकको उडानबाट मंगलबार राति काठमाडौं ओर्लिएका भारत पञ्जाबका ३६ वर्षीय सञ्जीव कुमार र २६ वर्षीय रवि कुमार पक्राउ परेका हुन्। विमानस्थलमा ओर्लनासाथ गाँजा भरिएको लगेज आगमन कक्षमै छाडेर बाहिरिन खोजेपछि प्रहरीले उनीहरूलाई समातेको थियो।

ब्युरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीका अनुसार थाइल्यान्डबाट आउने शंकास्पद यात्रुहरूमाथि प्रहरीले विशेष निगरानी गरिरहेको थियो। सोही क्रममा उनीहरूको यात्रा विवरणका आधारमा प्रहरीले सूक्ष्म निगरानी बढाएको थियो।

अनुसन्धानका क्रममा आरोपीहरूले प्रहरीको आँखा छल्न बैंककबाट सिधै काठमाडौं नआई हङकङ पुगेर नेपाल आएको खुलेको छ। ब्युरोले उनीहरूविरुद्ध लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको छ।

प्रवक्ता रेग्मी भन्छन्, 'थाइल्यान्ड वा हङकङबाट भारततर्फ जाने उडान संख्या धेरै छन् र हवाई भाडाका हिसाबले पनि भारत जान सस्तो पर्छ। सामान्यतया थाइल्यान्ड पुगेका भारतीय नागरिक नेपालको बाटो हुँदै भारत फर्कने सम्भावना निकै कम हुने भएकाले यस्ता यात्रुमाथि निगरानी बढाउँदा थाई गाँजा बरामद हुने गरेको छ।'

थाइल्यान्डबाट गाँजा तस्करी गर्ने समूहले पक्राउबाट बच्न आगमन भन्सार क्षेत्रमा लगेज छाडेर हिँड्ने र केही दिनपछि एजेन्टमार्फत दाबी गर्ने नयाँ शैली अपनाउने गरेको प्रहरीको भनाइ छ।

सामान्य परिवारका रवि र सञ्जीव आर्थिक प्रलोभनमा परेर गाँजा बोक्न तयार भएको हुनसक्ने प्रहरीको अनुमान छ। पछिल्लो समय नेपाललाई 'ट्रान्जिट' बनाएर थाई गाँजा तथा अन्य लागुऔषध तस्करीमा भारतीय नागरिकको संलग्नता बढ्दो छ।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८२/८३ मा देशभर लागुऔषधसम्बन्धी ५,७९१ वटा मुद्दा दर्ता भएका छन्, जसमा सबैभन्दा बढी कोशी प्रदेशमा १,३१४ वटा मुद्दा छन्।

उक्त अवधिमा काठमाडौं उपत्यकासहित देशभरबाट ९ हजार २ सय ९२ जना पक्राउ परेका थिए। पक्राउ पर्नेमा (२९ महिलासहित ३ सय ५८ जना भारतीय नागरिक र ५ महिलासहित १७ जना अन्य विदेशी नागरिक छन्।

पाटन बार चुनावमा तीन समूहबीच प्रतिस्पर्धा

सागर घले | *काठमाडौं*

सेवन्तराज निरौला

भेषराज पोखरेल

देवीप्रसाद रिजाल

उच्च अदालत बार एसोसिएसन पाटनको आगामी निर्वाचनमा तीन समूहबीच प्रतिस्पर्धा हुने भएको छ। साउन ३० गते हुने निर्वाचनमा स्वतन्त्र कानुन व्यवसायी मञ्च, बृहत् प्रगतिशील तथा पेसागत समूह र लोकतान्त्रिक कानुन व्यवसायी समूहले छुट्टाछुट्टै प्यानलसहित उम्मेदवारी दिएका छन्।

स्वतन्त्र कानुन व्यवसायी मञ्चबाट अधिवक्ता भेषराज पोखरेल, बृहत् प्रगतिशील तथा पेसागत समूहबाट अधिवक्ता सेवन्तराज निरौला र लोकतान्त्रिक कानुन व्यवसायी समूहबाट अधिवक्ता देवीप्रसाद रिजाल अध्यक्ष पदका उम्मेदवार बनेका छन्। उच्च अदालत बार एसोसिएसन पाटनको आर्थिक वर्ष २०८३/८५ का लागि नयाँ कार्यसमिति चयन गर्न निर्वाचन हुन लागेको हो। उपाध्यक्ष पदमा दुर्गाप्रसाद चिमरिया, टीकाराम पोखरेल, धर्मप्रसाद पौडेल र नारदमुनि सिग्देलबीच प्रतिस्पर्धा हुँदैछ। सचिव पदमा राजीव पोखरेल, विदुरप्रसाद अधिकारी (बीपी) र सविता बिमली उम्मेदवार छन्। यस्तै, सहसचिव पदमा सीमा सुवेदी, श्वेता कुमारी र उपमा पोखरेल तथा कोषाध्यक्ष पदमा दिलकुमार कार्की, अंशु न्हिसुतु र पूर्णरत्न तुलाधरबीच प्रतिस्पर्धा हुनेछ। महिला सदस्यका लागि अनिता पौडेल, इन्दिरा कुमारी शर्मा (सुवेदी), बबिता राई, बिन्द्रा दुमरु, सुमित्रा पाण्डे र कृष्णकुमारी पोखरेल उम्मेदवार छन्। खुला सदस्य पदका लागि भने २४ जनाले उम्मेदवारी दिएका छन्।

स्वतन्त्र कानुन व्यवसायी मञ्चका अध्यक्षका उम्मेदवार पोखरेलले न्यायिक सुधार, कानुन व्यवसायीको संरक्षण, बार-बेन्चबीच स्वस्थ सम्बन्ध र बारको संस्थागत विकासलाई प्राथमिकतामा राखेका छन्। उनले पेसागत आचारसहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्।

युवा कानुन व्यवसायीका लागि रोजगारी तथा तालिम कार्यक्रम सञ्चालन, बारको डिजिटलीकरण, ई-लाइब्रेरी स्थापना, इजलास व्यवस्थापनमा सुधार, ई-फाइलिङ तथा भिडियो सुनुवाइको व्यवस्था, आपत्कालीन सहायता कोष स्थापना र विपन्न नागरिकलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने विषयलाई पनि स्वतन्त्र कानुन व्यवसायी मञ्चले आफ्नो प्राथमिकतामा राखेका छन्।

बृहत् प्रगतिशील तथा पेसागत समूहका अध्यक्षका उम्मेदवार निरौलाले बारलाई थप संस्थागत र स्वतन्त्र बनाउँदै कानुन व्यवसायीको हितमा काम गर्ने बताएका छन्। 'हामी नेपाल बारका लागि आगिक बार हौं। बारले तोकेको सिद्धान्त मातहतमा रहेर काम गर्नेछौं,' उनले भने। निरौलाले पछिल्लो समय न्यायपालिकामाथि कार्यपालिकाको हस्तक्षेप बढेको महसुस गरिएको दाबी गर्दै त्यसविरुद्ध आवाज उठाउने बताए। 'अहिले न्यायपालिकामाथि कार्यपालिकाले गरेको हस्तक्षेप धेरैले महसुस गरेका छन्। यसको असर न्याय प्रशासनसम्म देखिएको छ। यस्तो अवस्थामा हामीले त्यसको भर्त्सना गर्ने प्रयास गर्नेछौं,' उनले भने। युवाको नेतृत्व, निर्णयमा युवाको सहभागिता र कानुन व्यवसायीको व्यावसायिक हितलाई आफ्नो समूहले प्राथमिकतामा राखेको उनको भनाइ छ।

लोकतान्त्रिक कानुन व्यवसायी समूहका अध्यक्षका उम्मेदवार रिजाललले बारलाई प्रविधिमैत्री र कानुन व्यवसायीको हितमा केन्द्रित बनाउने प्रतिबद्धता जनाएका छन्। 'प्रविधिमैत्री, डिजिटलमैत्री, ई-पुस्तकालय र कानुन व्यवसायीहरूको जीवन बिमालाई प्राथमिकतामा राख्नेछौं,' उनले भने।

रिजाललले अदालतका फैसला प्रभावकारी रूपमा कार्यान्वयन गराउन विशेष पहल गर्ने पनि बताए। उनका अनुसार कानुन व्यवसायीको व्यावसायिक सुरक्षा, संस्थागत विकास र न्यायिक प्रक्रियालाई थप प्रभावकारी बनाउने विषयलाई समूहले प्राथमिकतामा राखेको छ।

तीनवटै समूहले बारको संस्थागत सुदृढीकरण, कानुन व्यवसायीको पेसागत हित र न्यायिक सुधारलाई चुनावी एजेन्डा बनाएका छन्।

३ दिनदेखि वडा कार्यालयको ताला खुलेन

धादिङ (अन्नपूर्ण) : धादिङको सिद्धलेक गाउँपालिका-७ मा कार्यरत कर्मचारी शान्ति मगरातीलाई म्याद थप नगरी सेवाबाट हटाइएको विरोधमा स्थानीयवासीले वडा कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्। तालाबन्दीका कारण साउन २५ गतेदेखि लगातार तीन दिनसम्म वडा कार्यालयबाट हुने सेवा प्रवाह प्रभावित भएको छ।

गाउँपालिकाले साउन ६ गते पत्रमार्फत वडा सचिवको जिम्मेवारीसमेत सम्हाल्दै आएकी मगरातीको म्याद थप नगर्ने निर्णय गरेपछि स्थानीय आक्रोशित भएका हुन्। उनीहरूले सोमबार वडा कार्यालयको मूल ढोकामा तालाबन्दी गरेका थिए। तालाबन्दीका कारण दैनिक सिफारिस, नाता प्रमाणितलगायत प्रशासनिक तथा अत्यावश्यक नागरिक सेवा ठप्प भएका छन्। स्थानीयका अनुसार तत्कालीन जिल्ला विकास समितिमार्फत २०६७ सालमा नियुक्त भएका मगरातीसँगैका अन्य दुई कर्मचारीलाई पालिकाले निरन्तरता दिए पनि मगरातीलाई मात्र हटाइएको हो। बालुवा प्रशोधन केन्द्रसम्बन्धी विवादलाई जोडेर गाउँपालिका अध्यक्ष परशुराम खतिवडाले उनलाई हटाएको स्थानीयको आरोप छ।

खगेन्द्र...

राप्रपा प्रमुख सचेतक खुश्बु ओलीले आईजीपीको राजीनामा माग्नु र असभ्य रूपमा प्रस्तुत हुनु अनुशासन बाहिरको कुरा भएको बताइन्। सांसद गोविन्द पन्थी र महेन्द्रबहादुर शाहीले पनि सुरक्षा निकायका प्रमुखलाई समितिमा बोलाएर निलम्बनकै माग गर्नु र अपराधीजस्तै व्यवहार गर्नु दुःखद् भएको टिप्पणी गरे।

सांसद सुनारको आरोपप्रति कडा आपत्ति जनाउँदै आईजीपी दानबहादुर कार्कीले आफूहरू प्रहरी भएकै कारण सधैं अबगाल खाइराख्नुपर्ने हो भन्दै प्रश्न गरे। मञ्चमा बसेर सजिलै गालीगलौज गर्ने संस्कृति सिक्न नपाइएको भन्दै उनले आक्रोश पोखे।

'न त ३ करोड हराएको छ, न हाम्रा घरपरिवारका मान्छेहरू संलग्न छन्। प्रहरी भएकै कारणले सधैं सबै कुराको अबगाल खाइराख्नुपर्ने हो र ?,' आईजीपी कार्कीले चिढिँदै भने, 'मेरो र मेरो परिवारको बैंक डिटेल्स, कल रेकर्ड जे-जे हेर्नुपर्छ हेर्नुस्। उच्च पदमा बसेपछि कालकुट विष पिएर निलेर बस्नुपर्ने बाध्यता रहेछ।'

गृहसचिव राजकुमार श्रेष्ठले पनि निर्वाचनका बेला छिटो प्रक्रियाबाट म्यादी प्रहरीको खातामा सिधै पैसा पठाइएकाले मन्त्रालयका तर्फबाट कुनै अनियमितता नभएको दाबी गरे।

सार्वजनिक लेखा समितिले नेपाल प्रहरी र सशस्त्र प्रहरीको पोसाक तथा सामग्री खरिदको पूर्ण विवरण १५ दिनभित्र पेस गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिका सभापति भरतबहादुर खड्काका अनुसार गत निर्वाचनका बेला निर्वाचन प्रहरीको पोसाक खरिदमा अनियमितता भएको भन्दै उजुरी परेकाले आन्तरिक, प्राविधिक तथा आर्थिक मूल्यांकन, आपूर्ति गुणस्तर परीक्षण, बिल तथा भुक्तानी विवरण समितिमा पेस गर्न निर्देशन दिइएको छ।

SANIMA RELIANCE LIFE INSURANCE LIMITED
Naxal-01, Kathmandu, Nepal
+977-01-4797124/01-4797225 sanimareliancelife.com info@sanimareliancelife.com

Quarterly Financial Results for Fourth Quarter, F.Y. 2082/83

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION

Fig in NPR.

Particulars	Unaudited: At the end of this Quarter	Audited: At the end of Immediate Previous Year
Goodwill & Intangible Assets	36,834,758	36,639,039
Property and Equipment	348,468,231	421,721,235
Investment Properties	-	-
Deferred Tax Assets	7,830,130	15,432,624
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investments	27,775,264,625	21,255,552,938
Loans	1,983,318,185	1,627,236,021
Reinsurance Assets	5,107,633	6,161,453
Current Tax Assets	730,551,256	605,562,033
Insurance Receivables	-	216,208,438
Other Assets	40,101,730	537,555,037
Other Financial Assets	258,305,457	380,036,959
Cash and Cash Equivalent	1,082,878,673	1,471,215,979
Total Assets	**32,268,660,678**	**26,573,321,755**
Equity:		
Share Capital	5,014,924,056	5,014,924,056
Share Application Money Pending Allotment	-	-
Share Premium	-	-
Catastrophe Reserves	185,925,003	147,896,621
Retained Earnings	359,883,814	532,770,188
Other Equity	86,898,886	78,294,812
Total Equity	**5,647,631,758**	**5,773,885,677**
Liabilities:		
Provisions	38,291,009	38,291,009
Gross Insurance Contract Liabilities	25,555,987,859	19,628,671,251
Deferred Tax Liabilities	-	-
Insurance Payables	20,024,222	57,603
Current Tax Liabilities	-	-
Borrowings	-	-
Other Liabilities	543,556,140	678,615,896
Other Financial Liabilities	463,169,689	453,800,319
Total Liabilities	**26,621,028,920**	**20,799,436,078**
Total Equity and Liabilities	**32,268,660,678**	**26,573,321,755**

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS

Fig in NPR.

Particulars	Current Year: This Quarter	Current Year: Up to this Quarter (YTD)	Corresponding Previous Year: This Quarter	Corresponding Previous Year: Up to this Quarter (YTD)
Income:				
Gross Earned Premiums	2,594,364,256	8,090,603,908	2,206,854,017	7,005,368,371
Premiums Ceded	(57,905,863)	(236,535,359)	(97,847,069)	(244,723,555)
Net Earned Premiums	**2,536,458,393**	**7,854,068,549**	**2,109,006,948**	**6,760,644,816**
Commission Income	-	-	-	-
Other Direct Income	6,656,749	23,578,899	4,776,630	17,433,736
Interest Income on Loan to Policyholders	29,272,916	115,535,544	26,918,416	121,895,663
Income from Investments and Loans	370,105,294	1,506,501,927	389,126,071	1,576,851,807
Net Gain/(Loss) on Fair Value Changes	-	-	-	-
Net Realised Gains/(Losses)	33,330,415	103,264,632	38,148,219	211,724,766
Other Income	(215,524)	222,718	204,198	3,101,880
Total Income	**2,975,608,242**	**9,603,172,269**	**2,568,180,482**	**8,691,652,668**
Expenses:				
Gross Benefits and Claims Paid	411,330,928	1,570,563,268	474,301,541	1,771,177,255
Claims Ceded	(70,056,086)	(251,243,460)	(101,733,775)	(362,703,383)
Gross Change in Contract Liabilities	1,864,883,790	5,897,120,637	1,463,321,382	5,130,810,613
Change in Contract Liabities Ceded to Reinsurers	10,669,781	1,053,819	9,615,962	3,489,076
Net Benefits and Claims Paid	**2,216,828,414**	**7,217,494,264**	**1,845,505,109**	**6,542,773,561**
Commission Expenses	279,585,905	820,648,818	249,849,384	718,678,721
Service Fees	19,023,529	58,905,605	16,186,787	51,074,071
Other Direct expenses	2,171,634	2,171,634	-	-
Employee Benefits Expenses	124,667,878	494,961,892	99,493,506	441,706,131
Depreciation and Amortization Expenses	18,767,033	78,794,282	22,352,063	88,314,776
Impairment Losses	-	-	(1,478,268)	(1,478,268)
Other Operating Expenses	261,064,988	514,146,862	287,597,510	443,874,177
Finance Cost	11,687,657	35,765,097	11,068,152	33,546,852
Total Expenses	**2,933,797,038**	**9,222,888,453**	**2,530,574,243**	**8,318,490,021**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**41,811,204**	**380,283,815**	**37,606,238**	**373,162,648**
Share of Net Profit of Associates accounted using Equity Method				
Profit Before Tax	**41,811,204**	**380,283,815**	**37,606,238**	**373,162,648**
Income Tax Expenses	(1,195,234)	(3,581,200)	(2,229,881)	(4,331,010)
Net Profit/(Loss) For The Year	**43,006,438**	**383,865,015**	**39,836,120**	**377,493,658**
Earning Per Share				
Basic EPS	3.43	7.65	3.18	7.53
Diluted EPS	3.43	7.65	3.18	7.53

CONDENSED CONSOLIDATED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

Fig in NPR.

Particulars	Current Year: This Quarter	Current Year: Upto this Quarter (YTD)	Corresponding Previous Year: This Quarter	Corresponding Previous Year: Upto this Quarter (YTD)
Net Profit/(Loss) For The Year	43,006,438	383,865,015	39,836,120	377,493,658
Other Comprehensive Income	65,952,624	33,551,080	34,393,573	(19,899,197)
Total Comprehensive Income	**108,959,063**	**417,416,094**	**74,229,693**	**357,594,461**

OTHER INDICATORS

Particulars	Current Year: Upto this Quarter (YTD)	Previous Year: Upto this Quarter (YTD)
1. Total inforce Policy count	529,212	664,629
2. No. of Policies Issued During the Year	282,884	491,348
3. First Year Premium (Including Single Premium)	2,446,162,003	2,122,113,868
4. Single Premium	747,338,038	422,097,340
5. Renewal Premium	5,644,441,905	4,883,254,503
6. Total Benefits and Claims Paid in Count	12,281	14,365
7. Outstanding Benefits and Claims in Count	5,666	5,607
8. Gross Claim Outstanding Amount	435,977,116	416,430,466
9. Declared Bonus rate (FY 2081/82)	Rs. 19-75 Per Thousand	Rs. 19-75 Per Thousand
10. Interim bonus rate	Rs. 19-75 Per Thousand	Rs. 19-75 Per Thousand
11. Long Term Investments (Amount)	14,819,886,085	12,679,820,566
12. Short Term Investments (Amount)	12,707,601,456	8,388,916,634
13. Policyholders Loan	1,926,709,834	1,562,285,088
14. Investment in Cost Value	27,527,487,541	21,068,737,200
15. Life Insurance Fund (Amount)	25,120,010,743	19,298,110,641
16. Unearned premium reserves for term policies (Amount)	182,020,595	422,686,030
17. Solvency Margin Ratio (FY 2081.82)	1.57	1.46

Note:Detailed interim report has been published in company website.
* The figures has been restated/regrouped as per the requirement
* Foreign Employment premium may subject to change based on allocation from Foreign Employment Pool Manager.

Disclosure as per Section 84(3) of Insurance Act, 2079

1. Solvency Ratio related disclosure: The compay has maintained solvency ratio of 1.57 (Regulatory requirement:1.3) as per its latest approved Actuarial Valuation Report of FY 2081.82.
2. Reinsurance related disclosure: The company has entered into reinsurance agreement with Domestic Reinsurers as per the NIA Directive to minimize its overall risks which is adequate based on companies risk exposure.
3. Details regarding legal proceeding: There are no legal proceedings against the company arising from activities other than those from normal business operations.
4. Corporate Governance: The company has complied with the Corporate governance Directive issued by Nepal Insurance Authority.
5. Regulatory limit on expenses ratio: The expenses of company is below the expense ratio as stipulated by Nepal Insurance Authority.
6. The company had started Joint Operation as merged company from 2079/12/09. The company has complied with all the applicable laws ,directives and circulars issued by regulatory authorities.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) को प्रयोजनका लागि

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०८२/८३ को चौथो त्रैमासिकको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।

कम्पनीले आ.व. २०८२/८३ को चौथो त्रैमास सम्ममा रु. ३८.३८ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा १.७ प्रतिशतको वृद्धि भएको छ।

कम्पनीले आ.व. २०८२/८३ को चौथो त्रैमास सम्ममा रु. १ अर्ब ५७ करोड कुल दावी भुक्तानी गरेको छ। कम्पनीले आ.व. २०८२/८३ को चौथो त्रैमास सम्ममा रु. २७.७८ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत वर्षको सोहि अवधिसम्मको कुल लगानी रु. २१.२६ अर्ब मा ३०.६ प्रतिशतको वृद्धि हो।

(ख) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण : समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको वीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ। : सो नभएको।

(ग) प्रमुख वित्तीय अनुपातहरु :

वीमाङ्कीय मुल्यांकन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ।

प्रति शेयर आम्दानी (बार्षिकरण)*	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य
रु. ७.६५	४९.४९	११२.६२	६४३.४५

* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिइएको छ।

२. व्यवस्थापकिय विश्लेषण :

(क) कम्पनीको आ.व. २०८२/८३ को चौथो त्रैमासिकसम्म अवधिमा कुल वीमाशुल्क रु. ८ अर्ब ९ करोड रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल वीमा शुल्क रु. ७ अर्ब तुलनामा १५ प्रतिशतले वृद्धि हो। त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ।

(ख) वीमा शिक्षा, वीमा सचेतना, वीमा विस्तार लगायतका काममा अग्रसर रही बजारको माग अनुरुप नयाँ वीमा योजनाहरु प्रस्तुत गरी समग्रमा बिमीतहरुको हितलाई केन्द्रविन्दुमा राखी वीमा बजार विस्तार गर्दै सेवाग्राहिहरुलाई व्यावसायिक वीमा सेवा उपलब्ध गराउने कार्य जारी छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण : सो नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :

(क) शेयरको मुल्य बजारमा हुने कारोवारले निर्धारण गर्दछ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवारको विवरण :

अधिकतम मुल्य	न्यूनतम मुल्य	अन्तिम मूल्य	कारोबार संख्या	कारोबार दिन
रु. ४१०	रु. ३६७	रु. ३७८.८	११,९७,०८९ किता	६४

५. समस्या तथा चुनौती: जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् :

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भईरहेको भएतापनि देशको विकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा बारे जनचेतनाको कमी रहनु।
- सिमित लगानीका क्षेत्रहरु।
- अधिक तरलता र आर्थिक मन्दीले अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु।
- नयाँ योजनाहरु जारी गर्न अनुसन्धान तथा विकासको लागि पर्याप्त र अद्यावधिक तथ्याङ्को अभाव।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास द्रुत गतिमा हुन नसकेको।

६. संस्थागत सुशासन :

विद्यमान ऐन कानून तथा नियमन निकायबाट जारी गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरी लागु गरेका विभिन्न निति नियमहरु बमोजिम व्यवसायिक सुशासन तथा पारदर्शिताका आधारमा आफ्नो कार्यसम्पादन गरिआएको छ। साथै कम्पनीका सञ्चालक एवं व्यवस्थापन तहका पदाधिकारीहरु रहने गरी लेखापरिक्षण समिति, आर्थिक समिति, लगानी समिति, मानव संसाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति, वित्तीय सल्भेन्सी र पूनर्वीमा समिति, कर्मचारी सम्वन्ध समिति र आवश्यकता अनुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामूहिक रुपमा निर्णयहरु गरी जोखिमलाई कम गर्ने, उच्चस्तरीय तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना उच्च रुपमा गरिआएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

धनकुटा नगरपालिकामा हाई-क्यास परियोजनाको सम्झौता

हरिबहादुर लम्जेल | *धनकुटा*

हिन्दुकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा स्थानीय समुदायको उत्थानका लागि सञ्चालन भइरहेको इन्टिग्रेटेड क्लाइमेट एडप्सन सोलुसन फर द हिन्दुकुश हिमालय (हाई-क्यास) परियोजनाका लागि धनकुटा नगरपालिकासँग सम्झौता भएको छ। बुधबार आयोजित कार्यक्रममा धनकुटा नगरपालिकाका नगरप्रमुख चिन्तन तामाङ, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का महानिर्देशक पेमा ग्याम्त्सो र वातावरणीय तथा कृषि नीति अनुसन्धान, विस्तार तथा विकास केन्द्र (सिप्रेड)का कार्यकारी निर्देशक जयमुकुन्द खनालले संयुक्त रूपमा परियोजनाको आशयपत्रमा हस्ताक्षर गरेका हुन्।

ग्लोबल अफेयर्स क्यानडाको सहयोगमा इसिमोडको नेतृत्व तथा सिप्रेडसँगको सहकार्यमा सञ्चालन भइरहेको हाई-क्यास परियोजना धनकुटा नगरपालिका वडा नं. ८ तथा काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका वडा नं. १ र २ मा कार्यान्वयन भइरहेको छ। नेपालमा यो परियोजना सन् २०२६ मार्चदेखि सञ्चालनमा रहेको छ।

परियोजनाअन्तर्गत लैंगिक समानता तथा सामाजिक समावेशीकरण, मुहान संरक्षण तथा व्यवस्थापन, नवीकरणीय ऊर्जा र कृषि जैविक विविधता संरक्षणलाई एकीकृत गरी स्थानीय रूपमा पहिचान भएका जलवायु जोखिम सम्बोधन गरिने बताइएको छ। परियोजनाले जोखिममा रहेका समुदाय, जीविकोपार्जन, पारिस्थितिक प्रणाली तथा कृषि जैविक विविधताको उत्थान गर्ने लक्ष्य राखेको छ।

परियोजनाको एकीकृत अनुकूलन समाधान प्याकेजअन्तर्गत जलाधार क्षेत्र व्यवस्थापन, सिँचाइ पहुँच सुधारका लागि नवीकरणीय ऊर्जा तथा स्थानीय समुदायले पहिचान गरेका जलवायु जोखिमलाई सम्बोधन गर्न कृषि जैविक विविधता संरक्षणलाई जोड दिइएको छ।

समझदारीपत्रमा हस्ताक्षर भएपछि परियोजना साझेदारबीच भूमिका र जिम्मेवारी स्पष्ट हुनुका साथै स्थानीय तहका योजना, कार्यक्रम, प्राथमिकता तथा बजेटसँग परियोजनाका गतिविधिलाई जोड्ने अपेक्षा गरिएको छ। यसले स्थानीय स्वामित्व, दिगोपना तथा प्रभावकारी जलवायु अनुकूलनका अभ्यासलाई विस्तार गर्न सहयोग पुग्ने जनाइएको छ।

कार्यक्रममा धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले नगरपालिकाले यसअघि नै लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी जलाधार क्षेत्र व्यवस्थापनलाई प्रवर्द्धन गरिरहेको बताए। उनले जलवायु अनुकूलनका समाधानलाई अपनाउँदै आगामी दिनमा यसको विस्तार गर्ने अवसर रहेको उल्लेख गरे।

त्यस्तै, रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले हाई-क्यास कार्यान्वयनका लागि आवश्यक सहयोग प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको बताए।

देउवाको...

देउवा बिहीबार मध्याह्न साढे १२ बजे काठमाडौं अवतरण हुनेछन्। उनी थाई एयरबाट स्वदेश फर्किन लागेका हुन्।

जेन–जी आन्दोलनका क्रममा भएको सांघातिक आक्रमणमा परी घाइते भएका पूर्वसभापति देउवा १३ फागुन राति सिंगापुर एयरलाइन्सको उडानबाट सिंगापुर गएका थिए। उनी ७ चैत २०८२ मा सिंगापुरबाट थप उपचारका लागि भन्दै हङकङ पुगेका थिए।

स्वदेश फर्किएपछि देउवा शुक्रबार सुकेधारस्थित मिराकल पार्टी प्यालेसमा आयोजना हुने इतर समूहको राष्ट्रिय भेलामा सहभागी हुनेछन्।

देउवाको स्वागतका लागि इतर पक्षले ठूलो संख्यामा नेता कार्यकर्ता परिचालन गर्ने तयारी गरेको छ। रातिको सट्टा दिउँसो आगमनको समय मिलाइनुलाई पनि यही रणनीतिक तयारीसँग जोडेर हेरिएको छ। दिउँसोको समयमा काठमाडौं उपत्यकासहित विभिन्न जिल्लाबाट नेता कार्यकर्तालाई विमानस्थलमा उपस्थित गराउन सहज हुने अपेक्षा गरिएको छ।

राष्ट्रिय भेलामा 'सभापति'कै हैसियतमा सम्बोधन

देउवा पक्षले साउन २९ मा आयोजना गर्ने राष्ट्रिय भेलालाई भने अझ महत्त्वपूर्ण राजनीतिक मञ्चका रूपमा अघि सारेको छ। भेलामा देउवालाई प्रमुख अतिथि बनाउने र १४औं महाधिवेशनबाट निर्वाचित सभापतिको हैसियतमा सम्बोधन गराउने तयारी गरिएको छ।

देउवा पक्षका नेता एनपी साउदका अनुसार देउवा नै १४औं महाधिवेशनबाट निर्वाचित सभापति भएकाले उनले सभापतिकै हैसियतमा भेलालाई सम्बोधन गर्नेछन्। साउद भन्छन्, 'नयाँ नेतृत्व चयन गर्नेभन्दा राजनीतिक दिशा र आगामी रणनीति तय गर्ने उद्देश्य हो।'

देउवा पक्षका अर्का एक नेता भने राष्ट्रिय भेलाले राजनीतिक महत्त्व बढाएको बताउँदै देउवालाई पूर्वसभापतिको रूपमा मात्रै प्रस्तुत गर्ने नभई पार्टीको वैध नेतृत्वको दाबीसमेत दोहोऱ्याउने संकेत गरेको बताउँछन्।

विशेष महाधिवेशनबाट महामन्त्री निर्वाचित भएका नेता गुरुराज घिमिरे भने देउवाले देशको राजनीतिक परिवेश बुझेरै कदम चाल्ने बताउँछन्। 'आउनुहुन्छ, सत्यतथ्य बुझ्नुहुन्छ,' उनी भन्छन्, 'पार्टीको जनलहर हेर्नुहुन्छ। पार्टीको हितमै कदम चाल्नुहुनेछ भन्ने विश्वास छ।'

अदालतको नयाँ निर्णयपछि पार्टीका सबै नेताहरू एकै ठाउँमा बस्ने मौका मिलेको घिमिरेको भनाइ छ। 'त्यसैले विकसित घटनाक्रमलाई एकताबद्ध भएर पार्टीको महाधिवेशन सम्पन्न गर्ने अवसरका रूपमा उपयोग गर्न सक्छौं,' उनी भन्छन्, 'पूर्वसभापतिजीले यो परिस्थितिलाई बुझ्नुहुन्छ भन्ने लाग्छ।'

घिमिरेको भनाइमा समर्थन जनाउँदै कांग्रेस प्रमुख सचेतक वासना थापा थप्छिन्, 'यति लामो समय पार्टीलाई योगदान दिएको व्यक्ति हाम्रा अभिभावकले पार्टीमा सकारात्मक प्रयास गरिदिनुहुनेछ भन्ने छ।'

५५१ सदस्यीय आयोजक समिति, ३२ समिति सक्रिय

राष्ट्रिय भेलालाई व्यवस्थित बनाउन डा. शशांक कोइरालाको नेतृत्वमा ५ सय ५१ सदस्यीय राष्ट्रिय भेला आयोजक समिति गठन गरिएको छ। भेलाका लागि राजनीतिक, समसामयिक, सांगठनिक, विधान तथा कानुनी र आर्थिक नीतिसम्बन्धी पाँच विषयगत समिति बनाइएको छ।

कार्यक्रम व्यवस्थापनका लागि २७ वटा सञ्चालन समिति गठन गरिएको छ। थप १३ उपसमितिमार्फत संगठन, विचार, राजनीति, सामाजिक, विधान र आर्थिक विषय तथा विभिन्न व्यवस्थापनसम्बन्धी जिम्मेवारी बाँडिएको छ। सबै समितिले आ-आफ्नो जिम्मेवारीअनुसार काम अघि बढाइरहेको नेता साउदले बताएका छन्।

साउदका अनुसार भेलामा १४औं महाधिवेशनमा सहभागी सबै प्रतिनिधिलाई निमन्त्रणा गरिनेछ। राष्ट्रिय भेलालाई पुराना प्रतिनिधि तथा नेताहरूलाई पुनः संगठित गर्ने अवसरका रूपमा पनि हेरिएको छ।

अदालतको पुनरावलोकनले बढाएको उत्साह

देउवा पक्षको पछिल्लो सक्रियताको बल सर्वोच्च अदालतले दिएको पुनरावलोकनको अनुमति बनेको छ। निर्वाचन आयोगले गगन थापा नेतृत्वलाई मान्यता दिएको विषयमा देउवा पक्षले अदालतको बाटो रोजेको थियो। सर्वोच्च अदालतले चैत १८ मा निर्वाचन आयोगको निर्णयलाई सदर गरेपछि देउवा पक्षले पुनरावलोकन निवेदन दायर गरेको थियो।

कांग्रेस नेता शेखर कोइराला पनि अदालतको आदेशले पार्टी मिल्नका लागि समेत प्रेरणा दिएको अर्थ्याउँछन्। 'अदालतको आदेश आउनुभन्दा पहिले हामी आफैं बसेर मिलौं, नमिल्ने कुरा के छ र,' उनी भन्छन्, 'अदालतले जे गरेको छ, त्यो हाम्रा लागि अवसर पनि हो।'

साउन ६ मा पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले पुनरावलोकनका लागि निवेदन दिएका थिए। साउन २० मा सर्वोच्च अदालतले पुनरावलोकनका लागि अनुमति दिएपछि देउवा पक्षमा पुनः राजनीतिक आशा जागेको देखिन्छ।

देउवा पक्षका नेता मीन विश्वकर्माले विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई आफूहरूले सुरुदेखि नै अवैधानिक भन्दै आएको र अदालतले पुनरावलोकनको अनुमति दिएपछि विवादको न्यायिक परीक्षण पुनः सुरु भएको उल्लेख गर्दै भने, 'अदालतले पुनरावलोकनको अनुमति दिनुलाई निर्वाचन आयोग र प्रारम्भिक अदालतको निर्णयमा पुनः परीक्षण आवश्यक देखिएको संकेतका रूपमा व्याख्या गरेका छौं।' देउवाले आफू वैध सभापति भएको दाबी अदालतमा निरन्तर राख्दै आएका कारण अन्तिम फैसला नआएसम्म १४औं महाधिवेशनबाट निर्वाचित सभापतिको हैसियत कायम रहनेछ।

गगन पक्ष पनि पछि हट्ने अवस्थामा छैन

देउवा पक्षले राष्ट्रिय भेलामार्फत समानान्तर राजनीतिक गतिविधि तीव्र पारिरहँदा कांग्रेस संस्थापन पक्ष भने विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वको वैधानिकता अदालतमा बचाउने तयारीमा छ।

सभापति गगन थापाले सर्वोच्च अदालतको पुनरावलोकन प्रक्रियालाई विश्वासका साथ सामना गर्ने बताएका छन्। उनले विगतमा अदालतमा स्थापित भएको तथ्य पुनः अदालतमा स्थापित हुने दाबी गर्दै न्यायालयप्रति विश्वास कायम राख्न कार्यकर्तालाई आग्रह गरेका छन्।

थापाले १५औं नियमित महाधिवेशनको तयारी कुनै हालतमा नरोकिने स्पष्ट पारेका छन्। सदस्यता अद्यावधिक, वडा अधिवेशन तथा त्यसपछिका अधिवेशन प्रक्रियालाई अघि बढाउने संस्थापन पक्षको तयारी छ।

यही कारण कांग्रेस अहिले एउटै पार्टीभित्र दुईवटा राजनीतिक प्रक्रियामा अघि बढेको देखिन्छ। एकातिर थापा पक्ष नियमित महाधिवेशनको तयारीमा छ भने अर्कातिर देउवा पक्ष राष्ट्रिय भेलामार्फत आफ्नो राजनीतिक अस्तित्व र नेतृत्वको दाबी पुनः स्थापित गर्ने रणनीतिमा छ।

देउवाको 'कमब्याक' कि नयाँ राजनीतिक मोड ?

देउवाको नेपाल आगमन र त्यसको भोलिपल्ट हुने राष्ट्रिय भेलाले कांग्रेसको आगामी शक्ति समीकरणमा महत्त्वपूर्ण प्रभाव पार्न सक्ने देखिन्छ। देउवा पक्षले अहिले नयाँ नेतृत्व घोषणा नगरी राजनीतिक दिशा तय गर्ने बताएको छ। तर अदालतबाट आफ्नो पक्षमा फैसला नआएमा नयाँ नेतृत्व चयन गर्दै छुट्टै राजनीतिक बाटो लिनेसम्मको सम्भावना पनि छलफलमा रहेको स्रोतको दाबी छ।

संस्थापन पक्षका एक पदाधिकारी भने विमानस्थलको स्वागतदेखि राष्ट्रिय भेलामा देउवाको सम्बोधनसम्मका कार्यक्रमलाई केवल औपचारिक गतिविधिका रूपमा हेर्न नमिल्ने बताउँछन्। स्वागतमा देखिने भिडले देउवाको व्यक्तिगत लोकप्रियताभन्दा बढी उनको राजनीतिक नेटवर्क कति सक्रिय छ भन्ने संकेत दिनेछ भने राष्ट्रिय भेलामा हुने सम्बोधनले कांग्रेसभित्र देउवा पक्षको आगामी राजनीतिक रणनीतिको दिशा स्पष्ट गर्नेछ।

अझ महत्त्वपूर्ण अदालतको पुनरावलोकनबाट आउने निर्णयले कांग्रेसको शक्ति समीकरणलाई निर्णायक रूपमा प्रभावित गर्न सक्छ। फैसला देउवा पक्षमा आएमा वर्तमान कांग्रेस नेतृत्वमाथि ठूलो राजनीतिक चुनौती खडा हुनेछ। फैसला प्रतिकूल भएमा भने राष्ट्रिय भेलाले तय गर्ने रणनीति देउवा पक्षको आगामी राजनीतिक यात्राका लागि निर्णायक बन्न सक्छ।

सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड
Sampada Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालयः गैंडाकोट न.पा.-०५, नवलपरासी (ब.सु.पू.)
फोन नम्बर : ०७८-५९५९००
Email: info@sampadalaghubitta.com.np, Website: www.sampadalaghubitta.com.np

Unaudited Financial Result (Quarterly)
As on Quarter ended 32nd Ashad 2083

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 32nd Ashad 2083

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
		Amount (NPR)
Assets		
Cash and Cash Equivalents	134,803,524.83	547,099,373.09
Statutory Balances and due from Nepal Rastra Bank	50,111,403.76	49,611,403.76
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	10,416,398,496.68	9,782,473,281.74
Investment Securities	-	-
Current Tax Assets	71,385,594.98	71,305,174.49
Investment Property	-	-
Property and Equipment	93,106,097.18	90,080,777.10
Goodwill and Intangible Assets	746,153.25	691,062.84
Deferred Tax Assets	24,455,904.68	24,455,904.68
Other Assets	39,447,254.16	11,499,441.60
Total Assets	**10,830,454,429.52**	**10,577,216,419.30**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	3,080,441,990.50	2,722,727,099.22
Borrowings	6,130,113,046.74	6,595,218,713.50
Current Tax Liabilities	97,672,649.76	
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	303,312,254.13	269,144,003.61
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**9,611,539,941.13**	**9,587,089,816.33**
Equity		
Share Capital	700,858,345.00	700,858,345.00
Share Premium	-	-
Retained Earnings	160,497,616.80	20,280,499.86
Reserves	357,558,526.60	268,987,758.11
Total Equity	**1,218,914,488.40**	**990,126,602.97**
Total Liabilities and Equity	**10,830,454,429.52**	**10,577,216,419.30**

Condensed Statement of Profit & Loss
For the Quarter ended 32nd Ashad 2083

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter Ashad	This Quarter	Upto This Quarter
				Amount (NPR)
Interest Income	418,343,801.81	1,422,209,524.18	294,922,629.94	1,329,244,565.25
Interest Expense	142,937,861.33	575,111,041.24	162,852,553.05	713,839,649.47
Net Interest Income	**275,405,940.48**	**847,098,482.94**	**132,070,076.89**	**615,404,915.78**
Fee and Commission Income	43,128,565.03	133,693,850.72	30,954,586.32	103,083,694.31
Fee and Commission Expense	-	-	(877,673.80)	-
Net Fee and Commission Income	**43,128,565.03**	**133,693,850.72**	**31,832,260.12**	**103,083,694.31**
Net Interest, Fees and Commission Income	**318,534,505.51**	**980,792,333.66**	**163,902,337.01**	**718,488,610.09**
Net Trading Income	-	-	-	-
Other Operating Income	4,310,959.83	5,158,844.95	3,163,419.02	3,163,419.02
Total Operating Income	**322,845,465.34**	**985,951,178.61**	**167,065,756.03**	**721,652,029.11**
Impairment Charge/(reversal) for Loans and Other Losses	55,260,473.14	144,927,889.25	168,605,300.92	227,336,119.44
Net operating income	**267,584,992.21**	**841,023,289.36**	**(1,539,544.89)**	**494,315,909.67**
Operating Expense				
Personnel Expenses	106,595,370.60	376,110,325.49	83,858,631.54	318,592,315.12
Other Operating Expenses	33,212,082.63	106,775,431.19	20,436,749.16	119,931,083.17
Depreciation & Amortization	12,727,031.74	32,562,033.50	23,591,270.67	32,277,651.74
Operating Profit	115,050,507.24	325,575,499.18	(129,426,196.26)	23,514,859.64
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	-	-	-	-
Profit before Income Tax	**115,050,507.24**	**325,575,499.18**	**(129,426,196.26)**	**23,514,859.64**
Income Tax Expense				
Current Tax	34,515,152.17	97,672,649.76	(34,155,803.62)	11,726,513.15
Deferred Tax	-	-	(4,616,385.96)	(4,616,385.96)
Profit for the Period	**80,535,355.07**	**227,902,849.43**	**(90,654,006.67)**	**16,404,732.46**

Statement of Comprehesive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	**80,535,355.07**	**227,902,849.43**	**(90,654,006.67)**	**16,404,732.46**
Other Comprehensive Income	-	-	-	-
a) Items that will not be reclassified to profit or loss	-	-	-	-
Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-
-Gain/(loss) on revaluation	-	-	-	-
-Actuarial gain/loss on defined benefit plans	-	-	-	-
-Income tax relating to above items	-	-	-	-
Net other compressive income that will not be reclassified to profit or loss				
b) Items that are or may be reclassified to profit or loss	-	-	-	-
-Gains/(losses) on cash flow hedge	-	-	-	-
-Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)	-	-	-	-
-Income tax relating to above items	-	-	-	-
Net other compressive income that are or may be reclassified to profit or loss				
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	-
Other comprehensive income for the period, net of income tax	-	-	-	-
Total Comprehensive Income for the period	**80,535,355.07**	**227,902,849.43**	**(90,654,006.67)**	**16,404,732.46**
Earnings per share				
Basic earnings per share		32.52		2.34
Annualized Basic Earnings Per Share		32.52		2.34
Annualized Diluted earnings per share		32.52		2.34

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		10.86%		8.21%
Non-Performing Loan (NPL) To Total Loan		11.87%		17.60%
Total Loan Loss Provision to Total NPL		41.18%		20.98%
Cost of Funds		5.81%		8.44%
Credit to Deposit and Borrowing Ratio		116.91%		95.25%
Base Rate		11.24%		12.07%
Interest Rate Spread		8.07%		6.56%

Details about the Distributable Profit	Amount (NPR)
Net profit up to Fourth Quarter	**227,902,849.43**
1. Appropriation	
1.1 Profit required to be appropriated to:	**51,278,141.12**
a. General Reserve	45,580,569.89
b. Capital Redeemption Reserve	
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility Fund	2,279,028.49
e. Employee Training Fund	
f. Client Protection Fund	3,418,542.74
g. Other	
1.2 Profit required to be transferred to Regulatory Reserve	**36,407,591.37**
a. Transferred to Regulatory Reserve	-
b. Transferred from Regulatory Reserve	36,407,591.37
Net Profit For the Period end of 4th Quarter available to distribution	**140,217,116.94**

Note:
1. Figures presented above may vary with the audited figures if instructed by regulators/statutory auditor.
2. Loans and Advances are presented net of impairment charges
3. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.

Interest Rate	
1. Deposit 7.50%- 10.00 %	2. Loan and Advance 8.00 %- 15.00%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व. २०८२/८३ को चौंथो त्रैमासिक विवरण

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

चालु आ.व.२०८२/८३ को चौंथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards–NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board–ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal–ICAN) द्वारा अनुपालनाको लागि सूचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मुनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेवसाईट https://sampadalaghubitta.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (वार्षिक)	(मूल्य आम्दानी अनुपात) P/E ratio	प्रति सेयर नेटवर्थ	प्रति सेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
३२।५२	२३।०३	१७३.९२	१५४५.३१	५।०५

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

समिक्षा अवधिमा वित्तीय संस्थाको सदस्य संख्या, ऋणी संख्या, लगानीमा रहेको कर्जा रकम, बचत रकम, संस्थाको मौज्दात, तरलता र आम्दानीमा परिवर्तन भएको छ। बजारमा लगानी योग्य रकममा भएको सहजता तथा कर्जा साप्टीको ब्याजदरमा कमी आएको कारणले खुद ब्याज आम्दानीमा वृद्धि भएको कारणले गत आ.व.को सोही अवधिको तुलनामा समिक्षा अवधि सम्ममा खुद मुनाफा वृद्धि भएको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

यस वित्तीय संस्थाले देशका ४४ वटा जिल्लामा १५५ शाखा कार्यालयहरु मार्फत सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले नयाँ कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानिय तहलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त्यसम्ममा यस संस्थाले कुल १,८३,०८२ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरिएको छ। संस्थाले आफ्ना ग्राहक सदस्यहरुको उद्यमशीलता विकास गर्न, व्यवसाय विस्तार गर्न तथा क्षमता अभिवृद्धि गर्न विशेषज्ञहरुबाट व्यावसायिक साक्षरता तथा सिप विकास तालिम प्रदान गर्ने कार्य प्राथमिकतामा राखिएको छ। कर्मचारीको क्षमतामा अभिवृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्न, उत्पादकत्व वृद्धि गर्न तथा कार्यक्रमलाई थप प्रभावकारीरुपमा सञ्चालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कार्यक्रमलाई थप प्रभावकारी र गुणस्तरीय गराउन जोड दिईनेछ। कर्मचारीहरुको कार्यसम्पादन स्तर वृद्धि गर्नको लागि ट्याबलेट बैकिङ्ग, मोबाईल बैंकिङ साथै एस.एम.एस अलर्ट को प्रयोग गरिनेछ। वित्तीय संस्थाका सदस्यहरुलाई कर्जा-सापट तथा बचत सम्बन्धी सूचनाको पहुच वृद्धि गर्नको लागी सेवाहरुलाई प्रविधि मैत्री बनाउन जोड दिईने छ। वित्तीय संस्थालाई वित्तीय श्रोतमा आत्मनिर्भर बनाउन कर्जा बचत अनुपात वृद्धि गरिनेछ। सेवाग्राहीको चाहना र आवश्यकता अनुसार सेवालाई समय सापेक्ष परिष्कृत गरि थप ग्राहकमैत्री बनाउन व्यवस्थापन प्रतिवद्ध रहेकोछ।

(ग) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा र सदस्यहरुको दोहोरोपना आदि कारणबाट वित्तीय संस्थालाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले यस वित्तीय संस्थाले कर्जा सूचना केन्द्र संग समन्वय गरी कर्जा सुचना आदान प्रदान गरेको र संस्थाले आफ्ना कर्मचारीहरुको कार्यक्षमतामा अभिवृद्धि गरि ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरताको माध्यमबाट संस्था प्रति सकारात्मक बनाउने खालका कार्यक्रमहरु संचालन गरी गुणस्तरिय कर्जा लगानी मार्फत नाफा बढाउने रणनीति लिएको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ख) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारको लागि यस वित्तीय संस्थाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सुचिकृत गराई सन्तोषजनक रुपमा कारोबार भई रहेको छ।

ख त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या

नेपाल स्टक एक्स्चेन्ज लि.को वेबसाईट https://nepalstock.com.np का अनुसार चौंथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयर सम्बन्धी कारोबार निम्नाअनुसार रहेको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार कित्ता
९००	७३०	७४८।९०	६४	२,४९७	१,०८,८६२

५. समस्या तथा चुनौती :

क. संख्यात्मक रूपमा वृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा विस्तारसँगै बढ्ने सदस्यहरूको दोहोरोपना।
ख. विभिन्न संस्थाहरू बिच दक्ष जनशक्ति लिन प्रतिस्पर्धाको कारण कर्मचारीहरू पलायन हुने जोखिम।
ग. अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकूल अवस्था।
घ. बैंक तथा वित्तीय संस्था विरुद्ध भएको आन्दोलनको प्रभाव।
ङ. वित्तीय संस्थामा अधिक तरलता हुँदा हुँदै पनि कर्जाको मागमा वृद्धि नहुनु।
च. बैकिङ्ग क्षेत्रमा निष्क्रिय कर्जादरमा वृद्धि।

६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, शाखा सुपरिवेक्षण तथा अनुगमन निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन नीति, सूचना प्रविधि निर्देशिका बनाई लागू गरिएको छ। व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ती शुद्धिकरण अनुगमन समितिले सक्रिय रुपले कार्य भईरहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

साउदीका जेलमा ९११ नेपाली

९१.६ प्रतिशत लागुऔषध र मदिरासम्बन्धी मुद्दामा

अन्नपूर्ण | *साउदी अरब*

साउदी अरबमा रोजगारीका लागि पुगेका नेपालीमध्ये ९ सय ११ जना विभिन्न मुद्दामा जेलमा रहेका छन्। दूतावास रियादका अनुसार ११ अगस्ट २०२६ सम्मको विवरणअनुसार जेलमा रहेका नेपालीमध्ये ४ सय ९९ जनाको फैसला भइसकेको छ भने ४ सय १२ जनाको मुद्दा अझै विचाराधीन रहेको छ।

जेलमा रहेका नेपालीमध्ये सबैभन्दा धेरै पूर्वीक्षेत्रमा ३ सय ७७ जना, केन्द्रीय क्षेत्रमा ३ सय ३४ जना र अन्य क्षेत्रमा २ सय जना रहेका छन् भने जेलमा रहेका नेपालीको मुद्दाको प्रकृति हेर्दा सबैभन्दा गम्भीर अवस्था लागुऔषध र मदिरासम्बन्धी अपराधमा देखिएका छन्। तथ्यांकअनुसार कुल ९ सय ११ मध्ये ८ सय ३५ जना अर्थात् ९१.६ प्रतिशत लागुऔषध मुद्दामा जेल परेका छन्।

साउदी अरबमा लागुऔषधसम्बन्धी अपराधलाई अत्यन्त गम्भीर अपराधका रूपमा लिइन्छ। लागुऔषधको उत्पादन, ओसारपसार, बिक्री तथा तस्करीमा संलग्न भएको पुष्टि भएमा मुद्दाको प्रकृति र प्रमाणअनुसार कडा सजाय हुने गरेको पाइन्छ।

तथ्यांकअनुसार लागुऔषधसम्बन्धी मुद्दामा १८ वर्षसम्मको जेल सजाय र ४० लाख साउदी रियालसम्म जरिवाना भएको उल्लेख छ। गम्भीर प्रकृतिका लागुऔषध तस्करीका मुद्दामा मृत्युदण्डसमेत हुनसक्ने भएकाले नेपाली कामदारलाई विशेष सावधानी अपनाउन आग्रहसमेत गरिएको छ।

फैसला भएका ४ सय ९९, मध्ये ४ सय १२ अझै प्रक्रियामा छन् तथ्यांकअनुसार ९ सय ११ नेपालीमध्ये ४ सय ९९ जनाको फैसला भइसकेको छ। बाँकी ४ सय १२ जना अझै न्यायिक प्रक्रियामा छन्।

फैसला भएका मुद्दामा अपराधको प्रकृतिअनुसार सजाय फरक-फरक रहेको छ। केही मुद्दामा एक महिनाको जेल सजाय र १ हजार साउदी रियाल जरिवानादेखि गम्भीर मुद्दामा १८ वर्षसम्मको जेल सजाय र ४० लाख रियालसम्म जरिवाना भएको विवरणमा उल्लेख गरिएको छ।

नेपाली राजदूतावास रियादकी कार्यवाहक राजदूत सिर्जना अधिकारीले साउदीमा कार्यरत नेपाली कामदारलाई स्थानीय कानुनको पूर्ण पालना गर्दै सुरक्षित र मर्यादित रूपमा काम गर्न आग्रह गरेकी छिन भने विशेषगरी लागुऔषध, मदिरा तथा अन्य प्रतिबन्धित वस्तुसँग सम्बन्धित गतिविधिबाट पूर्णरूपमा टाढा रहन उनले नेपाली समुदायलाई सचेत रहन आग्रहसमेत गरेकी छन् साथै साउदीको कानुनबारे पर्याप्त जानकारी नहुँदा कतिपय नेपाली अनावश्यक कानुनी झमेलामा पर्ने गरेको भन्दै अधिकारीले अरूको सामान वा पार्सल बोक्नुअघि त्यसमा के छ भन्ने सुनिश्चित गर्न तथा अपरिचित व्यक्तिको सामान नबोक्न आग्रह गर्दै दूतावासले पनि साउदी आउनुअघि नै मदिरा, नसालु पदार्थलगायत प्रतिबन्धित वस्तु नल्याउन नेपाली कामदारलाई सचेत गराउँदै आएको बताइन्।

साउदीमा लागुऔषध तस्करीसम्बन्धी अपराधमा विदेशी नागरिकसमेत मृत्युदण्डमा परेको घटना सार्वजनिक हुँदै आएका छन्। त्यसैले साथी वा परिचितको आग्रहमा कुनै पनि अपरिचित सामान, पार्सल वा झोला बोक्नु नेपाली कामदारका लागि ठूलो जोखिम बन्न सक्छ भने मदिरासँग सम्बन्धित मुद्दा पनि ठूलो अपराधको रूपमा लिइन्छ। जेलमा रहेका नेपालीको ठूलो हिस्सा मदिरासम्बन्धी मुद्दामा रहेको तथ्यांकले देखाएको छ। मदिराको उत्पादन, सेवन, ओसारपसार, बिक्री तथा खरिद जस्ता गतिविधिले पनि कानुनी समस्या निम्त्याउन सक्ने भएकाले कामदारलाई यस विषयमा सचेत हुन आग्रह गरिएको छ।

हत्या मुद्दामा पनि कडा सजाय दिएको पाइएको छ, साउदी कानुनमा हत्या अत्यन्त गम्भीर अपराध मानिन्छ। हत्या प्रमाणित भएमा मुद्दाको प्रकृति र कानुनी प्रक्रियाअनुसार मृत्युदण्डसम्मको सजाय हुनसक्छ यद्यपि हाल उपलब्ध जेल विवरणमा हत्या मुद्दाको नयाँ केस रिपोर्ट हालसम्म नभएको जनाइएको छ। यसअघि हत्या मुद्दामा समेत मृत्युदण्डसम्मको सजाय हुने गरेको उल्लेख गरिएको छ।

साउदी अरब रियादमा कार्यरत श्रम काउन्सिलर कबिराज उप्रेतीका अनुसार लोभमा परेर कानुन नतोडन आग्रह गरेका छन् साथै नेपाली कामदारलाई साउदीको कानुनबारे जानकारी राखेर काम गर्न आग्रहसमेत गरेका छन्।

उनका अनुसार विशेषगरी अपरिचित व्यक्तिको सामान वा पार्सल नबोक्न, लागुऔषध तथा मदिरासँग सम्बन्धित कुनै पनि कारोबारमा संलग्न नहुन र केही रकमको लोभमा आफ्नो भविष्य जोखिममा नपार्न नेपाली कामदारलाई सचेत गर्दै विदेशमा रोजगारीका लागि आएका नेपालीले आफूले गर्ने प्रत्येक काम कानुनी छ कि छैन भन्ने विषयमा सचेत हुन आवश्यक रहेको र अरूको सामान बोकेर दिने, अपरिचित व्यक्तिको अनुरोधमा पार्सल लैजाने वा बढी कमाइको लोभमा गैरकानुनी काममा संलग्न हुने प्रवृत्तिले गम्भीर कानुनी परिणाम निम्त्याउन सक्ने उनको भनाइ छ।

साथै 'मलाई थाहा थिएन' भन्दै कानुनी जिम्मेवारीबाट उम्किन कठिन रहेकाले साउदीमा काम गर्ने नेपालीका लागि सबैभन्दा ठूलो चुनौती कानुनको पर्याप्त जानकारी नहुनु पनि रहेकोले 'सामान मात्रै पुऱ्याइदिने', 'साथीको सामान हो', 'भित्र के छ थाहा छैन' वा 'एकपटक मात्र हो' भन्ने सोचले गरेको कामले समेत ठूलो कानुनी समस्या निम्त्याउन सक्ने बताए।

साउदीमा करिब चार लाखको हाराहारीमा नेपाली कामदार रहेको अनुमान गरिँदै आएको अवस्थामा ९ सय ११ जना जेलमा रहेको तथ्यांक आफैंमा गम्भीर विषय हो। अझ जेलमा रहेका मध्ये ९१.६ प्रतिशत लागुऔषध तथा मदिरासम्बन्धी मुद्दामा जोडिनु नेपाली समुदायका लागि ठूलो चेतावनी बनेको छ।

वैदेशिक रोजगारीमा जाने नेपालीलाई प्रस्थानपूर्व नै सम्बन्धित देशको कानुन, निषेधित वस्तु, लागुऔषध, मदिरा, कागजात र आपराधिक गतिविधिसम्बन्धी स्पष्ट जानकारी दिनुपर्ने आवश्यकता यो तथ्यांकले देखाएको छ भने परिवारको भविष्य बनाउन साउदी आएका नेपालीले केही हजार रियालको लोभमा वर्षौं जेल बस्ने अवस्था सिर्जना गर्नु हुँदैन। अझ लागुऔषधसम्बन्धी गम्भीर अपराधमा मृत्युदण्डसम्म हुनसक्ने भएकाले 'सामान्य काम' सम्झेर अरूको सामान बोक्नु जीवनकै ठूलो जोखिम बन्न सक्ने अवस्था समेत रहेको छ।

कानुनी घेरामा कसिँदै नवलपरासीका जनप्रतिनिधि

हरि शर्मा | *परासी*

नवलपरासीका स्थानीय तहका केही जनप्रतिनिधि पछिल्लो समय विभिन्न कानुनी विवादमा तानिएका छन्। जनप्रतिनिधिहरूमध्ये कोही पदबाटै मुक्त भएका छन् भने कोही निलम्बनमा परेका छन्। केही थुनामा परेर छुटेका छन् त केही अदालतमा मुद्दा विचाराधीन रहेकाले तारिख धाउँदै छन्। विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू पदमुक्त हुनेदेखि निलम्बन, पक्राउ र अदालतको प्रक्रियामा पुग्ने क्रम बढ्नुले स्थानीय तहको नेतृत्व र उनीहरूमाथिको आचरणमा समेत प्रश्न उठ्न थालेको छ।

त्यसरी कानुनी विवादमा तानिएका जनप्रतिनिधिहरूमा पाल्हिनन्दन, प्रतापपुर र सुस्ता गाउँपालिकाका जनप्रतिनिधि छन्। पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको पद नै रिक्त भएको छ भने प्रतापपुर र सुस्ताका जनप्रतिनिधि विभिन्न मुद्दामा कानुनी प्रक्रियामा रहेका छन्।

पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ताविरुद्ध पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा विशेष अदालतमा मुद्दा दर्ता भएपछि असार २२ गतेदेखि निलम्बनमा छन्। त्यस्तै सोही गाउँपालिकाकी उपाध्यक्ष फातुमा खातुन अन्सारीको पद नै गुमेको छ। प्रतिनिधिसभा निर्वाचनमा अन्य दलका उम्मेदवारको पक्षमा मत मागेको आरोपमा नेपाली कांग्रेसको सिफारिसपछि निर्वाचन आयोगले उनको पदमुक्त गरेको थियो।

त्यसविरुद्ध सर्वोच्च अदालत पुगेपनि सर्वोच्चबाट पद कायम कोही पदमुक्त,
कोही निलम्बित त
कोही थुनासम्म

नहुने आदेश भएपछि अन्सारीको पद गुमेको हो। अध्यक्ष र उपाध्यक्ष दुवै पद रिक्त भएपछि पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष कृष्णचन्द्र यादवलाई कार्यवहाक अध्यक्ष र कार्यपालिका सदस्य अनामिकादेवी हरिजनलाई कार्यवाहक उपाध्यक्षको जिम्मेवारी दिइएको छ।

त्यसैगरी जग्गा किर्ते तथा ठगीसम्बन्धी मुद्दामा पक्राउ परेका प्रतापपुर गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष हरेन्द्र यादव सोमबार तारेखमा छुटेका छन्। यता सुस्ता गाउँपालिका-५ का वडाध्यक्ष प्रभुनाथ अहिर पनि कानुनी विवादमा परेका जनप्रतिनिधिमध्ये हुन्। जीवित व्यक्तिलाई झुटा विवरण बनाई मृत्यु दर्ता प्रमाणपत्रका लागि सिफारिस दिएको आरोपमा उनी गत बैशाखमा पक्राउ परेका थिए।

'झुटा विवरण पेस गरी व्यक्तिगत घटना दर्ता गरे/गराएको सम्बन्धी कसुर' मा मुद्दा दायर भएपछि केही समय थुनामा रहेका उनी पछि थुनामुक्त भएका हुन्। अहिले उनी उक्त मुद्दामा तारेख धाइरहेका छन्।

त्यस्तै, प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवविरुद्धको मुद्दा पनि विचाराधिन छ। सरकारी लेटरप्याड दुरुपयोग गरेर गण्डक क्षेत्रको सार्वजनिक क्षेत्रमा पोखरी निर्माण गरेको आरोपमा उनीविरुद्ध मुद्दा दायर भएको हो। मुद्दा अदालतमा विचाराधिन रहेकाले उनी पनि अदालतमा तारिख धाउँदै छन्।

विदेशमा रहेका नेपालीको मताधिकारबारे अध्ययन गर्न दुई समिति

सागर घले | *काठमाडौं*

विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न निर्वाचन आयोगले कानुनी र प्राविधिक पक्षबारे अध्ययन सुरु गरेको छ। बुधबार बसेको आयोगको बैठकले विदेशमा रहेका नेपालीलाई मताधिकार दिन कानुनी तथा प्रविधिका क्षेत्रमा गर्नुपर्ने सुधारबारे अध्ययन गरी ३० दिनभित्र प्रतिवेदन पेस गर्न दुई छुट्टाछुट्टै समिति गठन गर्ने निर्णय गरेको हो।

विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न आवश्यक पर्ने कानुनी सुधारबारे अध्ययन गर्न निर्वाचन आयुक्त गुरुप्रसाद वाग्लेको संयोजकत्वमा एक समिति गठन गरिएको छ। उक्त समितिमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र गृह मन्त्रालयका प्रतिनिधि सदस्य रहने व्यवस्था गरिएको छ।

निर्वाचन प्रक्रियालाई समयानुकूल, सुरक्षित, प्रभावकारी र समावेशी बनाउन सूचना प्रविधिको प्रयोगका विषयमा अध्ययन गर्न आयुक्त डा. राजीव सुब्बाको संयोजकत्वमा अर्को समिति गठन गरिएको छ। यस समितिमा परराष्ट्र मन्त्रालय, राष्ट्रिय एकीकृत डाटा व्यवस्थापन केन्द्र र नेपाल प्रहरीको साइबर ब्युरोलगायत निकायका प्रतिनिधि रहेका छन्।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार नयाँ प्रमुख आयुक्त र आयुक्तहरू आएपछि विगतका अध्ययन र वर्तमान वस्तुस्थितिलाई हेरेर फरक ढंगले अघि बढ्न खोजिएको हो। 'कानुनी तथा प्राविधिक सुधारका पक्षमा गहन अध्ययन गरी सरकारलाई सिफारिस गर्न र आवश्यक मार्गचित्र देखाउनका लागि यी समितिहरू गठन गरिएका हुन्,' प्रवक्ता भट्टराईले भने।

NADEP Laghubitta Bittiya Sanstha Limited
नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)

Head Office: Dhunibesi-06, Dhading
Phone: 010-402111, 010-402124
Email : nadeplaghubitta@gmail.com
Website: www.nadeplaghubitta.com

Unaudited Interim Financial Statement

Condensed Statement of Financial Position
As on 32nd Ashadh, 2083

Assets	This Quarter Ending	Immediate Previous Year Ending
	Figures in NPR	
ASSETS		
Cash and Cash Equivalents	268,576,890	213,646,957
Statutory Balances and Due from Nepal Rastra Bank	29,929,030	35,930,530
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advance to MFIs and Cooperatives	-	-
Loans and Advances to Customers	6,026,915,332	5,830,978,058
Investment Securities	1,156,638	1,156,638
Current Tax Assets	87,342,363	76,294,665
Investment Properties	-	-
Property and Equipments	26,151,087	22,280,628
Goodwill and Intangible Assets	330,184	606,025
Deferred Tax Assets	103,819,086	88,374,201
Other Assets	787,585,310	199,005,749
Total Assets	**7,331,805,920**	**6,468,273,451**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits From Customers	2,427,734,292	1,918,686,763
Borrowings	3,007,674,713	3,035,284,704
Current Tax Liabilities	61,456,757	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	900,890,427	707,571,040
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**6,397,756,190**	**5,661,542,507**
Equity		
Share Capital	485,760,000	485,760,000
Share Premium	-	-
Retained Earnings	16,126,587	(38,094,173)
Reserves	432,163,143	359,065,118
Total equity	**934,049,730**	**806,730,945**
Total Liabilities and Equity	**7,331,805,920**	**6,468,273,451**

Condensed Statement of Profit or Loss
For the 4th Quarter ended 32nd Ashadh, 2083

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
	Figures in NPR			
Interest income	249,935,487	838,681,741	231,358,380	821,291,338
Interest expense	87,505,038	351,537,679	100,197,810	420,194,615
Net interest income	**162,430,449**	**487,144,062**	**131,160,570**	**401,096,723**
Fees and commission income	61,823,454	64,120,644	16,012,601	47,774,799
Fees and commission expense	-	-	-	-
Net fee and commission income	**61,823,454**	**64,120,644**	**16,012,601**	**47,774,799**
Net interest and commission income	**224,253,903**	**551,264,706**	**147,173,171**	**448,871,522**
Net trading income	-	-	-	-
Other operating income	-	-	-	-
Total operating income	**224,253,903**	**551,264,706**	**147,173,171**	**448,871,522**
Impairment charge/(reversal) for loans and other losses	(34,909,684)	(1,978,815)	(10,838,225)	22,192,453
Net operating income	**259,163,587**	**553,243,521**	**158,011,396**	**426,679,069**
Operating expense	**106,730,392**	**348,387,663**	**92,654,677**	**350,346,518**
Personnel expenses	79,820,135	262,138,876	62,695,191	261,845,007
Other Operating expenses	26,218,764	83,774,946	29,287,662	86,004,425
Depreciation and Amortisation	691,493	2,473,841	671,824	2,497,086
Operating Profit	**152,433,195**	**204,855,858**	**65,356,719**	**76,332,551**
Non operating Income	-	-	388,804	420,514
Non operating expense	-	-	-	-
Profit before income tax	152,433,195	204,855,858	65,745,523	76,753,065
Income tax expense	33,554,193	61,456,757	19,723,657	23,025,920
Current Tax	33,554,193	61,456,757	19,723,657	23,025,920
Deferred Tax expense/(income)	-	-	-	-
Profit for the period	**118,879,002**	**143,399,101**	**46,021,866**	**53,727,145**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
	Figures in NPR			
Profit for the Period		**143,399,101**		**53,727,145**
Other Comprehensive Income				
Total Comprehensive Income				
Basic Earning per share (Annualized)		29.52		11.06
Diluted Earning per share (Annualized)		29.52		11.06
Ratios as per NRB Directive				

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA		8.75%		8.14%
Non Performing Loan (NPL) to Total Loan		15.36%		14.14%
Total Loan Loss Provision to total NPL		49.15%		46.51%
Cost of Funds		5.46%		7.56%
CD Ratio (Calculated as per NRB Directives)		268.53%		325.29%
Base Rate		11.62%		14.44%
Interest Rate Spread		7.09%		7.44%

Interest Rate

Against Member Saving – 7% to 8%	Against Loan & Advance- 14% to 15%

Statement of Distributable Profit

	Figures in NPR
Net profit for the period ended 32nd Ashadh, 2083	**143,399,101**
1.1Profit required to be appropraited to:	**36,331,840**
a. General Reserve	28,679,820
b. Capital Redemption Reserve	-
c. Exchange Fluctuation Reserve	-
d. Corporate Social Responsibility fund	1,433,991
e. Employee Trainning fund	4,784,038
f. Client Protection Fund	1,433,991
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	-
a. Transferrred to Regulatory Reserve	-
b. Transferred from Regulatory Reserve	
Net profit for the period ended 32nd Ashadh, 2083 available for distribution	**107,067,260**
Opening Retained Earning as on 1st Shrawan 2082	(90,940,673)
Total Distributable profit or (loss) as on 32nd Ashadh, 2083	16,126,587
Total Distributable Profit/(Loss) per share	**3.32**

Notes:
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. These figures may vary at the instances of statutory auditors and regulators.
3. The detailed interim financial report has been published in the website.
4. Loans and Advances are presented net of impairment charges and includes staff loans.
5. Actuarial Valuation will be done for Employee Benefits.
6. Personnel Expenses also include employee's bonus provision.
7. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ नियम २६ उपनियम (१) सँग सम्बन्धित अनुसुची १४ बमोजिमको

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०८२/०८३ को चौथो त्रैमासिक विवरण

१. **प्रमुख वित्तीय विवरण :**

क. **त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान हिसाब सम्बन्धी विवरण :**
यस वित्तीय संस्थाको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यो विवरणलाई नाडेप लघुवित्तको आधिकारीक वेबसाईट www.nadeplaghubitta.com मा समेत राखिएको छ ।

ख. **न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E Ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :**
वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपातहरू निम्नानुसार रहेका छन् ।

प्रति शेयर आम्दानी (वार्षिकीकरण) रु.	प्रति शेयर बजार मूल्य रु.	मूल्य आम्दानी अनुपात रु.	प्रति शेयर खुद किताबी मूल्य रु.	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात
२९.५२	७३९.५०	२५.०५	१९२.२९	१,५०९.३५	३.१६

२. **व्यवस्थापकीय विश्लेषण :**

क. **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
आ.व. २०८२।०८३ को चौथो त्रैमासिक अवधिमा संस्थाको खुद नाफा अघिल्लो आ.व. को सोही अवधिको तुलनामा १६७ प्रतिशतले वृद्धि भई रू.१४.३४ करोड रहेको छ । यस अवधिमा संस्थाको खुद कर्जा लगानी अघिल्लो आ.व. को तुलनामा करिब ३.३६ प्रतिशतले वृद्धि भई रू. ६०२ करोड रहेको छ । सोको अलावा संस्थाको समष्टिगत वित्तीय स्थिति, मौज्दात तथा तरलताको अवस्था सन्तोषजनक रहेको व्यवस्थापनको धारणा रहेको छ ।
समग्र अर्थतन्त्रमा छाएको आर्थिक सुस्तताको परिणाम स्वरूप बैंकिङ्ग क्षेत्रमा पर्याप्त तरलता र कर्जाको मागमा आएको कमी तथा घट्दो ब्याजदरका बावजुद पनि व्यवसायीहरूको मनोबल बढ्न नसकेको र कर्जाको माग न्यून रहेको कारण संस्थाको कर्जा लगानीमा अपेक्षित वृद्धि हुन सकेको छैन । वित्तीय संस्थाको व्यावसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति तथा आगामी दिनमा अझै सुधार गर्दै जान प्रयत्नशिल छौं ।

ख. **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
चालु आ.व. को यस त्रयमासको अन्त्यसम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ ।

विवरण	चालु आ.व. २०८२/०८३ चैत्र मसान्त	चालु आ.व. २०८२/०८३ असाढ मसान्त
कुल सदस्य संख्या	७९,१६२	७६,६५७
बाँकी सावाँ (रु. हजारमा)	६,३६२,०४५.६१	६,५१९,१५९.७४
कुल बचत (रु. हजारमा)	२,३९५,०८४.२४	२,४२७,७३४.२९

लघुवित्त तथा सहकारीको क्षेत्रमा देखिएका विविध समस्याहरू हालसम्म पनि विद्यमान रहेकोले यस वित्तीय संस्थाले आगामी दिनमा कर्जा असुली कार्यलाई प्रभावकारी बनाई कर्जाको गुणस्तर कायम राख्ने तथा जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अन्तर्क्रिया लगायतका कार्यक्रमहरू सञ्चालन गरी लक्ष्य हासिल गर्ने नीति लिएको छ ।

ग. **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** सहकारी तथा लघुवित्तमा देखिएका विविध समस्याहरू हाल पनि विद्यमान रहेको परिप्रेक्ष्यमा व्यवसाय विस्तार भन्दा पनि व्यवसाय सुदृढिकरण गर्ने, वर्तमान वित्तीय बजार अनुसार प्रतिश्पर्धी दरमा गुणस्तरिय सेवा प्रवाह गर्ने, व्यावसायिक सम्बन्ध स्थापना गर्दा जोखिमको सावधानीपूर्वक विश्लेषण गर्ने र कर्जा असुली कार्यलाई प्रभावकारी बनाउने रणनीति लिईएको छ । संस्थाको पूँजी पर्याप्तता अनुपात बलियो बनाउन अर्थतन्त्रमा आउने सुधारसगै व्यवसाय विस्तारलाई गति दिने नीति लिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :** समीक्षा अवधिमा संस्थाले कसै विरूद्ध मुद्दा दायर गरेको छैन र संस्था विरूद्ध पनि कसैले मुद्दा दायर गरेको जानकारी प्राप्त गरेको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क. **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :** दोश्रो बजारमा हुने सेयर कारोवारको मुल्य खुल्ला बजारले निर्धारण भए अनुरूप हुने व्यवस्थापनको धारणा रहेकोछ ।

ख. **यस त्रैमासीक अवधिको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या:**

अधिकतम मुल्य	न्यूनतम मुल्य	अन्तिम मुल्य	कारोबार संख्या	कारोवार दिन
७८७.९०	७००.२०	७३९.५०	१४१६	६४

५. **समस्या तथा चुनौती :**
क. लघुवित्त क्षेत्रमा कर्जाको दोहोरोपना तथा कर्जाको दुरूपयोग गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
ख. लघुवित्त विरोधी समुहहरूबाट यस अवधिमा असुली कार्यमा बाधा विरोध विगतमा जस्तै रहेको,
ग. कर्जा लिएका ऋणीहरू सम्पर्कमा नआउने भाग्ने, लुक्ने र सम्पर्कमा आएकाहरूले धम्क्याउने प्रवृती रहेको
घ. कतिपय सदस्य अत्याधिक ऋण भएका कारण आर्थिक तनावमा रहेको,
ङ. अप्रत्यासित नीतिगत परिवर्तनले समेत समस्या तथा चुनौती थपिएको,
च. दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरू पलायन हुने समस्या देखिएको,
छ. सूचना तथा प्रविधिको पूर्वाधार समय सापेक्ष सुधार भएपनि परिवर्तनलाई आत्मसात गर्न नसकेको ।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व (व्यवस्थापन समिति) समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली विभाग, Recovery Task Force लगायत विभिन्न आन्तरिक समिति तथा उप-समितिहरू मार्फत व्यावसायिक योजना तथा कार्यक्रमको तर्जुमा गर्नुका साथै उत्कृष्ट ढंगले कार्यालय संचालन गर्ने शाखा कार्यालयहरूलाई पूरस्कृत गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने गरिएको छ । साथै, सम्पादन गरिएका कार्यहरूको मुल्याङ्कन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको पालना गरिएको र आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागु गरिएको छ ।

७. **सत्य तथ्यताको सम्बन्धमा का.मु. कार्यकारी प्रमुखको उद्घोषणा :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धताको सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित गराई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

गोसाइँकुण्ड क्षेत्र

तीर्थयात्री र पर्यटकका लागि बन्दै थर्पु

हेमनाथ खतिवडा | *रसुवा*

आगामी भदौ १२ गते जनैपूर्णिमाको अवसरमा तीर्थस्थल गोसाइँकुण्डमा लाग्ने विशेष मेलालाई लक्षित गरी तीर्थयात्रीका लागि आवश्यक बासका लागि बाटोमा अस्थायी छाप्रा (थर्पु) बनाउन सुरु भएको छ।

एकपटक पुग्नै पर्ने प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा परिचित रसुवा गोसाइँकुण्ड गाउँपालिका- ५ मा पर्ने गोसाइँकुण्डमा प्रत्येक वर्ष जनैपूर्णिमा र गंगादशहरा मेला लाग्छ।

कुण्डमा नुहाउने तथा पाठपूजा गर्नालेमनले चिताएको पुग्ने र पापबाट मुक्त हुने जनविश्वासका साथ धेरै भक्तजनहरू यहाँ आउने गर्छन्। पर्यटकीयस्थल गोसाइँकुण्ड रसुवामा रहेका धेरै कुण्डहरूमध्येको ठूलो कुण्ड हो। मेलाको समयमा हुने भिडभाडलाई समेत मध्यनजर गरेर पैदलमार्ग, आवास तथा खाद्यान्न व्यवस्थापनको काममा स्थानीय लागेका छन्।

गोसाइँकुण्ड मार्गमा सञ्चालित होटल व्यवसायीहरूले मेला भर्न आउने भक्तजनका लागि खाद्यसामग्री खच्चड र मान्छेलाई बोकाएर ढुवानी गरिरहेका छन्। गोसाइँकुण्ड मार्गको होटल व्यवसायीहरूको पर्यटन तथा होटल व्यवसायी संघका अध्यक्ष रेन्जननिमा तामाङका अनुसार खन्ती, देउराली, दिम्सा, चन्दनबारी, लौरीविनायकहुँदै गोसाइँकुण्डसम्मका झन्डै ३० वटा स्थायी होटलले खाद्यान्नको जोहो गरिसकेका छन्। ठूलोस्याफ्रुका होटल व्यवसायी पासाङ ग्याल्पो तामाङका अनुसार होटल व्यवसायीहरूले तीर्थयात्रीको आगमनलाई ध्यानमा राख्दै खाद्यान्नसहित होटल तथा लजको सुदृढीकरणको कामसमेत अगाडि बढाएका छन्। तीर्थयात्री तथा पर्यटकलाई गुणस्तरीय बास

उपलब्ध गराउन होटलका कोठाहरू सरसफाइ र आवश्यक मर्मतसम्भारका काम पूरा भइसकेको छ। होटल व्यवसायी संघका अध्यक्ष तामाङले गोसाइँकुण्डमा आउने भक्तजन तथा पर्यटकलाई खान र बस्न कुनै समस्या नहोस् भन्ने उद्देश्यले आवश्यक तयारी गरिएको बताए। तीर्थयात्रीको चापलाई मध्यनजर गर्दै स्थायी होटलले नधान्ने भएकाले अस्थायी बासस्थानका रूपमा प्रयोग हुने दुई सयभन्दा बढी थर्पु निर्माण गरिरहेका छन्।

थर्पु भुइँमा म्याट ओछ्याएर तीर्थयात्रीलाई रात बिताउने व्यवस्था मिलाइनेछ। होटल तथा लजको क्षमतालेनधान्ने भएकोले यात्रीलाई बास बस्न थर्पु (छाप्रा) निर्माण गरिएको छ। अस्थायी रूपमा निर्माण गरिने थर्पु अनिवार्य रूपमा अस्थायी शौचालयको व्यवस्था गर्नुपर्ने लाङटाङ राष्ट्रिय निकुञ्जले जनाएको छ। तीर्थयात्रीको ठूलो चाप हुने भएका कारण स्थायी होटल तथा लजले मात्र आवासको माग धान्न नसक्ने भएकाले गोसाइँकुण्ड क्षेत्रमा पुर्खौंदेखि नै मेला तथा पर्वका समयमा अस्थायी छाप्रा अर्थात् थर्पु निर्माण गर्ने परम्परा रहँदै आएको छ। जनैपूर्णिमा मेलामा देशका विभिन्न स्थानबाट ठूलो संख्यामा तीर्थयात्री गोसाइँकुण्ड पुग्ने भएकाले यस वर्ष पनि खाद्यान्न, आवास, सरसफाइ तथा अन्य आवश्यक सेवाको तयारीलाई प्राथमिकता दिइएको व्यवसायीहरूले बताएका छन्।

काठमाडौंबाट नुवाकोटको विदुरहुँदै रसुवा सदरमुकाम धुन्चे एक सय किमि यात्रा गरे पछि पुग्न सकिन्छ। धुन्चेबाट बिस्तारै पैदलयात्रा गर्दा डेढ दिनमा कुण्ड पुग्न सकिन्छ। काठमाडौंको सुन्दरीजलहुँदै गोसाइँकुण्डसम्म पुग्ने अर्को बाटा पनि छ। बाटोमा विभिन्न रमणीय दृश्यावलोकन गर्दै चन्दनबारी, चौलाङपाटी, लौरिविनायकजस्ता बस्ती पार गरेपछि गोसाइँकुण्ड पुगिन्छ। रसुवाको हिमाली क्षेत्रमा १ सय ८ कुण्ड रहेको जनविश्वास छ। समुद्री सतहदेखि ४ हजार ३ सय ८० मिटरको उचाइमा रहेको गोसाइँकुण्ड २०६३ सालमा विश्व सम्पदा सूची तथा सिमसार क्षेत्रमा सूचीकृत गोसाइँकुण्ड लाङटाङ राष्ट्रिय निकुञ्जभित्र संरक्षित क्षेत्र र अत्यन्त आकर्षक र मनमोहक स्थान मानिन्छ। एकादशीदेखि जनैपूर्णिमाका दिनसम्मसम्म यहाँ नुहाउनेहरूको भिड लाग्छ। जैविक विविधताको धनी यो क्षेत्रमा बर्सेनि हजारौं विदेशी तथा स्वदेशी पर्यटकहरू आउने गर्छन्।

गोसाइँकुण्डको लम्बाइ ६ सय मिटर छ भने चौडाइ ३ सय ७० मिटर छ र १८ दशमलव ३ मिटर गहिरो छ। जनै पूर्णिमा र दशहरामा मेला लाग्ने यहाँ सदाबहार स्वदेशी तथा विदेशी पर्यटक आउने गर्छन्। हाइकिङ गर्न, कोही तामाङ संस्कृति हेर्न, कोही धार्मिक हिसाबले पुण्य प्राप्त गर्न, केही युवायुवती जोडी र सन्तान प्राप्त होस् भन्ने कामना गर्न र कोही प्राकृतिक दृश्यावलोकन गर्दै सुख, शान्ति प्राप्तिका लागि आउने गर्छन्।

गोसाइँकुण्ड लाङटाङ राष्ट्रिय निकुञ्जभित्र रहेकाले यात्रामा भेटिने तामाङ संस्कृति र प्राकृतिक छटाले थकाइको महसुस नहुने गोसाइँकुण्ड पुगेर फर्केका ललितपुरको खोकनाका स्वयम्भू डंगोल बताउँछन्। कुण्डलाई २००७ सेप्टेम्बरमा रामसार सूचीमा सूचीकृत गोसाइँकुण्डमा भदौ पहिलो सातादेखि नै मेला भर्न देश-विदेशबाट मानिसको विशेष भिड लाग्ने गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डीएमले बताए।

यस क्षेत्रमा सो समुदायको भेषभूषा, रहनसहन र संस्कृतिले पर्यटकलाई थप आकर्षित गरेको छ।

प्रोटोन इ.मास फाइभ : नाइमा एक्स्पोको आकर्षणको हब

काठमाडौं (अन्नपूर्ण) : प्रोटोन गाडीको वितरक जगदम्बा मोटर्सले सार्वजनिक गरेको नयाँ कम्प्याक्ट इलेक्ट्रिक एसयूभी प्रोटोन इ.मास ५ नाइमा एक्स्पोमा विशेष आकर्षणको केन्द्र बनेको छ। साउन २६ चलेको एक्सपो साउन ३१ सम्म सञ्चालन हुने एक्स्पोमा हल 'बी' स्थित स्टल 'एल-६' मा नयाँ इ.मास ५ बुकिङ गर्न सकिनेछ। सार्वजनिक भएसँगै अत्यधिक मात्रामा बुकिङ भइरहेको कम्पनीले जनाएको छ। यस एक्स्पोमा पनि ग्राहकहरू तथा अटो पारखीहरूको व्यापक ध्यान खिचिरहेको छ।

सेग्मेन्टमै पहिलोपटक रियर-ह्विल-ड्राइभ प्लेटफर्ममा आधारित यस गाडीमा सन्तुलित तौल वितरण, उत्कृष्ट ड्राइभिङ क्षमता, उच्च स्थायित्व तथा सहज नियन्त्रणको सुविधा रहेको छ। यी विशेषताले व्यस्त सहरी सडकदेखि राजमार्ग र नेपालको पहाडीसडकमा पनि सुरक्षित र सहज यात्रा सुनिश्चित गर्न मद्दत गर्ने कम्पनीको विश्वास रहेको छ।

आधुनिक जीवनशैलीलाई ध्यानमा राखेर डिजाइन गरिएको इ.मास ५ मा सामान व्यवस्थापनका लागि तीनवटा स्मार्ट स्टोरेज सुविधा उपलब्ध छन्। यसमा ७० लिटर क्षमताको अगाडिको स्टोरेज, आफ्नो वर्गमै विशेष २८ लिटर क्षमताको सिटमुनिको स्टोरेज तथा २० लिटर क्षमताको सेन्टर कन्सोलमुनिको स्टोरेज समावेश गरिएको छ।

यी सुविधाले दैनिक प्रयोगका सामग्री व्यवस्थित रूपमा राख्न तथा गाडीभित्रको स्थानको प्रभावकारी उपयोग गर्न सकिने कम्पनीले जनाएको छ।

ह्युन्डाईको 'मेड-इन-नेपाल' भेन्यु र भेन्यु एन लाइन सार्वजनिक

काठमाडौं (अन्नपूर्ण) : नेपालका लागि ह्युन्डाई गाडीको वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले 'मेड-इन-नेपाल' ह्युन्डाई भेन्यु र भेन्यु एन लाइन सार्वजनिक गरेको छ। नेपालमै एसेम्बल गरिएका यी गाडीहरू नयाँ डिजाइन, उन्नत प्रविधि र उत्कृष्ट सुरक्षा सुविधाहरूका साथ बजारमा आएका हुन्। कम्पनीका अनुसार नयाँ भेन्युले नेपालको कम्प्याक्ट एसयूभी सेग्मेन्टमा ग्राहकलाई नयाँ र परिष्कृत अनुभव प्रदान गर्नेछ।

'मेड-इन-नेपाल' भेन्यु सशक्त र आकर्षक डिजाइनमा उपलब्ध छ। यसमा 'ट्विन हर्न' एलइडी डीआरएल, होराइजन एलइडी रियर ल्याम्प, र पावर टिल्ट-एन्ड-स्लाइड सनरुफजस्ता विशेषताहरू छन्। गाडीभित्र १०.२५-इन्चको विशाल इन्फोटेनमेन्ट डिस्प्ले र सुरक्षाका लागि ६ वटा एयरब्याग जडान गरिएका छन्। यो गाडी १.२-लिटर र १.०-लिटर टर्बो पेट्रोल इन्जिन विकल्पमा उपलब्ध छ, जसले इन्धन दक्षता र ड्राइभिङमा सहजता प्रदान गर्दछ। स्पोर्टी लुक्स मन पराउने ग्राहकका लागि कम्पनीले 'भेन्यु एन लाइन' सार्वजनिक गरेको छ। यसमा एन-ब्रान्डेड सिट, एन-ब्रान्डेड एलोय ह्विल, सिग्नेचर रेड हाइलाइट्ससहितको बडी-कलर क्ल्याडिङ र विशिष्ट एन लाइन स्टाइलिङ एलिमेन्ट्स रहेका छन्।

महिलाको सम्मानमा ईसेवाद्वारा 'श्रावण र शृंगार' सञ्चालन

काठमाडौं (अन्नपूर्ण) : ईसेवाले ललितपुरको पुल्चोकस्थित लबिम मलमा 'श्रावण र शृंगार' कार्यक्रम गरेको छ। उक्त कार्यक्रम नेपाली महिलाको निम्ति विशेष मानिने साउन महिनाको अवसरमा सञ्चालन गरिएको हो।

ईसेवा प्रयोगकर्ताहरू, सामाजिक सञ्जालमार्फत उपस्थित सहभागीहरूसहित विभिन्न क्षेत्र तथा पृष्ठभूमिका महिलाहरूलाई नजिक ल्यायो। यस कार्यक्रमले सहभागीहरूलाई श्रावण महिना र तीजको सांस्कृतिक उत्साह साथी-संगीसँग एकै ठाउँमा मनाउने र अनुभव गर्ने अवसर दिएको कम्पनीले उल्लेख गरेको छ।

साउन महिना र तीजको परम्पराबाट प्रेरित भई आयोजना गरिएको यस कार्यक्रममा सहभागीहरूका लागि ब्युटिसियनमार्फत मेहेन्दी लगाउने, पोलारोइड फोटो बुथमा स्मरणीय क्षणका फोटोहरू खिच्दै ठाउँको ठाउँ धुलाउने, र विभिन्न खेलहरू खेल्दै आकर्षक पुरस्कार जित्नेजस्ता उत्साहजनक क्रियाकलाप तथा अनुभवहरू उपलब्ध रहेको थियो। यसले सबै उमेरसमूहका सहभागीहरूका लागि एक जीवन्त र रमाइलो उत्सवको अनुभव प्रदान गरेको कम्पनीले जनाएको छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०४/२८ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय नेपालटारबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	ऋणीको नाम, ठेगाना	
१.	१. नाम : कबिता भुसाल ना.प्र.नं. ५४३७ जि.प्र.का. काठमाण्डौ जारी मिति : २०४६/१०/०४ पतिको नाम : दिपक कुमार परियार ससुराको नाम : हर्क बहादुर परियार ठेगाना : काठमाण्डौ जिल्ला, गोलदुङ्गा न.पा./गा.वि.स. वडा नं-९	२. नाम : शान्ता लामा जोशी ना.प्र.नं. ३३१८ जि.प्र.का. दोलखा जारी मिति : २०६०/०६/०८ पतिको नाम : प्रभुलाल जोशी ससुराको नाम : हिराकाजी जोशी ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं.-२
३.	३. नाम : शान्ति महर्जन ना.प्र.नं. ७२६७६ जि.प्र.का. ललितपुर जारी मिति : २०५२/०२/१८ पतिको नाम : कृष्ण मोहन महर्जन ससुराको नाम : कृष्ण बहादुर महर्जन ठेगाना : ललितपुर जिल्ला, ठेचो न.पा./गा.वि.स. वडा नं.-१	४. नाम : सरिता परियार ना.प्र.नं. ३०३०६५/१०१, जि.प्र.का. काभ्रेपलान्चोक जारी मिति : २०६३ /११/१५ पतिको नाम : निर बहादुर परियार ससुराको नाम : लाल बहादुर दमाई ठेगाना : काभ्रेपलान्चोक जिल्ला, महाकालचौर न.पा./गा.वि.स. वडा नं.-०२
५.	५. नाम : दिपना अदै ना.प्र.नं. ५०३०६०/२०१, जि.प्र.का. बागलुङ्ग जारी मिति : २०६३/११/१२ पतिको नाम नाम : बाखसिंह अदै ससुराको नाम : चन्द्रमणी अदै ठेगाना : बागलुङ्ग जिल्ला, बोवाङ न.पा./गा.वि.स. वडा नं.-०३	६. नाम : गिता थापा ना.प्र.नं. ०४००२९, जि.प्र.का. चितवन जारी मिति : २०६५/०३/३० पतिको नाम : अरुण बहादुर थापा ससुराको नाम : राम बहादुर थापा ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा./गा.वि.स. वडा नं.-०३

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: नेपालटार फोन नं. ०४९८२७५८
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

नेपाल नेत्रज्योति संघ
गेटा आँखा अस्पताल
गेटा. कैलाली

सिलबन्दी बोलपत्र आह्वान

प्रथम पटक सूचना प्रकासित मिति २०८३।०४।२८

गेटा आँखा अस्पताल तथा अन्तर्गत सञ्चालित आँखा अस्पताल र आँखा उपचार केन्द्रहरुको निमित्त आ.व. २०८३/८४ मा आवश्यक पर्ने देहाय वमोजिमका सामाग्रीहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त मूः अ. करमा दर्ता भएका संस्था फर्म वा कम्पनीहरुले पहिलो पटक सूचना प्रकाशित भएको २१ औं दिनको ४ वजे सम्म अस्पतालको सिद्धार्थ बैंक खाता नं. ०१११५०३५०३० मा जम्मा गरि बैंक भौचर (रु ३००० फिर्ता नहुने) बुझाइ बोलपत्र फाराम खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ। २२ औं दिनको १२ वजे सम्म आफुले आपूर्ति गर्ने सामग्रीहरुको निवेदनका साथ छुट्टा छुट्टै फाराम र प्रमाणपत्रहरुको नोटरी पब्लिकवाट प्रमाणित छाँयापत्रहरु सहित प्रशासन शाखामा दर्ता गर्न सकिने छ। सोही दिनको २ वजे बोलपत्रदाता वा प्रतिनिधिहरुको सामु प्राप्त भएका सिलवन्दी बोलपत्रहरु खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिहरु नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन।

१. औषधी, प्रयोगशाला र शल्यकृयामा प्रयोग हुने सामग्री।
२. चश्मा फ्रेम तथा शिशाहरु।

बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गेटा आँखा अस्पतालसंग सुरक्षित रहने छ। अन्य जानकारीको लागि अस्पताल प्रशासन वा टेलिफोन नं ०९१५७५२०५ मा सम्पर्क गर्न सकिने छ।

अस्पताल प्रशासन

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०५/०३ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (**सात**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणी: ए.वि.सी ईट्टा उद्योग दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी(ब.सु.प) सा.फ.दर्ता नं.: ७२/४२१४/०६७ दर्ता मितिः २०६७/०६/०५ पान नं. ६०६२४५०६७ ठेगाना : बर्दघाट-१२, बडकी भटौलिया, नवलपरासी **साझेदारका नाम : कृष्ण सुवेदी/शिवराज भर** **कर्जा लिएको शाखा : बुटवल शाखा** **जमानतकर्ताको विवरण** **क) नाम: कृष्ण सुवेदी (साझेदार)** बाबुको नाम : लेखनाथ सुवेदी बाजेको नाम : गोपाल सुवेदी ठेगाना : थुम्की-०६, कास्की, हालः भरतपुर -०७, चितवन ना.प्र.नं.: २४२८१, जारी मितिः २०५०/१२/११ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की **ख) नाम : शिवराज भर (साझेदार)** बाबुको नाम : छेदी भर बाजेको नामः घिसिया बन भर ठेगाना : सुनवल-०९, नवलपरासी ना.प्र.नं. : ७४२४२, जारी मिति : २०६१/०५/०२ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **ग) नाम : कोपिला सुवेदी** पतिको नाम : कृष्ण प्रसाद सुवेदी ससुराको नाम : लेखनाथ सुवेदी ठेगाना : जिता-०९, लमजुङ्ग, हालः भरतपुर -०७, चितवन ना.प्र.नं. : ३१५६, जारी मिति : २०४४/१२/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., लमजुङ्ग	**घ) नामः सौरभ सुवेदी** बाबुको नाम : कृष्ण सुवेदी बाजेको नाम : लेखनाथ सुवेदी ठेगाना : रुपा-०२, कास्की हालः भरतपुर -०७, चितवन ना.प्र.नं. : ४६-०२-७६-०१६३७ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०७६/०६/२८ **ङ) नाम : मिना राज भर** बाबुको नाम : राम लखन भर पतिको नामः शिवराज भर ससुराको नाम : छेदी भर ठेगाना : सुनवल-०९, नवलपरासी ना.प्र.नं. : ३६-०१-७१-०२९६० जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०७१/०५/२३ **च) नाम : कृष्ण प्रसाद पौडेल** बाबुको नाम : गिरीराज पौडेल बाजेको नाम : बिष्णु हरी पौडेल ठेगाना : मंगलपुर-०२, चितवन हालः सुनवल-०९, नवलपरासी ना.प्र.नं. : १४९२ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन जारी मिति : २०४६/०३/०५

सुरक्षणमा रहेको धितोको विवरणः

१. श्री मालपोत कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.)मा ए.वि.सी ईट्टा उद्योगको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दुम्किवास-०२ स्थित कि.नं. १५५३ को क्षेत्रफल ४२४८ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. श्री भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा ए.वि.सी ईट्टा उद्योगको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, मनरी-०८ स्थित कि.नं. ३१२ को क्षेत्रफल १८४५.५२ व.मी.र हेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. श्री भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा कृष्ण सुवेदीको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला सरावल-०५ स्थित कि.नं.४५० को क्षेत्रफलर ११०९.०४ व.मी.रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

अर्थतन्त्र

सुनचाँदीको भाउ

छापावाल सुन : ३,०६,७००
चाँदी : ४७४९

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.४०	१५३.००
युरो	१	१७५.७९	१७६.४८
पाउन्ड स्टर्लिङ	१	२०५.७६	२०६.५७
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

नाइमा एक्स्पोको दोस्रो दिन

बाइक र साना सवारीमा आकर्षण

तस्बिरहरू : अभिषेक महर्जन

दुई दिनमै ५५ हजारले गरे भ्रमण

भवनाथ प्याकुरेल | *काठमाडौं*

काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को दोस्रो दिन बाइक तथा गाडीमा आकर्षण देखिएको छ।

मंगलबारदेखि सुरु भएको एक्स्पोको पहिलो दिन २९ हजारभन्दा बढीले अवलोकन गरेका थिए भने दोस्रो दिन २६ हजारभन्दा बढीले मेला अवलोकन गरेको आयोजकले जनाएको छ। नयाँ प्रविधि, आकर्षक डिजाइन र विद्युतीय सवारीसाधनप्रति बढ्दो आकर्षणसँगै एक्स्पोमा राखिएका विभिन्न ब्रान्डका सवारीसाधनबारे अवलोकनकर्ताले चासो देखाएका छन्।

एक्सपोका निर्देशक राजकुमार दुलालले नयाँ ग्राहकको उत्साहजनक उपस्थिति रहेको बताए। सबैतिर दुईपाग्रे, साना सवारीलगायत सबै स्टलमा अवलोकनकर्ताको भिडभाड नै भिडभाड थियो। नाइमा मोबिलिटी एक्स्पोको पहिलो दिन विभिन्न ब्रान्डले ४८ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरिएको थियो। आयोजकले एक्स्पो अवधिभर करिब डेढ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरेको छ।

एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन प्रदर्शनीमा राखिएका छन्। विद्युतीय तथा प्रविधिमैत्री सवारीसाधनलाई मुख्य आकर्षणका रूपमा प्रस्तुत गरिएको आयोजकले जनाएको छ।

मेलामा ठूलो संख्यामा अवलोकनकर्ताले फरकफरक ब्रान्डका गाडी चढेर सुविधाका बारेमा बुझिरहेकाहरू थिए। अवलोकनकर्ताहरूले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिसलगायत विषयमा चासो राखेका छन्।

कम्पनीहरूले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन्। उनीहरूले मूल्यमा छुट, एक वर्षको बिमा, एक वर्षको सवारी कर, फ्रि सर्भिसिङ, न्यून ब्याजदरमा कर्जाजस्ता सुविधा दिएका छन्।

२० लाख सवारीको ट्राफिक व्यवस्थापन हातको इशारा र सिट्ठीका भरमा

काठमाडौं उपत्यकामा २० लाखभन्दा बढी सवारीसाधन सञ्चालनमा रहे पनि ट्राफिक व्यवस्थापन अझै हातको इशारा र सिट्ठीका भरमा भइरहेको ट्राफिक प्रहरी प्रमुख एसएसपी सुरेशप्रसाद काफ्लेले बताएका छन्।

नाइमा मोबिलिटी एक्स्पोअन्तर्गत बुधबार आयोजित 'मोबिलिटी : हिजो, आज र भोलि' संवादमा काफ्लेले बढ्दो सवारी चापअनुसार ट्राफिक प्रहरीसँग आवश्यक स्रोतसाधन र कानुनी अधिकार पर्याप्त नभएको बताए।

उनले सडक दुर्घटनामा दैनिक औसत ७ जनाको मृत्यु हुने र ५० जनाभन्दा बढी अंगभंग हुने गरेको उल्लेख गर्दै गति सीमा, लेन अनुशासन तथा मादक पदार्थ र लागुऔषध सेवनविरुद्ध कडाइ आवश्यक रहेको बताए। उनले ट्राफिक नियम पालना प्रहरीको उपस्थितिमा मात्र नभई नागरिकको संस्कार बन्नुपर्नेमा जोड दिए।

त्यसैगरी, प्रतिनिधिसभा सदस्य एवं पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले भने पाँच वर्षभित्र यातायात क्षेत्र पूर्ण प्रविधिमैत्री बनाउने सरकारको तयारी रहेको बताए। आगामी पाँच वर्षभित्रमा यातायात क्षेत्रलाई पूर्णरूपमा प्रविधिमैत्री बनाउने सरकारको तयारी रहेको बताए। नाइमा नेपाल मोबिलिटी एक्स्पोका अवसरमा आयोजित 'मोबिलिटी : हिजो, आज र भोलि' विषयक 'नाइमा मोबिलिटी संवाद' मा उनले सडकमा ट्राफिक प्रहरीको प्रत्यक्ष उपस्थितिमा निर्भर हुनुपर्ने अवस्थाको अन्त्य गर्दै प्रविधिमार्फत यातायात व्यवस्थापन गर्ने तयारी भइरहेको जानकारी दिए।

पूर्वाधार विकास मन्त्रालयका विज्ञ सल्लाहकार अनुकूल निधिले सार्वजनिक यातायात सुधार सरकारको प्राथमिकतामा रहेको बताएका छन्। नाइमा मोबिलिटी संवादमा उनले २५ वर्षपछि जारी राष्ट्रिय यातायात नीति २०८३ मा सार्वजनिक यातायात सुधारका विषय समेटिएको बताए।

प्रविधि, सडक सुरक्षा र व्यवस्थापनमा जोड दिँदै राइड सेयरिङलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड ल्याइने उनको भनाइ छ। संवादमा प्रतिनिधिसभा सदस्य एवं पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेल, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख एसएसपी सुरेशप्रसाद काफ्ले, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सरोज सिटौला, पूर्वाधार विकास मन्त्रालयका विज्ञ सल्लाहकार एवं ट्राफिक तथा यातायात इन्जिनियर अनुकूल निधि र नाडा अटोमोबाइल एसोसिएसनका पूर्वअध्यक्ष ध्रुवबहादुर थापा सहभागी थिए। संवादको सहजीकरण पत्रकार टीकाराम यात्रीले गरेका छन्। नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको एक्स्पोमा साउन ३१ सम्म हरेक दिन विभिन्न विषयमा संवाद हुनेछ।

एक्स्पोमा विद्युतीय कार, एसयूभी तथा अन्य सवारीसाधन प्रदर्शनमा राखिएका छन्। त्यसमध्ये एसपीजी अटोमोबाइल्सले ओमोडा र जेको ब्रान्डअन्तर्गतका विद्युतीय सवारीसाधन प्रदर्शनमा राखेको छ। सवारी खरिदलाई सहज बनाउन एक्स्पोमा सहभागी बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीहरूले विशेष अफर तथा सहुलियत कर्जाको व्यवस्था गरेका छन्।

आयोजकका अनुसार एक्स्पोले विद्युतीय तथा वातावरणमैत्री सवारीसाधनको प्रवर्धनसँगै यातायात क्षेत्रमा नयाँ प्रविधि, लगानी र नीतिगत बहसलाई समेत प्राथमिकता दिएको छ।

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको एक्स्पोको दोस्रो संस्करण साउन ३१ गतेसम्म सञ्चालन हुनेछ। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको छ।

नेप्से सामान्य बढ्यो, कारोबार रकम घट्यो

अन्नपूर्ण | *काठमाडौं*

सेयर कारोबार साताको तेस्रो दिन बुधबार नेप्से परिसूचक सामान्य बढेर बन्द भएको छ। नेप्से परिसूचक ०.५५ अंकले बढेर २६४२.४० विन्दुमा पुगेको हो। अघिल्लो दिन मंगलबार नेप्से परिसूचक ०.७९ अंकले वृद्धि भएको थियो। उक्त दिन ४ अर्ब ११ करोड ९ लाख रुपैयाँबराबरको सेयर कारोबार भएकोथियो।

बुधबार ३ सय ४८ वटा स्क्रिप्सको ८७ लाख १ हजार ९ सय ४४ कित्ता सेयर ३ अर्ब ५३ करोड २१ लाख ५ हजार रुपैयाँमा खरिदबिक्री भए। कारोबारमा आएका २ सय ७७ मध्ये १ सय २ स्टक्सको मूल्य बढ्यो भने १ सय ६५ वटाको घट्यो। हिमालयन हाइड्रोपावर, प्राइम कमर्सियल बैंक, पाल्पा सिमेन्ट इन्डस्ट्रिजलगायत ९ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो। यसदिन माउन्ट एभरेस्ट पावर डेभलपमेन्ट लिमिटेडको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। आईसीएफसी फाइनान्सको म्युचुअल फन्डको सेयर १५ प्रतिशतले घट्यो। त्यसैगरी, अपर लोहोरे खोला हाइड्रोपावरको १४.९८ प्रतिशतले घट्यो। कारोबार रकमका आधारमा एनआरएन शीर्ष स्थानमा रह्यो। उक्त कम्पनीले ३१ करोड ६० लाख १२ हजार रुपैयाँबराबरको सेयर कारोबार गऱ्यो। सेन्ट्रल फाइनान्सले २२ करोड ४८ लाख ४९ हजार, सोलु हाइड्रोपावरले २० करोड ६ लाख ५८ हजार, कालिञ्चोक हाइड्रोपावरको १० करोड ९९ लाख ९३ हजार र नगदी ग्रुप पावरले १० करोड ६९ लाख ६९ हजार रुपैयाँको कारोबार भयो। बुधबार पाँच वटा समूहको उपसूचक सकारात्मक देखिए भने आठ वटाको नकारात्मक देखिए। बैंकिङ, फाइनान्स, होटल्स एन्ड टुरिजम, इन्भेस्टमेन्ट र म्युचुअल फन्ड समूहको बढेकोथियो। बुधबार सेन्सेटिभ इन्डेक्स १.३९ अंक, फ्लोट इन्डेक्स ०.२० अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स ०.४८ अंकले बढेका थिए।

एक्स्पोमा टाटाको नयाँ पन्च र टियागो ईभी सार्वजनिक

काठमाडौं (अन्नपूर्ण) : टाटा मोटर्सको वितरक सिप्रदी ट्रेडिङले काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को अवसर नयाँ 'पन्च ईभी' र नयाँ 'टियागो ईभी' सार्वजनिक गरेको छ।

नयाँ पन्च ईभीको सुरुवाती मूल्य ३३ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ। तर, एक्स्पो अवधिभर बुकिङ गर्ने ग्राहकहरूले यसलाई विशेष अफरअन्तर्गत ३२ लाख ९९ हजार रुपैयाँमै खरिद गर्न सक्नेछन्।

त्यसैगरी, नयाँ टियागो ईभीको सुरुवाती मूल्य २८ लाख ९९ हजार रुपैयाँ रहेको छ। एक्स्पोमा यी दुवै गाडी बुकिङ गर्ने ग्राहकका लागि कम्पनीले ११ वर्ष वा २ लाख २० हजार किलोमिटरसम्मको विस्तारित वारेन्टी सुविधा उपलब्ध गराएको छ। गाडी सार्वजनिक कार्यक्रममा बोल्दै सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले भने, 'नेपालमा पछिल्लो प्रविधिसहितका विद्युतीय सवारीसाधन भित्र्याउन हामी प्रतिबद्ध छौं। नयाँ पन्च ईभी र टियागो ईभी नेपाली बजारमा सार्वजनिक गर्नुले हाम्रो प्रतिबद्धतालाई पुष्टि गरेको छ।'

जीडब्लूएमको नयाँ ईभी 'हाभल जोलियन म्याक्स' बजारमा

काठमाडौं (अन्नपूर्ण) : ग्रेटवाल मोटर्स (जीडब्लूएम)को नयाँ ईभी 'हाभल जोलियन म्याक्स' सार्वजनिक भएको छ। नेपालका लागि जीडब्लूएमको वितरक भीजी इम्पेक्सले नाइमा मोबिलिटी एक्स्पोमा बुधबार 'हाभल जोलियन म्याक्स' सार्वजनिक गरेको हो।

कम्पनीका अनुसार ओरा ५ को सफलतापछि नेपालप्रति जीडब्लूएमको रणनीतिक प्राथमिकता अझ बढेकको छ। यसअघि जीडब्लूएमले ओरा ५ ईभी एसयूभी चीन र थाइल्यान्डपछि तेस्रो बजारका रूपमा नेपालमा सार्वजनिक गरेको थियो। यो गाडीको ४५ सय ९० मिलिमिटर लम्बाइ, १८ सय ७७ मिलिमिटर चौडाइ र १६ सय ७५ मिलिमिटर उचाइ भएको यो एसयूभी आधुनिक प्रविधिले भरिपूर्ण छ।

प्राविधिक रूपमा अत्यन्तै सबल रहेको यस गाडीमा ५८.३ किलोवाट-घण्टा क्षमताको शक्तिशाली ब्याट्री जडान गरिएको छ। यसले डब्लूएलटीसी मापदण्डअनुसार एक पटकको फुल चार्जमा ४०० किलोमिटरभन्दा बढीको रेन्ज प्रदान गर्दछ। यसको मोटरले १५० किलोवाट पावर र २६० न्युटन मिटरको टर्क पैदा गर्ने हुनाले यसले सडकमा दमदार प्रदर्शन गर्ने क्षमता राख्छ। गाडीको भित्री बनावटमा प्रविधि र आरामलाई विशेष प्राथमिकता दिइएको छ। चालक र यात्रुको सहजताका लागि यसमा थ्रीडी एर्गोनोमिक सिटहरू राखिएका छन् भने मनोरञ्जन र जानकारीका लागि १०.२५ इन्च र १४.६ इन्चका दुईवटा ठूला डिस्प्लेहरू उपलब्ध छन्।

- चीन र थाइल्यान्डपछि तेस्रो बजारका रूपमा जीडब्लूएमको नेपालमा सार्वजनिक

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE
STARTING FROM
5.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

शिलबन्दी बोलपत्र आव्हानको सूचना

नेपाल नेत्र ज्योति संघ अन्तर्गत संचालित लहान आँखा तथा कान उपचार प्रणाली (Lahan Eye & Ear Care System) को सगरमाथा चौधरी आँखा अस्पताल, लहान र बिराटनगर आँखा अस्पताल, बिराटनगरलाई औषधि तथा सर्जिकल सामानहरु खरिद गर्नँ पर्ने भएकोले ईच्छुक रजिष्टर्ड औषधि तथा सर्जिकल आपूर्तिकर्ताहरुबाट मिति २०८३।०५।१८ गते दिउँसोको ४:०० बजे सम्म शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । विस्तृत विवरण सहितको बोलपत्र फारम रु. २,१०० (फिर्ता नहुने गरी) तिरि मिति २०८३।०५।१७ गते सम्म लहान आँखा तथा कान उपचार प्रणालीको केन्द्रिय कार्यालय (बिराटनगर आँखा अस्पताल भित्र) बिराटनगर र सगरमाथा चौधरी आँखा अस्पताल, लहान बाट बिहान १०:०० बजे देखि दिउँसो ४:३० बजे सम्म प्राप्त गर्न सकिने छ । विस्तृत जानकारीको लागी www.leecs.org हेर्नु होला वा ९८४४६५३४५० मा सम्पर्क गर्नु होला ।

लहान आँखा तथा कान उपचार प्रणाली
केन्द्रिय कार्यालय (बिराटनगर आँखा अस्पताल भित्र)
रानी, मिल्स एरिया, बिराटनगर– १३

अन्नपूर्ण विज्ञापन पाटी

Document हरायो
हराएको मिति : २०८३/०८/२७
हराएको स्थान : अनामनगरदेखि सिंह दरबारसम्म जाने क्रममा
तपसिल बमोजिम मेरो निम्न व्यहोरा भएका Trekking Guide License को Billbook हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकै को प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु।
Name: Raju Tuladhar
Citizenship No. : 7095
License No.: 12973
Add: Nardevi 19, Kathmandu
Mob. No.: 9841424325

बिमालेख हरायो
हराएको मिति : २०८३/०३/०७
हराएको स्थान : नयाँ बानेश्वर, काठमाडौं
तपसिल बमोजिम व्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको शाखा कार्यालय, प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु ।
नाम : अर्चना साह
बिमालेख नं. : 230006185
ठेगाना : धुमबाराही, काठमाडौं
सम्पर्क नं. : ९८५११५६४६६

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

DO ADVERTISEMENT PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801047935

म्यानचेस्टर सिटीमा अर्जेन्टिनाका गोलरक्षक

अर्जेन्टिनाका गोलरक्षक जेरोलिमो रुली इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीमा अनुबन्ध भएका छन्। ३४ वर्षीय रुली फ्रान्सको मार्सेलीबाट म्यानचेस्टर सिटीमा आवद्ध भएका हुन्।

रंगशाला
अन्नपूर्ण
annapurnapost.com
१०

इन्फान्टिनोलाई हटाउन खोज्नु ‘भयानक गल्ती’

एजेन्सी | *लन्डन*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व फुटबलको सर्वोच्च संस्था फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई पदबाट हटाउने प्रयास गरिए त्यो फिफाका लागि ‘भयानक गल्ती’ हुने बताएका छन्। इन्फान्टिनो नेतृत्वमाथि विश्व फुटबलका विभिन्न शक्तिशाली महासंघबाट प्रश्न उठिरहेका बेला ट्रम्पको यस्तो अभिव्यक्ति आएको हो। ‘जियानी इन्फान्टिनोलाई अध्यक्ष पदबाट हटाउनेबारे फिफाले कुनै पनि कारणले सोच्नु पनि भयानक गल्ती हुनेछ’, ट्रम्पले सामाजिक सञ्जाल ट्रयुथमा लेखेका छन्।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इन्फान्टिनोको खुलेर बचाउ गर्दै उनको नेतृत्वमा सन् २०२६ को विश्वकप अहिलेसम्मकै सबैभन्दा सफल विश्वकप बनेको दाबी गरेका छन्। इन्फान्टिनोलाई हटाए विश्वकप भविष्यमा त्यति सफल र नाफामूलक नहुने उनले दाबी गरेका छन्। तर, ट्रम्पको समर्थन पाएका इन्फान्टिनो यतिबेला फिफाभित्रै गम्भीर विवादमा फसेका छन्। विवादको मुख्य कारण फिफाको विश्वकपलगायत प्रतियोगितासँग सम्बन्धित व्यावसायिक कारोबारमा निजी लगानी भित्र्याउने उनको योजना हो।

इन्फान्टिनो नेतृत्वको फिफाले विश्वकप सञ्चालनसँग सम्बन्धित नयाँ व्यावसायिक इकाइमा बाह्य निजी लगानीकर्तालाई करिब २० प्रतिशत हिस्सा बिक्री गरेर ठूलो रकम उठाउने योजना अघि सारेको थियो। उक्त योजनाबाट करिब ४.२ अर्ब अमेरिकी डलर उठाउने लक्ष्य राखिएको थियो। तर, योजनाले सदस्य संघ तथा फुटबलका प्रमुख क्षेत्रीय महासंघबाट तीव्र विरोध पाएपछि फिफाले जुलाई अन्त्यतिरै त्यो योजना अघि नबढाउने निर्णय गरेको थियो। यही प्रकरणलाई लिएर इन्फान्टिनोमाथि पारदर्शिता र नेतृत्वमा विश्वासको प्रश्न उठेको छ। आलोचकहरूले फिफाको सबैभन्दा महत्वपूर्ण सम्पत्ति मानिने विश्वकपको व्यावसायिक अधिकार निजी लगानीकर्तासँग जोड्ने प्रक्रिया पर्याप्त पारदर्शी नभएको आरोप लगाएका छन्।

इन्फान्टिनोमाथि दबाब बढाउने क्रममा युरोपेली फुटबल महासंघ (यूईएफए), उत्तर तथा मध्य अमेरिकी फुटबल महासंघ (कनकाकाफ) र एसियाली फुटबल महासंघ (एएफसी) का नेतृत्वले संयुक्त रूपमा उनको कार्यशैलीको आलोचना गरेका थिए। ती महासंघहरूले इन्फान्टिनोले नेतृत्वप्रतिको विश्वासमा गम्भीर क्षति पुऱ्याएको आरोप लगाएका छन्। केही विरोधी शक्तिहरूले फिफाको वर्तमान शासन संरचनाको विकल्पबारे समेत छलफल अघि बढाएका छन्। इन्फान्टिनोले स्वतन्त्र समीक्षा गराउन अनिच्छा देखाएको आरोप पनि आलोचकहरूले लगाएका छन्।

यससँगै आगामी फिफा अध्यक्षीय निर्वाचनमा इन्फान्टिनोविरुद्ध चुनौती खडा हुन सक्ने चर्चा पनि तीव्र बनेको छ। इन्फान्टिनोमाथि उठेको अर्को विवाद उनको ट्रम्पसँगको बढ्दो राजनीतिक निकटता हो। पछिल्लो समय दुवैबीच सार्वजनिक कार्यक्रममा निकट सम्बन्ध देखिएको छ। इन्फान्टिनोले ट्रम्पप्रति सार्वजनिक रूपमा प्रशंसा व्यक्त गर्नुका साथै फिफाले स्थापना गरेको ‘फिफा पिस प्राइज’समेत अमेरिकी राष्ट्रपतिलाई प्रदान गरेको थियो। यसले फिफाको राजनीतिक तटस्थतामाथि प्रश्न उठाएको छ। आलोचकहरूले विश्व फुटबलको सर्वोच्च निकायका प्रमुखले कुनै राजनीतिक नेतासँग यसरी निकटता देखाउनु फिफाको तटस्थताको सिद्धान्तसँग मेल नखाने तर्क गर्दै आएका छन्।

ट्रम्प र इन्फान्टिनोबीच पछिल्ला वर्षहरूमा देखिएको निकट सम्बन्धले पनि आलोचकहरूको ध्यान तानेको छ। २०२५ मा फिफा कंग्रेसका क्रममा इन्फान्टिनो अमेरिकी राष्ट्रपतिसँगको भेटका कारण ढिलो पुगेपछि यूईएफएका नेताहरूले विरोधमा बैठकबाट बाहिरिएका थिए। इन्फान्टिनोले ट्रम्पसँग सार्वजनिक रूपमा नजिकको सम्बन्ध देखाउँदै आएका छन्। यही पृष्ठभूमिमा ट्रम्पको पछिल्लो बचाउलाई केवल व्यक्तिगत समर्थनभन्दा बाहिर, फिफाको नेतृत्व विवादमा आएको राजनीतिक हस्तक्षेपका रूपमा समेत हेरिएको छ।

इन्फान्टिनोको नेतृत्वमा २०२६ विश्वकपको टिकट मूल्य र फिफाको व्यावसायिक नीतिलाई लिएर पनि व्यापक आलोचना भएको छ। विशेषगरी अमेरिकी बजारमा टिकटको मूल्य अत्यधिक महँगो भएको भन्दै समर्थक तथा केही राजनीतिक व्यक्तित्वले आलोचना गरेका थिए। इन्फान्टिनोले भने बजारको मागअनुसार मूल्य निर्धारण गर्नुपरेको भन्दै फिफाको नीतिको बचाउ गरेका थिए।

यसरी हेर्दा इन्फान्टिनोमाथिको विवाद एउटा मात्रै निर्णयमा सीमित छैन। फिफाको व्यावसायीकरण, पारदर्शिता, राजनीतिक तटस्थता र नेतृत्व शैलीसँग जोडिएका प्रश्न एकैपटक सतहमा आएका छन्। इन्फान्टिनोले भने आफूविरुद्धका सबै आरोप अस्वीकार गर्दै आएका छन्। यस्तो अवस्थामा ट्रम्पले सार्वजनिक रूपमा उनको बचाउ गर्नु इन्फान्टिनोका लागि महत्वपूर्ण राजनीतिक समर्थनका रूपमा हेरिएको छ। तर, फिफाभित्रको असन्तुष्टि भने तत्काल समाधान हुने संकेत देखिएको छैन।

एसीसी प्रिमियर कप

नेपालको पहिलो खेल बहराइनसँग

अन्नपूर्ण | *काठमाडौं*

मलेसियामा आयोजना हुने एसियाली क्रिकेट काउन्सिल (एसीसी) पुरुष प्रिमियर कपमा नेपालले आफ्नो पहिलो खेल बहराइनसँग खेल्ने भएको छ। एसीसीले सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल र बहराइनबीचको खेल अगस्ट ३१ मा हुनेछ। नेपालले आफ्नो दोस्रो खेलमा सेप्टेम्बर ३ मा मलेसिया, सेप्टेम्बर ६ मा साउदी अरेबिया र सेप्टेम्बर ८ मा हङकङसँग खेल्नेछ।

१० टोली सहभागी हुने प्रतियोगिता अगस्ट ३० देखि सेप्टेम्बर १२ तारिखसम्म मलेसियामा सञ्चालन हुनेछ। नेपाल समूह ‘बी’ मा छ। यस समूहमा नेपाल र बहराइनसहित साउदी अरेबिया, मलेसिया र हङकङ परेको छ। यस्तै समूह ‘ए’मा कुवेत, ओमान, कतार, सिंगापुर र संयुक्त अरब इमिरेट्स (यूएई) छन्।

प्रतियोगितामा नेपाली टोलीको नेतृत्व सन्दीप लामिछानेले गर्नेछन्। नेपाल क्रिकेट संघ (क्यान) ले लामिछानेलाई एकदिवसीय टोलीको कप्तानको जिम्मेवारी दिएको हो। लामिछानेले यसअघि पनि नेपाली राष्ट्रिय टोलीको कप्तानी गरिसकेका छन्।

बहराइनसँगको खेलसँगै सन्दीपको नेतृत्वमा नेपालले एसीसी प्रिमियर कपमा आफ्नो अभियान सुरु गर्नेछ। नेपाली टोलीका लागि समूह चरणका खेलमा उत्कृष्ट प्रदर्शन गर्दै अर्को चरणमा स्थान बनाउनु मुख्य लक्ष्य रहेको छ। प्रिमियर कप एसियाली एसोसिएट टोलीका लागि महत्वपूर्ण प्रतियोगिता भएकाले नेपालले प्रतियोगितामा बलियो प्रदर्शन गर्ने अपेक्षा गरिएको छ। नयाँ कप्तानको नेतृत्वमा मैदान उत्रने नेपाली टोलीका लागि बहराइनविरुद्धको पहिलो खेल नै महत्त्वपूर्ण परीक्षा बन्नेछ।

नेपाली टोली

सन्दीप लामिछाने (कप्तान) आसिफ शेख, अर्जुन कुमाल, रोहित पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद, ईशान पाण्डे, गुलसन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी, हेमन्त धामी र सन्दीप जोरा।

ANNAPURNA MEDIA NETWORK
समस्यामा राहत
यहाँहरुको पारिवारिक तथा व्यक्तिगत जीवनमा आइपर्ने समस्या जसमा सूचना प्रकाशन/प्रसारण गर्नुपर्ने अवस्थामा अन्नपूर्ण मिडिया नेटवर्कको राहत सहित विशेष छुट योजना
राहत सहित विशेष छुट योजना
विशेष योजनाका सेवाहरू
मानिस हराएको
कागजात हराएको
सवारी साधन हराएको
समवेदना/श्रद्धाञ्जली
थप जानकारीका लागि : ९८०१११११२६६/९८५१०४१७३९/९८०१०४७९३५

क्षितिज र प्रफुल सेमिफाइनलमा

काठमाडौं (अन्नपूर्ण) : विभागीय टोली एपीएफका क्षितिज खनाल, पिस फिटनेस क्लबका विष्णु कटुवाल र त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जन १४औं पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

क्षितिजले समूह ‘ए’को लिग खेलमा दोस्रो जित हात पार्दै सेमिफाइनलमा स्थान पक्का गरेका हुन्। क्षितिजले नेपाल पुलिस क्लबका जीवन आचार्यलाई २१-१३, २३-२१ ले पराजित गरेका थिए। क्षितिजले पहिलो खेलमा प्रिन्स दाहाललाई पराजित गरेका थिए। यस्तै समूह ‘बी’को दोस्रो खेलमा विष्णुले पुलिसका दीपक बोहरालाई २१-१७, २१-१७ र प्रफुलले एपीएफका देवराज रानालाई २१-१९, ११-२१, २१-१९ पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेका थिए।

नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको महिला शीर्ष आठतर्फका लिगमा समूह ‘बी’बाट तीनमा दुई खेलमा जित हात पार्दै एपीएफकी रिहाना शेरचन र पुलिसकी निता लम्सालले सेमिफाइनलमा स्थान पक्का गरे।

‘बा : एक योद्धा’का दुई गीतलाई सकारात्मक प्रतिक्रिया

अन्नपूर्ण | *काठमाडौं*

‘धेरै राम्रो सन्देश बोकेको लोक संस्कारयुक्त गीत रहेछ। जसले १० मा ८ स्कोर पाउँछ मबाट। छुटाउँदा अन्याय भैजाने त ‘भुइँ नबिर्स’ नै हो, जसलाई १० मा ९.९९ घटाउँदैन’, यो प्रतिक्रिया चलचित्र ‘बा : एक योद्धा’का दुई गीत ‘नभन्नू कोही सित’ र ‘चढेको बुई नबिर्स, टेकेको भुइँ नबिर्स’लाई टेकेन कँडेलले युट्युबमा हेरेर दिएका हुन्।

सीबी राना मगरलाई पनि ‘नभन्नू कोइसित’ मन परेको छ। उनी लेख्छन्, ‘धेरै पछि पन्चैबाजाको नयाँ गीत आहा! सागर आले र समीक्षा अधिकरीको स्वरमा आहा!’

चलचित्र ‘बा : एक योद्धा’को गीत सुनेर र हेरेर आएका केही प्रतिक्रिया हुन् यी। यस्ता थुप्रै प्रतिक्रिया यो सिनेमाका गीतलाई प्राप्त भएको छ। यी प्रतिक्रियासँगै सिनेमाको निर्माण टिम निकै उत्साही बनेको छ। ‘बा : एक योद्धा’को टिमले प्रचार पनि सुरु गरिसकेको छ। चलचित्र ‘बा : एक योद्धा’ टिमले केही दिनअघि लोकलयको गीत ‘नभन्नू कोहीसित’ सार्वजनिक गरेको थियो। त्यसअघि सिनेमाको शीर्ष गीत ‘चढेको बुई नबिर्स, टेकेको भुइँ नबिर्स’ सार्वजनिक गरेको थियो। जसको धेरैले तारिफ गरिरहेका छन्।

चलचित्र ‘बा: एक योद्धा’ भदौ १९ गते रिलिज हुँदैछ। नेपाली समाजमा परिवारमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीहरू ‘बा : एक योद्धा’को मुख्य कथा रहेको बताइएको छ। यो चलचित्रमा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से

गुरुङ; अनिल बुढाथोकी, सागर खनाल, शिशिर शिवाकोटी, सुप्रज्ञा शर्मा र सवि थापा मुख्य भूमिकामा छन्।

हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्र ‘बा: एक योद्धा’ कुशेऔंसी अर्थात् बुवाको मुख हेर्ने दिनको पूर्वसन्ध्यामा प्रदर्शनमा आउन लागेको हो। नेपाली संगीत क्षेत्रमा दर्जनौं कालजयी गीत दिएका संगीतकार हरि लम्साल रचनाकार र गायक पनि हुन्। फिचर सिनेमामा भने ‘बा: एक योद्धा’ उनको पहिलो निर्देशन हो। आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रको कथासँगै पटकथा पनि लम्साल आफैंले लेखेका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैंकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ७ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ६९५ को क्षेत्रफल ०-०-१५-० (बिगाह) को जग्गा ।
२.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७९० को क्षेत्रफल ०-०-१०-० (बिगाह) को जग्गा ।
३.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ८७४ र ८७५ को क्षेत्रफल क्रमशः ०-०-७.५-० र ०-०-७.५-० (बिगाह) को घरजग्गा ।
४.	रुपन्देही जिल्ला, गजेडी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि) को घरजग्गा ।
५.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (बिगाह) को जग्गा ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रिय कार्यालय (केन्द्रिय असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको गोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको ९:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : बालकृष्ण बस्नेत